# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाली भाषाको पाठ्यक्रम (२०७१) नेपाली भाषाका चारओटा सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) को सक्षमतामा आधारित छ । पाठ्यक्रमले कथा, कविता, जीवनी, निबन्ध, रूपक, चिठी जस्ता विधाको माध्यमबाट भाषिक सीपहरूको शिक्षण गराउन निर्देशन गरेकोले यी विभिन्न विधाहरूमध्ये कथा विधालाई पनि पाठ्यक्रममा समावेश गरी शिक्षण गरिँदै आएको छ ।

कथा अति लोकप्रिय र प्रचलित विधा हो (पौडेल, २०७४, पृ. ६२) । यो जीवनका रोचक घटनासँग सम्बन्धित आफैँमा पूर्ण इतिवृत्ति हो । यसमा विभिन्न घटना तत्त्वले कथानकको काम गरेको हुन्छ । मानिस तथा समाजको समग्र पक्ष कथामा रोचक ढङ्गले प्रस्तुत गर्न सकिने भएकोले भाषा शिक्षणमा कथा शिक्षणको छुट्टै पहिचान रहेको छ । कथाको प्रारम्भ मानव विकासको सभ्यतासँगै भएको अनुमान गरिन्छ र त्यसै बेलादेखि कथा भन्ने र सुन्ने परम्परा शुरु गरिएकोले यसको इतिहास लामो भएको तथ्य स्वीकार गरिन्छ (अधिकारी, २०६७, पृ. १०७) । यसरी श्रुति परम्परामा बाँचेको दन्त्यकथा कथनमा स्वाद लिने कथा र ध्यानमग्न भई उसको कथा सुन्ने शिक्षित अशिक्षित श्रोताको बिचको तादात्म्यता नेपाली जीवनको विशिष्ट परम्परा हो (पौडेल, २०६८, पृ. १७) । यस बाहेक पञ्चतन्त्र र हितोपदेशको पठनपाठन, पौराणिक कथा, लोककथा जस्ता कथाहरूको उल्लेखनीय स्थान रहेको र वर्तमान समयमा आइपुग्दा कथा विधाले ज्यादै व्यापकता प्राप्त गरेको छ । वर्तमानमा यसको लोकप्रियतालाई हेर्दा साहित्यमा महत्त्ववूर्ण स्थान रहेको तथ्यलाई स्वीकार गर्न सकिन्छ । कथाको यही लोकप्रियताले गर्दा यसलाई विद्यालयदेखि विश्वविद्यालयका पाठ्यक्रममा स्थान दिएको हो । विद्यालय तहमा कथा विधाको माध्यमबाट भाषिक सीपहरू सिकाउनका साथै सिकाइलाई रुचिपूर्ण र सुगम बनाउन विद्यार्थीमा कल्पनाशक्तिको विकास गर्न र साहित्यप्रति रुचि जगाउन सहयोग पुग्दछ । त्यस्तै विद्यार्थीको मानसिक, सामाजिक र नैतिक विकासमा कथाले सकारात्मक प्रभाव पारेको हुन्छ । स्पष्ट एवम् क्रमिक रूपले घटनाक्रम मिलाउने र तिनको प्रयोग गर्ने सुझको विकास गर्न कथा

शिक्षणले सघाउँछ । कथाबोधबाट संवेगात्मक अनुभूति र कल्पना शक्तिको विकास गर्न सक्ने क्षमता अभिवृद्धि गर्ने महत्त्वपूर्ण रूपमा सहयोग गर्दछ ।

विद्यालय तहका पाठ्यपुस्तकमा राखिएका लोककथा, नीतिप्रधान, संस्कृतिप्रधान, ऐतिहासिक, बाल मनोवैज्ञनिक, सामाजिक, पौराणिक कथाहरूले विद्यार्थीहरूमा बोध क्षमता विकास हुने र भाषाका चारवरटै सीपको विकास गर्न, व्याकरण शिक्षण गर्नुका साथै शिक्षणका हरेक अभ्यासहरू गराउन सकिन्छ । कथा शिक्षणको मुख्य उद्देश्य कथाकथन अभिव्यक्ति सीपको विकास गर्नु भए तापनि तल्ला कक्षाहरूमा भाषिक सीपको विकास गर्नु, शब्दभण्डार क्षमताको विकास र कार्यमूलक व्याकरणको विकास गराउनु भएकोले शिक्षकले विभिन्न विधि तथा कार्यकलापको प्रयोग गर्नु आवश्यक छ । शैक्षिक सामग्रीको प्रयोग गरी विद्यार्थीहरूको पूर्वपृष्ठभूमि, रुचि, आवश्यकता, स्तर अनुसारको शिक्षण गर्नु आवश्यक हुन्छ ।

## १.२ समस्याकथन

अनुसन्धानको निम्ति छनोट गरिएको कुनै पनि अनुसन्धेय विषयवस्तु नै अनुसन्धानको समस्या हो । शिक्षण विधि भनेको पढाउने तरिका मात्र नभई विज्ञान र कला पनि हो । यसलाई नतिजाउन्मुख क्रियाकलापको शृङ्खला पनि मानिन्छ । यसमा शिक्षण विधिका विभिन्न किसिमका उपागमन, प्रक्रिया, तरिका र रणनीतिको संयोजन गर्नुपर्ने भएकोले शिक्षण कार्य आफैँमा चुनौतीपूर्ण हुन जान्छ । विद्यालयमा सिक्नका लागि विभिन्न क्षमता रुचि आवश्यकता र विविभन्न पृष्ठभूमिबाट आएका हुन्छन् । यी सबैलाइ सम्बोधन र सङ्गठित गर्दै शिक्षण गर्नु कठिन कार्य मानिन्छ । यसमा पनि समय र युग सुहाउँदो शैक्षिक प्रविधि, कार्यकलाप र साधन छनोट र प्रयोग गर्नुपर्ने हुन्छ । यही अनुसार प्रविधि, साधन छनोट र कार्यकलाप गराउन नसक्दा पाठ्यक्रमले राखेको उद्देश्यहरू अपूर्ण हुन जान्छ । यसै परिप्रेक्ष्यमा शिक्षण कार्यकलापसँग सम्बन्धित रपहेर अध्ययन गर्नु वाञ्छनीय हुन्छ । समय परिवर्तनसँगै शिक्षणका विभिन्न विधि तथा तरिका रणनीतिहरू विकास भए तापनि कार्यान्वयन पक्ष कमजोर देखिएको पाइन्छ । वर्तमान हाम्रो विद्यालयहरूमा नेपाली भाषा शिक्षकहरूले कथा शिक्षण गर्दा के-कस्ता शिक्षण कार्यकलापहरू प्रयोग गरेका छन् । आवश्यकताअनुसारका शिक्षण विधि र कार्यकलाप गरे नगरेको र यस्ता कार्यकलापहरू विद्यार्थीका लागि कति उपयुक्त र प्रभावकारी छन् साथै शिक्षणमा गरिएका कार्यकलापहरूमा

भएका कमीकमजोरी पहिचान गर्नु नै प्रस्तुत अध्ययनको समस्या रहेको छ । उक्त अध्ययन निम्न समस्यामा केन्द्रित रहेको छ ।

(क) कक्षा सातमा कथा शिक्षण गर्दा के-कस्ता कार्यकलापहरूको प्रयोग गरिएको छ ?

(ख) भाषा शिक्षकहरूको सैद्धान्तिक र व्यावहारिक पक्षमा कति फरक छ ?

(ग) कथा शिक्षण गर्दा शिक्षकले प्रयोग गरेको कार्यकलापहरूमा केकस्ता कमजोरीहरू पाइन्छ ?

(घ) कक्षा सातको भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथा विधाले भाषिक सीप आर्जनमा कति सहयोग गरेको छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) कक्षा सातमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन गर्नु,

(ख) भाषा शिक्षकहरूको सैद्धान्तिक र व्यावहारिक पक्षमा फरक पहिल्याउनु,

(ग) कथा शिक्षण गर्दा शिक्षकले प्रयोग गरेको कार्यकलाप सम्बन्धमा कमजोरी पक्ष पत्ता लगाउनु,

(घ) कक्षा सातको भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथा विधाले भाषिक सीप आर्जनमा गरेको सहयोगको अध्ययन गर्नु ।

## १.४ अध्ययनको औचित्य

शिक्षण र सिकाइ एकै सिक्काका दुई पाटा हुन् । जबसम्म विद्यार्थीले सिक्दैनन् तबसम्म शिक्षकले शिक्षण गरेको अर्थ रहँदैन । त्यसैले शिक्षकले शिक्षण गर्दा विद्यार्थीका विभिन्न क्षमता रुचि आवश्यकता जस्ता विविधतालाई सम्बोधन गर्दै शिक्षण गर्नु आवश्यक हुन्छ । भाषा शिक्षण विषयवस्तुको शिक्षण नभइ भाषिक सीपहरू सिकाउनु हो । यस्ता सीपहरू हाँसिल गराउनका लागि विभिन्न विधि तथा कार्यकलापहरू अपनाउनुपर्ने भएकोले यी विधि तथा कार्यकलापहरूको बारेमा अध्ययन गर्नु आवश्यक कुरा हो । विद्यार्थीमा यस्ता भाषिक सीपहरू हाँसिल गराउनका लागि पाठ्यपुस्तकमा विभिन्न विधाहरू राखिएको छ ।

जसको माध्यमबाट यस्ता भाषिक सीपहरूको शिक्षण गराइन्छ र यस्ता विभिन्न विधाहरूको शिक्षण गर्दा प्रयोग गरिने कार्यकलापको अध्ययन गर्नु औचित्यपूर्ण हुन जान्छ । शिक्षकले कथा शिक्षण गर्दा कक्षाको स्तर हेरी भाषाका चारओटै सीपहरू सिकाउनमा केन्द्रित भई शिक्षण कार्यकलापहरू अवलम्बन गर्नुपर्ने हुन्छ । भाषा शिक्षण गर्दा यस्ता कार्यकलापहरूमा विविधता भए नभएको र त्यसमा के कस्ता कमजोरीहरू रहेका छन् । ती कमजोरी सुधार गर्नका लागि के गर्न सकिन्छ । शिक्षकले गर्ने सैद्धान्तिक र व्यावहारिक पक्ष कस्तो रहेको छ भन्ने उद्देश्यमा यो अध्ययन केन्द्रित रहेको छ । साथै कक्षा सातको पाठ्यपुस्तकमा समावेश गरिएको कथा विधालाई कसरी प्रभावकारी ढङ्गले शिक्षण गर्न सकिन्छ, के-कस्ता कार्यकलापहरू उपयुक्त हुन्छन्, कथा शिक्षण सिकाइका लागि कति उपयोगी छ जस्ता विषयमा अध्ययन गरिने भएकोले उक्त अध्ययन सान्दर्भिक हुन जान्छ ।

प्रस्तुत अध्ययनबाट निकालिएको निष्कर्ष र सुझावले सम्बन्धित विषयको शिक्षक विद्यार्थी, पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक निर्माणकर्ता, सम्बन्धित विषयको विशेषज्ञ लगायत सम्पूर्ण व्यक्ति र संघसंस्थालाई सहयोग पुग्ने देखिन्छ । साथै सम्बन्धित विषयमा भावी अनुसन्धानकर्ताको लागि समेत महत्त्वपूर्ण हुनेछ ।

## १.५ अध्ययनको सीमा

अध्ययनलाई सही मार्गमा अगाडि बढाउन र निश्चित समयमा समस्या तथा उद्देश्य पूर्तिका लागि शोधकार्यको सीमाङ्कन निर्धारण गर्नुपर्दछ । यसबाट शोधार्थी विचलनतर्फ उन्मुख हुन पाउँदैन । अनुसन्धन गर्न खोजिएको सम्पूर्ण क्षेत्रलाई समेट्न कठिन हुने भएकोले अध्ययनको व्यापकता र गहिराइलाई सीमित गर्नुपर्ने हुन्छ । यसप्रकार प्रस्तुत अध्ययनको सीमा निम्नानुसार रहेको छ ।

(क) प्रस्तुत अध्ययन कक्षा सातमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूमा केन्द्रित रहेको छ ।

(ख) यो अध्ययन पाँचथर जिल्लाको १० ओटा सामुदायिक विद्यालयमा मात्र केन्द्रित रहेको छ ।

(ग) नेपाली भाषा शिक्षण गर्ने सामुदायिक विद्यालयका शिक्षकहरूले कथा शिक्षण गर्दा अपनाइने कार्यकलापमा केन्द्रित रहेको छ ।

(घ) यस अध्ययनको निष्कर्ष शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कको विश्लेषणमा आधारित रहेको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत अध्ययनको रूपरेखा यस प्रकारको रहेको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि प्रक्रिया

अध्याय चार : कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन

अध्याय पाँच : कथा शिक्षण गर्दा प्रयोग गरिएका कार्यकलाप सम्बन्धमा सैद्धान्तिक र व्यावहारिक पक्षको अध्ययन

अध्याय छ : कथा शिक्षण गर्दा प्रयोग गरिएको कार्यकलाप सम्बन्धमा कमजोर पक्षको अध्ययन

अध्याय सात : कक्षा सातको भाषापाठ्यपुस्तकमा समावेश गरिएका कथा विधाले भाषिक सीप आर्जनको अध्ययन

अध्याय आठ : सारांश, निष्कर्ष, सुझाव र उपयोगिता

सन्दर्भ सामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

सम्बद्ध विषयमा पहिले भएका कार्यहरू जस्तै पुस्तक लेख, शोध, प्रतिवेदन पत्रपत्रिका आदिको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । प्रस्तुत अध्ययनमा के कस्ता र के कति अध्ययन भएका छन् भन्ने जानकारी पूर्वकार्यको अध्ययनबाट पाइने भएकोले यसको अध्ययन गर्नु आवश्यक हुन्छ । पूर्वकार्यबाट अनुसन्धेय विषय शीर्षकको नवीन पक्ष र अध्ययनको औचित्यको न्यायिक पुष्टि हुन्छ । यो शोध शीर्षक र शोध समस्यासँग सम्बद्ध भएर गरिने विषयको खोज भएकोले शोध समस्या स्पष्ट हुनका साथै उपयुक्त शोध विधिबारे जानकारी प्राप्त हुन्छ र शोधक्षेत्र निश्चित हुन्छ । यसका अतिरिक्त आफूले प्राप्त गरेको तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्न महत्त्वपूर्ण आधार प्राप्त हुन्छ ।

भाषा शिक्षण विषयवस्तुको शिक्षण नभएर भाषिक सीप सिकाउनु हो । ती सीपहरू सिकाउनका लागि विभिन्न विधाबाट विषयवस्तु प्राप्त गर्न सकिने भएकोले पाठ्यपुस्तकमा यस्ता विधाहरू समावेश गरिएको छ । यी विधाहरूको माध्यमबाट नै ती सीपहरूको शिक्षण गरिने भएकोले ती सीपहरू हाँसिल गराउनका लागि कार्यकलापमा विविधता ल्याउनु पर्ने हुन्छ । प्रस्तुत अध्ययन नेपाली भाषा शिक्षणसँग सम्बन्धित कथा शिक्षणका कार्यकलापमा केन्द्रित रहेकोले नेपाली भाषा शिक्षणसँग सम्बन्धित पाठ्यपुस्तक, शोधपत्र, पत्रपत्रिका र अध्ययनसँग सम्बन्धित सहयोगी पुस्तक आदिलाई पूर्वकार्यको रूपमा लिई प्रस्तुत अध्ययन तयार पारिएको छ ।

### २.१.१ पुस्तक समीक्षा

ढुङ्गेल र दाहाल (२०६३) द्वारा 'नेपाली भाषा शिक्षण' नामक पुस्तक तयार पारिएको छ । उक्त पुस्तकमा नेपाली भाषा शिक्षणको परिचय, प्रयोजन, आवश्यकता र पाठ्यक्रम निर्माणका सिद्धान्तहरूको चर्चा गर्दै भाषिक सीप विकासका बारेमा पनि अलग अलग शीर्षकमा प्रस्तुत गरिएको छ । यसप्रकार भाषा पाठ्यपुस्तकमा समावेश गरिएको कथा विधा शिक्षणको उद्देश्य पनि भाषिक सीप शिक्षण गराउने भएकोले अध्ययनसँग सम्बन्धित रहेको

छ । साथै उक्त पुस्तकमा भाषा पाठ्यपुस्तकमा समावेश गरिएका साहित्यको विभिन्न विधामध्ये कथा विधा शिक्षणको पनि चर्चा गरिएको छ । यसमा कथा शिक्षणका उद्देश्य, महत्त्व विधि र कथा शिक्षणको कार्यकलापको चर्चा गरिएकोले यसलाई पनि साहित्यको पुनरावलोकनमा राखिएको छ ।

अधिकारी र शर्मा (२०६६) द्वारा 'प्रारम्भिक नेपाली शिक्षण' नामक पाठ्यपुस्तकमा नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका विभिन्न विधाहरूको शिक्षणको प्रयोजन र कार्यकलापको विस्तृत रूपपमा चर्चा गरिएको छ । कथा शिक्षणको प्रयोजनअन्तर्गत विद्यार्थीमा शब्दभण्डार क्षमताको विकास गर्ने, भाषिक संरचना बुझ्ने, कल्पना शक्तिको विकास, साहित्यप्रति अभिरुचि बढाउन र भाषाका चारओटै सीप विकास गर्ने रहेको छ भने कथा शिक्षणका कार्यकलापअन्तर्गत सारांश भन्ने र लेख्ने बोध प्रश्नोत्तर गर्ने सस्वर र मौनपठन शब्द वा उखानटुक्काको प्रयोग, घटनाक्रम मिलाउने, लेखाइसम्बन्धी अभ्यास कथाकथन जस्ता कार्यकलाप गराउन सकिने कुरा प्रस्तुत गरिएको छ । यसप्रकार यस साहित्यको अध्ययनबाट कथा शिक्षणको महत्त्व, के कस्ता कार्यकलाप गराउँदा शिक्षण प्रभावकारी हुन सक्छ भन्ने कुराको ज्ञान प्राप्त हुनका साथै प्रस्तुत अध्ययनसँग सम्बन्धित रहेकोले उक्त पुस्तक उल्लेखनीय रहेको छ ।

ढकाल (२०६६) द्वारा 'नेपाली भाषा शिक्षण : परिचय र प्रयोग' नामक पाठ्यपुस्तक निर्माण गरिएको छ । उक्त पाठ्यपुस्तकमा विभिन्न विधाहरूको क्षेत्र निर्धारण गरी पाठ्यक्रमले स्पष्ट गरेको आधारमा भाषा पाठ्यपुस्तकमा विभिन्न विधाहरू (कथा, कविता, निबन्ध, नाटक, जीवनी, चिठी, रूपक, दैनिकी) समावेश गरिएको र ती विधाबाट हाँसिल गर्न सकिने सीपहरूको बारेमा चर्चा गरिएको छ । साथै यी विधाहरूको प्रयोजन र विधिहरू समेत प्रस्तुत गरिएको छ । कथा विधाको प्रयोजनअन्तर्गत घटनाक्रम मिलाउने कथाकथन गर्ने, कथा रचना गरी प्रस्तुत गर्ने, भाषातत्त्वको यथेष्ट अभ्यास गर्ने अवसर प्रदान गर्ने पठन क्षमताको विकास गर्न साथै भाषाका चारओटैसीप विकास गर्ने गरेको छ । त्यसैगरी कथा शिक्षणका प्रयोग विधिहरूको बारेमा पनि चर्चा गरिएकोले उक्त पुस्तकलाई पनि साहित्यको पुनरावलोकनमा राखिएको छ ।

अधिकारी (२०६७) द्वारा 'नेपाली भाषा शिक्षण' नामक पाठ्यपुस्तक तयार पारिएको छ । जसमा भाषाका चारैओटा सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) का महत्त्व

आवश्यकताको बारेमा चर्चा गरिएको छ । यी सीपहरू शिक्षणका विधि तथा कार्यकलापहरूको बारेमा पनि उल्लेख गरिएकोले यी सीपहरू शिक्षण गर्नका लागि के कस्ता शिक्षण विधि तथा कार्यकलाप गराउन सकिन्छ भन्ने ज्ञान प्राप्त हुन्छ । प्रस्तुत अध्ययन पनि कक्षा शिक्षणका कार्यकलापसँग सम्बन्धित रहेको र नेपाली पाठ्यपुस्तकमा प्रयुउक्त कथा विधाको उद्देश्य पनि भाषिक सीप शक्षण गर्नु रहेकोले अध्यनयलाई सहयोग पुग्ने भएकोले उक्त पुस्तकलाई अध्ययनको लागि आधार मानिएको छ ।

पौडेल (२०६८) द्वारा 'नेपाली भाषा शिक्षण' नामक पुस्तक तयार भएको छ । उक्त पुस्तकमा एकाइ सात अन्तर्गत माध्यमिक तहमा नेपाली भाषा पाठ्यपुस्तकको उपयोग शीर्षकमा भाषा पाठ्यपुस्तकमा राखिएका साहित्यिक विधा (कथा, कविता, निबन्ध, रूपक, जीवनी, चिठी, व्याकरण, दैनिकी) आदिको शैक्षणिक प्रयोजन र शिक्षण प्रक्रियाको बारेमा प्रस्तुत गरिएको छ । पाठ्यपुस्तकमा राखिएका यी विभिन्न विधाहरूको छुट्टाछुट्टै प्रयोजन र प्रक्रिया प्रस्तुत गर्ने क्रममा कथा शिक्षणको प्रयोजन र शिक्षण प्रक्रियाको उल्लेख गरिएको छ । कथा शिक्षण कार्यकलापअन्तर्गत निर्धारित कथाबाट कथाकथन गराउने, अपूर्ण कथा दिएर पूरा गर्न लगाउने, बुँदाको आधारमा कथा लेख्न लगाउने जस्ता कार्यकलाप गराउन सकिने उल्लेख गरिएको छ । त्यसैगरी भाषाका चारओटै सीप शिक्षणका प्रयोजन विधि र कार्यकलापको पनि चर्चा गरिएको छ । यसप्रकार उक्त साहित्यको अध्ययनबाट कथा शिक्षणका के कस्ता प्रयोजनहरू रहेका छन् र कथा शिक्षण गर्दा अपनाउन सकिने विधि तथा कार्यकलापहरूको बारेमा बुझ्न थप सहयोग पुग्ने भएकोले उक्त पुस्तकलाई पुनरावलोकनको रूपमा राखिएको छ ।

न्यौपाने, छायादत्त (२०७०) द्वारा 'भाषा सिकाइ, सीप र सिर्जना' नामक पुस्तक तयार पारिएको छ । उक्त पुस्तकमा अष्पष्ट भाषा प्रयोगको दुर्घटनाबाट बाच्न भाषिक सीप, सभ्य मानिस, सरल व्यवहार, शालिन र शिष्ट बनाउन भाषिक सीपहरूको शिक्षण अनिवार्य रहेको उल्लेख गरिएको छ । साथै नेपाली भाषा प्रेमीहरूलाई यसका शब्दसँग खेलेर व्यावहारिक ज्ञान बढाई भाषा सिकाइका सहज र नौलो उपायहरू यसमा प्रस्तुत गरिएको छ । यसमा क्रमश बालमैत्री शिक्षण, भाषा शिक्षणका सरल उपायहरू, उच्चारण हस्त लेखन, शब्द लेखन, हिज्जे लेखन, श्रुति लेखन, पर्यार्यवाची, श्रुति समभिनार्थक, विपरीतार्थी अनेकार्थी, समस्त शब्द जस्ता पक्षहरूको परिचय र भाषा शिक्षणमा यसको महत्त्वको बारेमा उल्लेख गरिएको छ । यसरी भाषिक सीपहरूसँग सम्बन्धित उच्चारण, लेखन शब्दभण्डार

व्याकरण, सिर्जनशीलता, जस्ता बोध अभिव्यक्तिको भाषामा के-कस्तो महत्त्व रहेको छ भन्ने कुरा यहाँ प्रस्तुत गरिएको छ । सिर्जनात्मक लेखन अन्तर्गत  विभिन्न विधा चिठ्ठी , दैनिकी, मनोवाद संवाद, वादविवाद निबन्ध, कथा कवितानाटक, जस्ता विधाहरूको परिचय र उदाहरण प्रस्तुत गरिएको छ । भाषिक सीप र भाषा शिक्षण सिकाइसँग सम्बन्धित रहेर उक्त पुस्तक तयार पारिएको छ । भाषा सिकाइका सरल उपायहरू अन्तर्गत विद्यार्थीहरूलाई कसरी शिक्षण गरे रोचक र प्रभावकारी हुन्छ भन्ने कुरा समेत प्रस्तुत गरिएको छ । भाषाका चारवटा (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) सीप विकासका लागि छुट्टा छुट्टै कार्यकलाप कसरी गर्ने भन्ने कुरा पनि यहाँ प्रस्तुत गरिएको छ । यसप्रकार कथा शिक्षण पनि यिनै भाषिक सीपहरू विकास गराउने उद्देश्यले गरिने भएकोले कसरी र कुन उपायबाट कथा शिक्षण गरे प्रभावकारी हुन्छ भन्ने कुरा उक्त पुस्तकबाट प्राप्त हुने देखिन्छ । त्यसैले उक्त पुस्तक अध्ययनको लागि उपयोगी छ ।

शर्मा र पौडेल (२०७३) द्वारा 'नेपाली भाषा र साहित्य शिक्षण' नामक पुस्तक तयार पारिएको छ । अध्याय बाह्रमा संरचित उक्त पुस्तकमा भाषा शिक्षण परम्परा र वर्तमान स्थिति, भाषा सिकाइका प्रभावक तत्त्वहरू, दोस्रो भाषा शिक्षणका प्रमुख पद्धति तथा विधिहरू, विविध भाषिक सीप शिक्षण, प्राविधि, शब्दार्थ, शब्दभण्डार तथा वाक्य रचना शिक्षण, व्याकरण शिक्षण, भाषा शिक्षण र साहित्य शिक्षण सामग्री र विविध प्रविधिहरू भाषा शिक्षण र अध्यापन योजना जस्ता भाषा शिक्षण सँग सम्बन्धित समग्र पक्ष समावेश गरिएकोछ  । कथा शिक्षणको खास प्रयोजन पनि विद्यार्थीहरूमा भाषिक सीपहरूको विकास गराइ शब्दहरूसँग खेलेर व्यावहारिक ज्ञान पढाइ भाषा साहित्यका गतिविधि तिर सक्रिय बनाउनु हो ।

विद्यार्थीहरूलाई यस्ता भाषिक सीपहरूमा दक्ष बनाउन के-कस्ता विधि तथा कार्यकलाप सञ्चालन गर्न सकिन्छ भन्ने कुरा यस पुस्तकमा उल्लेख गरिएको छ । पुस्तकमा प्रस्तुत गरिएको भाषा शिक्षणका सिद्धान्तहरूको आधारमा कथा शिक्षण गर्दा पनि आवश्यकताअनुसार ती सिद्धान्तहरूको प्रयोग गर्न सकिन्छ । विविध भाषिक सीप शिक्षण प्राविधि शीर्षक अन्तर्गत भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) का विधि तथा कार्यकलापहरको छुट्टाछुट्टै प्रस्तुत गरिएको छ । यसबाट कथा विधाको माध्यमबाट कुन सीप विकास गराउन कस्ता विधि तथा कार्यकलाप सञ्चालन गर्नु उपयुक्त हुन्छ भन्ने थाहा पाउन सकिन्छ । साथै भाषातत्त्व तथा व्याकरण, शब्दभण्डारका शिक्षण विधि तथा कार्यकलापहरू

पनि यहाँ प्रस्तुत गरिएको छ । यस आधारमा कथा शिक्षणको क्रममा पनि भाषातत्त्व तथा व्याकरण, शब्दभण्डारको शिक्षण गर्नुपर्ने भएकोले यिनीहरूको शिक्षण कसरी गर्ने भन्ने कुराको जानकारी प्राप्त हुन्छ । शिक्षण सामग्री र विविध प्राविधि अन्तर्गत भाषा शिक्षण गर्दा कस्ता सामग्री प्रयोग गर्नु उपयुक्त हुन्छ भन्ने कुराबाट कथा शिक्षण पनि भाषिक सीपहरूको शिक्षण भएकोले कथा शिक्षण गर्दा यस्ता सामग्री प्रयोग गर्न सकिन्छ । त्यसैगरी भाषा शिक्षण र साहित्य शिक्षण शीर्षक अन्तर्गत साहित्यका विभिन्न विधाहरूमध्ये कथा विधा शिक्षण, प्रयोजन, विधि र तरिकाले बारेमा प्रस्तुत गरिएको छ । यसरी उक्त पुस्तकमा भाषिक सीपहरूको शिक्षण, विधि तथा कार्यकलाप र यी सीपहरू शिक्षणका सिद्धान्तहरूको चर्चा गरिएको छ । साथै नेपाली भाषा शिक्षणमा साहित्यिक विधाहरूको शिक्षण, परिचय प्रयोजन, विधि तथा कार्यकलापहरूको पनि यहाँ चर्चा गरिएको छ । यस प्रकार कथा विधको शिक्षण पनि भाषिक सीपहरूको शिक्षण गर्नु भएकोले उक्त पुस्तक अध्ययनको लागि महत्त्वपूर्ण रहेको छ ।

पौडेल (२०७४) द्वारा 'भाषिक विधा शिक्षण' नामक पुस्तक तयार पारिएको छ । जसअन्तर्गत खण्ड (क) र (ख) मा विभाजन गरी खण्ड (क) अन्तर्गत भाषिक सीप विकासको दृष्टिले विधा शिक्षण र खण्ड (ख) अन्तर्गत साहित्यिक आस्वादनको रूपमा विधा शिक्षण भर्ना चर्चा गरिएको छ । भाषिक सीप विकासको दृष्टिले विधा शिक्षणअन्तर्गत साहित्यका विभिन्न विधा (कथा, कविता, निबन्ध, जीवनी, रूपक, चिठी, दैनिकी) आदिको प्रयोजन र प्रक्रियाको बारेमा उल्लेख गरिएको छ । साथै साहित्यिक आस्वादनको रूपमा विधा शिक्षण शीर्षकमा विभिन्न साहित्यिक विधाहरूको विधि र प्रक्रियाको बारेमा प्रस्तुत गर्ने क्रममा कथा शिक्षणको प्रयोजन, विधि र शिक्षण क्रमको बारेमा उल्लेख गरिएको छ । शिक्षण विधिहरू व्याख्यान, छलफल, तुलना, समीक्षा, परियोजना, पठनबोध र कक्षा प्रस्तुतीकरण विधि प्रयोग गर्न सकिने र शिक्षणक्रमहरू प्रस्ताविना, कथाकथन, कठिन शब्दको निराकरण, प्रश्नोत्तर व्याख्या तथा विश्लेषण र विशिष्ट पङ्क्तिहरूको व्याख्या रहेको र यही क्रममा शिक्षण गरे प्रभावकारी हुने उल्लेख गरिएको छ । यसबाट विद्यालय तहमा कथा शिक्षण गर्दा कुन कुन क्रममा गरे उपयुक्त हुन्छ भन्ने कुराको जानकारी प्राप्त गर्न सकिने भएकोले उक्त पुस्तकलाई पनि साहित्यको पुनरावलोकनमा राखिएको छ ।

### २.१.२ शोधपत्र समीक्षा

इटानी (२०६५) द्वारा 'कक्षा दशमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन' स्नातकोत्तर शोधपत्र तयार पारिएको छ । उक्त शोधकार्यमा कथा शिक्षणको परिचय, प्रयोजन र शिक्षणमा गरिने कार्यकलापको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका भाषा शिक्षकहरूले कथा शिक्षण गर्दा अपनाइएका कार्यकलापहरूको भिन्नता केलाउनु जस्ता उद्देश्यका साथ तयार पारेको पाइन्छ । क्षेत्रीय सामग्री सङ्कलन विधिमा आधारित गरिएको उक्त शोधकार्यमा जनसङ्ख्या नमुना छनोट गरी प्रश्नावली, कक्षा अवलोकन फारामको माध्यमबाट तथ्याङ्क सङ्कलन गरी व्याख्या विश्लेषणको आधारमा निष्कर्ष निकालिएको पाइन्छ । उक्त शोधपत्रको निष्कर्ष पनि पाठयोजना बनाउनु पर्छ भन्ने मान्यता रहे पनि व्यावहारिक रूपमा पाठयोजनाप्रति बेवास्ता गरेको प्रश्नावली, फाराम, अनुरूप कक्षा अवलोकन गर्दा सो अनुरूप नपाइएको सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका शिक्षक बढी सक्रिय रहेको कक्षा अवलोकन गर्दा बोलाइ र लेखाइ जस्ता भाषिक सीपप्रति बेवास्ता गरेको पाइएको साथै अध्ययन अनुसन्धानका क्रममा पाइएका कमीकमजोरीहरूलाई सम्बोधन गर्ने उद्देश्यले बुँदागत रूपमा बीसवटा सुझावहरू प्रस्तुत गरिएको पाइन्छ । यसप्रकार उक्त शोधपत्र कथा शिक्षणसँगै सम्बन्धित रहेकोले कथा शिक्षण र कार्यकलापको बारेमा सैद्धान्तिक आधार निर्माण गर्नका लागि सहयोग मिलेको छ ।

पौडेल (२०६७) द्वारा 'बाग्लुङ जिल्लाका कक्षा दशमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन' नामक स्नातकोत्तर शोधपत्र तयार पारिएको छ । पाँच अध्यायमा संरचित उक्त शोधपत्रको उद्देश्य कथा शिक्षणको परिचय र प्रयोजन दिनु, बाग्लुङ जिल्लाका सरकारी विद्यालयका भाषा शिक्षणहरूले कक्षा १० मा कथा शिक्षण गर्दा अपनाउने गरेका कार्यकलापहरूको अध्ययन गर्नु, शिक्षकहरूको सैद्धान्तिक र व्यावहारिक पक्षको तुलनात्मक अध्ययन गर्नु रहेको छ । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी कक्षा अवलोकन र शिक्षक प्रश्नावली फारमबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । यही तथ्याङ्कको आधारमा उद्देश्यका व्याख्या विश्लेषण गरिएको छ । विभिन्न अध्यायमा विभाजन गरी शोधको परिचय, कथा शिक्षणको सैद्धान्तिक परिचय, कथा शिक्षण गर्दा अपनाइने विधि तथा कार्यकलापको परिचय समेत प्रस्तुत गरिएकोले अध्ययन लागि र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्कबाट गरिएको व्याख्या विश्लेषणले अध्ययनको उद्देश्यलाई व्याख्या विश्लेषण गर्न थप सहयोग मिल्ने देखिन्छ । उक्त शोधपत्रको निष्कर्षको रूपमा बाग्लुङ जिल्लाका भाषा

शिक्षकहरूले कक्षा शिक्षण गर्दा सैद्धान्तिक रूपमा सबै कार्यकलाप प्रयोग गर्ने बताए पनि व्यावहारिक रूपमा कमजोर रहेको उल्लेख गरिएको छ ।

कथा शिक्षण गर्दा पाठको शुरुवात पूर्वपाठको स्मरण गराउँदै गर्नुपर्ने, पाठयोजना निर्माण गर्नुपर्ने, पाठ्यक्रमको गहन अध्ययन गर्नुपर्ने शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने आवश्यकताअनुसार कथा शिक्षण गर्नुपर्ने जस सुझावहरू प्रस्तुत गरिएको छ । शोधपत्रमा भएका यी समग्र पक्षहरू अध्ययनको उद्देश्यसँग सम्बन्धित भएकोले उक्त शोधपत्रलाई पुनरावलोकनमा राखिएको छ ।

अधिकारी (२०६८) द्वारा 'कक्षा १० मा कथा विधा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन' नामक स्नातकोत्तर शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य कथा शिक्षणको प्रयोजन तथा त्यस अनुसारको शिक्षण पत्ता लगाउनु, कथा शिक्षण गर्दा प्रयोग गर्न सकिने विधि कार्यकलापहरूको अध्ययन गर्नु, तालिम प्राप्त र अप्राप्त भाषा शिक्षकहरूले कथा शिक्षण गर्दा अपनाउने कार्यकलापहरूको फरक पहिचान गर्नु, सैद्धान्तिक शैक्षणिक धारणा र व्यावहारिक प्रयोगको अध्ययन गर्नु रहेका छ । विभिन्न अध्यायमा विभाजन गरी कथाको सैद्धान्तिक परिचय, कथा शिक्षणको परिचय, कथा शिक्षणको महत्त्व, कथा शिक्षणको विधि तथा कार्यकलापहरूको बारेमा विस्तृत व्याख्या गरिएकोले अध्ययन लाई सहयोग पुग्ने देखिन्छ । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्कको आधारमा उद्देश्यको व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ । निष्कर्षको रूपमा कथा शिक्षण गर्दा तालिम प्राप्त शिक्षकहरूले तालिम अप्राप्त शिक्षकको तुलनामा प्रभावकारी रूपमा शिक्षण गरेकोले कथा शिक्षण तालिम प्राप्त शिक्षकले मात्र गर्नु पर्ने र सबै शिक्षकहरूले आफूमा भएको सैद्धान्तिक ज्ञानलाई व्यवहारमा प्रयोग गर्नुपर्ने रहेको छ । पूर्वपाठको स्मरण गराउँदै कथा शिक्षणको शुरुवात गर्नुपर्ने, पूर्वतयारीका साथ कथा शिक्षण गर्नुपर्ने भाषिक सीप विकास गराउने खालका अभ्यास गराउनु पर्ने, शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने, विद्यार्थी पृष्ठपोषण र मूल्याङ्कनलाई प्रभावकारी बनाउनु पर्ने जस्ता सुझावहरू प्रस्तुत गरिएको छ । यसरी उक्त शोधपत्र पनि अध्ययन सँग सम्बन्धित रहेकोले अध्ययनको लागि उल्लेखनीय रहेको छ ।

गिरी (२०६८) द्वारा 'प्युठान जिल्लाको कक्षा नौमा कथा शिक्षण गर्दा प्रयोग गरिने कार्यकलापहरूको अध्ययन' नामक स्नातकोत्तर शोधपत्र तयार पारिएको छ । पाँच अध्यायमा

संरचित उक्त शोधपत्रको उद्देश्य कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन गर्नु, कथा शिक्षणको प्रयोजन प्रस्तुत गर्नु, सरकारी र निजी विद्यालयका शिक्षकहरूले प्रयोग गर्ने कार्यकलापहरूको अध्ययन गर्नु, कथा शिक्षणका कार्यकलापहरूको कमीकमजोरी पहिचान गर्ने रहेको छ । उक्त शोधपत्रमा कथा शिक्षणको परिचय, शिक्षण विधि, कथा शिक्षणको प्रयोजन र कथा शिक्षणका कार्यकलापहरू प्रस्तुत गरिएको छ । क्षेत्र अध्ययन विधिको प्रयोग गरी शिक्षक प्रश्नावली, कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको आधारमा निकालिएको निष्कर्ष र सुझाबहरूको अध्ययनबाट प्रस्तुत अध्ययनलाई सहयोग मिलेको छ ।

मुडभरी (२०६८) द्वारा 'कक्षा छमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन' नामक स्नातकोत्तर शोधपत्र तयार पारिएको छ । पाँच अध्यायमा संरचित उक्त शोधपत्रको उद्देश्य कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन गर्नु, तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको तुलना गर्नु, सामुदायिक र संस्थागत विद्यालयका शिक्षकले अपनाउने शिक्षण कार्यकलापहरूको समानता र भिन्नताको पहिचान गर्ने उद्देश्य रहेको छ । क्षेत्र अध्ययन विधि प्रयोग गरी प्रश्नावली, कक्षा अवलोकन फारामको प्रयोग गरी प्राप्त तथ्याङ्कको आधारमा उद्देश्यहरूको व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ । निष्कर्षको रूपमा सरकारी विद्यालयका शिक्षकले भन्दा सामुदायिक विद्यालयका शिक्षकहरूले पाठयोजना कम बनाउने, तालिम प्राप्त शिक्षकको तुलनामा अप्राप्त शिक्षक अलि कमजोर रहेको र शिक्षकहरूको सैद्धान्तिक र व्यावहारिक पक्ष फरक रहेको उल्लेख गरिएको छ । उक्त शोधपत्रमा कथा शिक्षणको परिचय, विधि र कार्यकलापको पनि परिचय प्रस्तुत गरिएको छ । सुझाबको रूपमा शिक्षकको व्यक्तित्वमा सुधार गर्नुपर्ने, पाठयोजना निर्माण गर्नुपर्ने, कथा शिक्षण गर्दा भाषिक सीप सिकाउनमा जोड दिनुपर्ने, शिक्षक निर्देशिकाको अध्ययन गर्नुपर्ने, शैक्षिक सामग्री प्रयोगमा जोड दिनुपर्ने, मूल्याङ्कन र पृष्ठपोषण मा ध्यान दिनुपर्ने जस्ता पक्षहरू प्रस्तुत गरिएको छ । यसबाट कथा शिक्षण गर्दा के कस्ता विधि तथा कार्यकलाप गराउँदा उपयुक्त हुन्छ भन्ने कुराको जानकारी प्राप्त भएको छ ।

पोखरेल (२०६९) द्वारा 'दोलखा जिल्लाको कक्षा नौमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन' शीर्षकमा स्नातकोत्तर शोधपत्र तयार भएको छ । उक्त शोधपत्रको उद्देश्य कथा शिक्षणको प्रयोजन बताउन, कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन गर्नु, कथा शिक्षण गर्दा प्रयोग गरिएका सैद्धान्तिक र व्यावहारिक

पक्षको तुलनात्मक अध्ययन गर्नु र कथा शिक्षण गर्दा के -कस्ता कमजोरी छन् पहिचान गर्नु रहेको छ । क्षेत्र अध्ययन विधिबाट शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फारामको माध्यमबाट सङ्कलन गरिएको तथ्याङ्कको आधारमा व्याख्या विश्लेषण गरी निष्कर्ष निकाली सुझाब समेत प्रस्तुत गरिएको छ । कथा शिक्षणबाट भाषाका चारओटै सीपको विकास गर्न सकिने भए तापनि केही शिक्षकहरूले रसास्वादन गराउने पनि बताएको र कथा शिक्षण कार्यकलापअन्तर्गत श्रुतिबोध, श्रुतिरचना, श्रुतिलेखन, कथाकथन, प्रश्नोत्तर, छलफल, घटना वर्णन, मौन पठन, भाव विस्तार, प्रश्नोत्तर जस्ता कार्यकलाप गराइएको उल्लेख गरिएको छ । कथा शिक्षण गर्दा तालिम प्राप्त भन्दा तालिम अप्राप्त शिक्षकहरूले प्रभावकारी रूपमा कथा शिक्षण गर्न नसकेको, शिक्षकले दिने सैद्धान्तिक उत्तर भन्दा व्यावहारिक पक्ष फरक रहेको निष्कर्ष निकालिएको छ । कथा शिक्षण गर्दा पाठ्यक्रमको गहन अध्ययन गर्नुपर्ने, पाठयोजना बनाएर शिक्षण गर्नुपर्ने कथा शिक्षणका समग्र कार्यकलाप गराउनुपर्ने, भाषिक सीप सिकाउनमा जोड दिनुपर्ने, विद्यार्थीकेन्द्रित शिक्षण कार्यकलाप गर्नुपर्ने, गृहकार्य दिइ अनिवार्य जाँच गर्नुपर्ने जस्ता सुझाबहरू प्रस्तुत गरिएको छ । यसप्रकार उक्त शोधपत्र कथा शिक्षणकै विधि तथा कार्यकलापसँग सम्बन्धित रहेकोले अध्ययनको लागि उल्लेखनीय रहेको छ ।

थापा (२०७४) द्वारा “माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको तुलनात्मक अध्ययन” नामक शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा माध्यमिक तहमा समावेश गरिएका कथा विधाहरू पाठ्यक्रम अनुरूप भए नभएको , पाठ्यपुस्तकमा समावेश गरिएको कथाहरू भाषिक सीप, व्याकरण तथा शब्दभण्डारका आधारमा विश्लेषण गर्नु, पाठ्यपुस्तकमा राखिएका कथाहरू पाठ्यक्रम अनुरूप भए नभएको ठहर गर्नु, पाठ्यपुस्तकमा रहेका कमी कमजोरीहरू पहिचान गरी सुधारका लागि सुझाव दिनु जस्ता उद्देश्य रहेका छन् । पुस्तकालय विधिको प्रयोग गरी द्वितीय स्रोतबाट तथ्याङ्क सङ्कलन गरी शोध पत्रमा राखिएका उद्देश्यहरूको व्याख्या विश्लेषण गरिएको छ । यसरी उद्देश्य अनुरूप गरिएको व्याख्या विश्लेषणबाट निकालिएको निष्कर्षले शोधपत्र तयार गर्न सहयोग पुग्ने देखिन्छ । पाठ्य पुस्तकमा समावेश गरिएका कथाको संरचना, भाषिक सीप, व्याकरण तथा शब्द भण्डारको समेत विभिन्न आधारमा विश्लेषण गरिएकोले कथा विधाले भाषिक सीप आर्जनमा कस्तो सहयोग गर्छ भन्ने कुराको समेत अध्ययन गर्ने सहयोग गर्दछ । साथै कथा विधाको बारेमा समेत विस्तृत चर्चा गरिएकोले कथाको सैद्धान्तिक धारणा बुझ्न थप सहयोग मिलेको छ ।

माथि प्रस्तुत गरिएका पुस्तक तथा शोधपत्र कथा र कथा शिक्षणसँग सम्बन्धित रहेकोले प्रस्तुत अध्ययनको सैद्धान्तिक आधार निर्माण गर्न सहयोग मिल्ने देखिन्छ । साथै कथा शिक्षण गर्दा अपनाउन सकिने विधि तथा कार्यकलापहरूको बारेमा उल्लेख गरिएकोले कथा शिक्षण गर्दा प्रयोग गर्न सकिने विधि तथा कार्यकलापहरू अध्ययन गर्न सहयोग मिल्ने देखिन्छ । अध्ययन गरिएको शोधपत्रमा प्रस्तुत निष्कर्ष र सुझावबाट कथा शिक्षण गर्दा के कस्ता विधि तथा कार्यकलाप कसरी गराउन उपयुक्त हुन्छ र विद्यार्थीहरूको भाषिक सीप आर्जनमा सहयोग पुऱ्याउँछ जस्ता कुराहरू थाहा पाउन सकिने भएकोले समग्र साहित्यको पुनरावलोकनलाई उपलब्धिपूर्ण मानिन्छ ।

## २.२ कथाको सैद्धान्तिक परिचय

कथा साहित्यको एउटा प्रमुख विधा हो । यस शब्दको व्युत्पत्ति कथ धातुमा अङ् + टाप (आ) प्रत्यय जोडेर बनेको छ । कथाको अर्थ केही कुरा भन्नु वा कहनु हो । यस आधारमा कथाको अर्थ भनिएको कहानी वा किस्सा हुन्छ । साहित्यमा यसलाई काल्पनिक वा यथार्थमा आधारित कलात्मक लघु रचना मानिन्छ (शर्मा र लुइटेल, २०६७, पृ.३) । कथाले मानव जीवनको सचित्र प्रस्तुत गर्ने भएकाले कथालाई मानव जीवनको प्रतिमिम्बको रूपमा लिन सकिन्छ । आजको साहित्य सन्दर्भमा प्रयोग गरिने कथा शब्दलाई जनाउने शब्दहरू विभिन्न भाषामा विभिन्न छन् । अङ्ग्रेजीमा स्टोरी, हिन्दीमा कहानी, फ्रान्सेलीमा बुबेल आदि रहेका छन् । नेपालीमा कथा शब्द प्रयोग गरिन्छ ।

कथा साहित्यको लोकप्रिय र अति प्रचलित विधा हो (पौडेल, २०७४, पृ ६१) । मानव सभ्यताको विकास सँगै कथाको उदय भएको मानिन्छ । सभ्यताको पहिलो विहानीमा विना बन्धन स्वच्छन्द पन्छी सरी उन्मुक्त रहेको अवस्थामा मानिसले एक आपसमा आफ्ना अनुभवहरू अभिव्यक्ति गर्ने क्रममा कथाको पार्दुभाव भएकाले यसको परम्परा प्राचिनतम रहेको पुष्टि हुन्छ । यसरी मानव इतिहासको लामो जीवन गाथा बोकेको कथाले भाषाको किवास सँगै विभिन्न लोककथा, दन्त्य कथाहरूको जन्म हुँदै गयो भने यी कथाहरू परिवर्तन हुँदै अघि बढे । गद्य भाषाको किस्सा तथा पात्रप्रधान कथात्मक निबन्धको सामाञ्जस्यताबाट आधुनिक कथा विधाको जन्म भई साहित्यको विभिन्न विधाबाट गुण र स्वभावलाई ग्रहण गर्दै एउटा छुट्टै विधाको रूपमा आफूलाई परिचित गर्न सफल कथा विधाले वर्तमान समयमा साहित्यका अन्य विधा भन्दा गरिमामय तथा लोकप्रिय विधाको रूपमा आफूलाई परिभाषित

गरेको छ । वर्तमान समयमा साहित्यको अन्य विधाभन्दा गरिमामय तथा लोक प्रिय विधाको रूपमा आफूलाई परिभाषित गरेको छ ।

साहित्यिक विधाको रूपमा मान्यता प्राप्त कथाको आफ्नै सैद्धान्तिक ढाँचा छ । पूर्वीय र पाश्चात्य दुवै तिरको विद्वानहरूले कथाको उद्‌भव र विकास एकै प्राकरले भएको बनाएका छन् । यी दुवै परम्परामा कथाको लामो परम्परा रहे पनि सैद्धान्तिक मान्यता भने १९ औं शताब्दिमा पाश्चात्य जगतमा प्राप्त गरेको हो भन्ने विद्वानहरूको अभिमत रहेको छ । कथा कुनै घटना विवरणलाई सुहाउँदो पात्राहरूको स्वभाविक क्रियाकलापको माध्यमले जनसमक्ष प्रस्तुत गरिने साहित्यको एउटा सानो तर पूर्ण रचना हो (न्यौपाने, २०७०, पृ. १५९) । कथा कल्पनाको सहयोगमा लेखिने भए तापनि यसले समाजमा भएका वा हुन सक्ने सम्भावित घटना क्रम सँग सम्बन्धित विषय वस्तुलाई छोएको हुन्छ । कथामा उत्सुकता मनोरञ्जन र प्रभावकारी सन्देश दिएर जनसाधारणलाई रमाइ दिन्छ । साथै सामाजिक परिवेश र संस्कृतिक झलक पनि कथामा पाइने भएकोले नेपाली भाषा पाठ्यपुस्तकमा कथा विधाको महत्त्वपूर्ण स्थान रहेको छ ।

पूर्वीय र पाश्चात्य विद्वानहरूले कथालाई आ-आफ्नो तरिकाले परिभाषित गरेका छन् ।

एच.जी बेल्स "बीस मिनेटमा पढिसकिने सानो काल्पनिक आख्यानको खण्ड विशेष नै कथा हो ।"

डेबिट. बी. गुरान्तिक "कथा वास्तविक वा काल्पनिक घटना सम्बद्ध शृङ्खलाको वर्णन हो ।"

एडगर एलेन पो " छोटो कथा एक बसाइमा पढिसकिने सानो तर स्वयममा पूर्ण गद्य इतिहास हो । यो पाठकको प्रभाव जमाउनको लागि लेखिन्छ तर अन्य उपकरणहरू यसैको विकासका लागि प्रयोग गरिएका हुन्छन् ।"

इन्द्र चन्द्र जोशी "कहानी सङ्कट वा अन्योलमा परेको पात्रहरूको कलात्मक वर्णन हो, जसको निश्चित परिणाम होस् ।"

लक्ष्मी प्रसाद देवकोटा "कथा एउटा सानो झ्याल हो, जहाँबाट एउटा सानो संसार चिहाइन्छ ।"

रूपनारायण सिंह "एउटा व्यक्तिको जीवनमा घटेका घटनाहरू र अनुभूतिहरूको चित्रण गरी यथार्थ रूपमा देखाउनु कथाको मुख्य उद्देश्य हो ।"

समग्रमा मानवीय मस्तिष्क र हृदयलाई आकर्षित गर्ने भाव वा विचारको सुन्दर समायोजनमा अनुबन्धित जीवन र जगत सम्बन्धि कुनै एक पक्षको सजिव चित्रलाई सानो आयतनमा समाहित गरिएको कलात्मक गद्यमय आख्यानात्मक अभिव्यक्तिलाई कथा भनिन्छ ।

## २.२.१ कथा शिक्षणको परिचय

नेपाली भाषा पाठ्यक्रम (२०७१) नेपाली भाषाका चारवटा सीप (सुनाइ, बोलाइ, पढाइ) को सक्षमतामा आधारित छ । पाठ्यक्रमले कथा कविता, निबन्ध, जीवनी, रूपक चिठी जस्ता विधाहरूको माध्यमबाट भाषिक सीपहरूको शिक्षण गराउने निर्दिशन गरेकोले यी विधाहरू पाठ्यक्रममा समावेश गरिएको छ । यी विभिन्न विधाहरू मध्ये कथा विधालाई भाषिक सीप विकास गराउने प्रमुख माध्यमको रूपमा लिएको छ ।

शिक्षण कार्य आफैमा कठिन हुन्छ । त्यसमाथि भाषा शिक्षण थप जटिल कार्य हो ( न्यौपाने २०७०, पृ. ३) । भाषा शिक्षण विषयवस्तुको शिक्षण नभई भाषिक सीपहरूको शिक्षण हो । नेपाली भाषा पाठ्यपुस्तकमा समावेश कथा विधाको मुख्य उद्देश्य पनि भाषा प्रयोगका सीपहरूको शिक्षण हो । भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता आधारभूत सीपहरूमा दक्षता प्राप्त गराइ भाषाको ग्रहण अभिव्यक्ति कलामा निपूर्णता हाँसिल गराउनु कथा शिक्षणको मुख्य उद्देश्य हो । यसका लागि शिक्षकले कथा शिक्षण गर्दा साहित्यिक र विषयगत ज्ञान नभई साहित्य वा विविध विषयको ज्ञान उत्पादन गर्ने आधारभूत सीपहरूको शिक्षण गर्नु पर्दछ । कसरी कथा शिक्षण गरेमा विद्यार्थीहरूमा अपेक्षित सीप र आदतहरूमा प्रभावकारीता ल्याउन सकिन्छ भन्ने बारे शिक्षक सचेत रहनु पर्दछ ।

कथा एउटा रोचक विधा हो (पौडेल २०७४) कथा विधाको माध्यमबाट विद्यार्थीहरूलाई मनोरञ्जन, कौतुहलता, उत्सुकता, जगाउँदै भाषिक सीपहरू सिकाउन सकिन्छ । यसरी शिक्षणलाई रोचक बनाउन सके सिकाइ प्रभावकारी र दिगो हुन्छ । त्यसै गरी साहित्यक आस्वादन र भाषा प्रयोगमा अभ्यस्त गराउन सीप शिक्षणमा कथा विधाको उपयोग गरिदै आएको छ ।, कथा विधालाई माध्यम बनाएर विभिन्न कार्यकलाप अपनाई भाषिक सीपहरूको शिक्षण गर्नु नै कथा शिक्षण हो । कथा अन्य विधा भन्दा छोटो र रोचक

प्रकृतिको हुने भएकोले विद्यार्थीहरूलाई कथा श्रवण गराउँदै शिक्षण गरेमा विद्यार्थीहरूमा पढाइ प्रति रुचि ल्याउने स्वतफर्त रूपमा कथा सुन्ने, पढ्ने, लेख्ने, वाचन गर्ने जस्ता सीपको विकास हुन्छ । जसले भाषिक सीप आर्जनमा प्रत्यक्ष सहयोग पुऱ्याउँछ । कथा शिक्षणबाट भाषा विकासका महत्त्वपूर्ण पक्षको विकास गराउनका साथै कथा बोधबाट संवेगात्मक अनुभूति र कल्पनाशीलताको विकास हुन्छ । कथाले विद्यार्थीहरूमा मानसिक, सामाजिक र नैतिक विकासमा सकारात्मक प्रभाव पारेको हुन्छ ।

कथा शिक्षणका विभिन्न कार्यकलापहरू रहेका छन् । ती कार्यकलापहरूको प्रयोग गरी कथा शिक्षण गरेमा विद्यार्थीहरूले भाषिक सीप आर्जन गरी कुशलतापूर्वक प्रयोग गर्न सक्छन् । पाठ्य पुस्तकमा प्रयुक्त कथा पढेर, सुनेर र त्यस्तै कथा मौखिक रूपमा प्रस्तुत गरेर लेखेर समेत भाषिक सीप वृद्धि गर्नु कथा शिक्षण हो । यसप्रकार कथा शिक्षण गर्दा आवश्यकताअनुसार विधि, कार्यकलाप, शिक्षण सामग्री तथा सन्दर्भ सामग्री उपयोग गरी शिक्षण गर्नुपर्दछ ।

### २.२.२ कथा शिक्षणको प्रयोजन

भाषिक सीप शिक्षणको दृष्टिले कथा एक महत्त्वपूर्ण र लोकप्रिय विधा मानिन्छ ( शर्मा) कथा सबै उमेरका श्रोता र पाठकका लागि रोचक विधा भएकोले भाषा पाठ्यपुस्तकमा कथा विधाले स्थान पाएको हो । रमाइलो वातावरणमा रोचक तरिकाले शिक्षण गरेमा विद्यार्थीहरू सिक्न उत्सुक र उत्साहित हुन्छन् । यसले सिकाइ दिगो र प्रभावकारी हुन्छ । भाषा पाठ्यपुस्तकमा समावेश कथा विधाको मूल प्रयोजन भाषिक सीप सिकाउनु र त्यसमा परिष्कृत ल्याउनु हो । त्यसै गरी साहित्यिक आस्वादन, कथा, बोध, मनोरञ्जन, विषय बोध अभिरुचि सम्बर्धन र विश्लेषणात्मक प्रतिभाको विकासका साथै अनुशासन नैतिक उपदेश, चरित्र निर्माण र सिर्जना शक्तिको विकास गर्न सहयोग मिल्दछ । अन्य विधाको तुलनामा कथा सबैले बुझ्न सकिने सरल, सहज भाषामा प्रयोग गरिने हुनाले भाषिक बोधगम्यता हुने र यसबाट भाषिक सीप विकासमा ठूलो सहयोग, मिल्छ । शैक्षणिक दृष्टिले प्रस्तुत कथाहरू जीवन्त रोचक घटनासँग सम्बन्धित हुने भएकोले विद्यार्थीहरूका लागि कथा उपयोगी विधा मानिन्छ । सहज प्रस्तुति, वर्णनात्मक शैली, भाषामा कथ्यको प्रभाव, उखान टुक्काको सान्दर्भिक प्रयोग, सरल  वाक्य गठन तथा शब्दप्रयोग हुनु आदि कुराले गर्दा अन्य गद्य विधाको अपेक्षा कथामा फेला पर्छ ।

कथा शिक्षणको प्रयोजनलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ

१. भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) चार वटै सीप विकास गर्न
२. विभिन्न विषय क्षेत्रको शब्द भण्डार क्षमता विकास गर्न,
३. बोध अभिव्यक्ति क्षमताको विकास गर्न
४. कार्यमूलक व्याकरण अभ्यास गराउन
५. विद्यार्थीहरूमा चरित्र निर्माण गर्नु नैतिक विकास गरी अनुशासन कायम गर्न
६. विद्यार्थीहरूमा विभिन्न शैलीको आत्मसात गर्न
७. तार्किक र कल्पना शक्तिको विकास गर्न
८. साहित्य प्रति रुचि जगाउन
९. लेख्य चिह्न अभ्यास गराउन
१०. भाषिक संरचनाको अनुभव क्षमता बढाउन
११. विविध विषयवस्तुको जानकारी हाँसिल गराउन
१२. जिज्ञासु स्वभाव र समालोचनात्मक तथा सिर्जनात्मक क्षमता विकास गराउन

विद्यालय तहको प्रारम्भिक कक्षा १ देखि अनिवार्य नेपाली पठनपाठन हुनुको मुख्य उद्देश्य नेपाली भाषामा भाषिक सीपको विकास गराउनु हो । यसका लागि भाषा पाठ्यपुस्तकमा विभिन्न विधाहरू समावेश गरिएको छ । कक्षा सातको नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएको कथा विधालाई पनि भाषिक विकासका लागि अभ्यास गराउने माध्यमको रूपमा लिएको छ । आधारभूत तह कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समावेश कथा विधा शिक्षणबाट सिकाइ उपलब्धि सम्बन्धी पाठ्यक्रमले राखेका उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

(क) **सुनाइ र बोलाइ**

- शब्दहरूमा प्रयुक्त उच्चारण वर्णहरूको भिन्नता पहिल्याइ शब्दोच्चरण गर्न
- सुनेका शब्दहरू शुद्ध र स्पष्ट उच्चारण गर्न

- अरूले वर्णन गरेका कुराहरू सुनी आफ्नो शब्दमा व्यक्त गर्न
- सामान्य मौखिक वर्णनहरू सुनी आफ्नो शब्दमा व्यक्त गर्न
- कथाहरू सुनेर प्रसिक्रिया जनाउन
- हाउभाउ मिलाइ उपयुक्त ढङ्गले बोल्न
- वक्ताको अभिव्यक्ति सुनी भाषिक मौलिकता पहिचान गर्न
- सुनेका कुराहरूको अर्थ नुझ्न
- आफूले जानेका कथाहरू भन्न
- कुराकानी, प्रश्नोत्तर, छलफल र घटनाको वर्णन गर्न

(ख) **पढाइ र लेखाइ**

- लिखित सामग्रीलई गति यति मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न
- कथा पढी तिनको मुख्य-मुख्य कुराहरू बनाउन,
- लिखित सामग्रीको वाचन गर्न
- विविध विधाका पाठहरू पढ्न
- पढेका पाठका शब्दहरूको उपयुक्त प्रयोग गर्न
- कथामा प्रयुक्त उखान टुक्काहरूको अर्थ बुझि वाक्यमा प्रयोग गर्न
- विभिन्न सामग्रीहरू रुचि पूर्वक पढ्न
- हिज्जेर वाक्य गठन मिलाई सफा र शुद्धसँग लेख्न
- लेख्य चिह्नको उपयुक्त प्रयोग गर्न
- शब्द वाक्य र कथाका अंशहरूसुनेर लेख्न
- आफूले सुनेका देखेका, अनुभव गरेका वस्तु घटना तथा वातावरणको विषयमा लिखित वर्णन गर्न
- रुचि अनुसारका विषयमा मौलिक रचना गर्न
- शब्दहरूलाई लिखित रूपमा उपयुक्त ढङ्गले प्रयोग गर्न

- विशिष्ट अंशहरूको भाव विस्तार/व्याख्या गर्न
- व्याकरणमा सम्मत वाक्य रचना गर्न
- पाठमा प्रयुक्त उखान टुक्काहरूको अर्थ बुझि वाक्यमा प्रयोग गर्न
- भाषिक समस्या समाधान गर्न

### २.२.३ कथा शिक्षणका विधि र कार्यकलापहरू

सिकाइलाई वातावरणका उपज मानिन्छ । जस्तो वातावरणमा जसरी विद्यार्थीहरूलाई शिक्षण गरिन्छ सोही अनुसारको सिकाइ उपलब्धि हाँसिल गरिरहेका हुन्छन् । त्यसैले शिक्षण क्रियाकलाप समय सापेक्ष र विद्यार्थीहरूको रचि, चाहना, आवश्यकता, स्तर अनुसार गराउन आवश्यक छ । शिक्षकहरू सिङ्गो शैक्षिक नीति प्रणालीको कार्यान्वयनकर्ता भएकोले समयको गति र आधुनिक शिक्षण विधि सँग परिचित भई शिक्षण गर्न सक्षम हुन आवश्यक छ । यसप्रकार शिक्षण गर्दा विद्यार्थीले बुझ्ने तरिका अपनाई शिक्षण गरिनु पर्दछ ।

कथा शिक्षण भाषा शिक्षणकै एउटा माध्यम हो । जसबाट विद्यार्थीहरूलाई भाषिक सीपहरूको विकास गराउन सकिन्छ । विषय प्रकृति र विद्यार्थीको स्तर, उमेर, चाहाना, आवश्यकता र भाषिक विकासमा आधारित रहेर विधि छनोट गर्नु उपयुक्त हुन्छ (शर्मा र पौडेल २०७३) । जुन विधिको प्रयोग गरेर कथा शिक्षण गर्दा विद्यार्थीमा भाषिक सबलता मजबुत हुँदै जान्छ त्यस्ता शिक्षण विधिहरूको प्रयोग गर्नु उत्तम हुन्छ । विद्यार्थीको रुचि, आवश्यकता उमेर, कक्षाको स्तर अनरूप फरक-फरक विधिहरूको प्रयाग गर्न सकिन्छ । कथा शिक्षणका विधिहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ ।

#### २.२.३.१ व्याख्यान विधि

व्याख्यान विधि पूरानो तर प्रचलित विधि हो । साधारणतया सबै विद्यालयहरूमा प्रयोग गरिने यो विधिमा शिक्षकले प्रवचन गर्ने र विद्यार्थीले सुन्ने काम हुन्छ । यस विधिबाट अध्यापन गराउँदा पाठका महत्त्वपूर्ण बुँदा हरूको टिपोट गराउने, व्याख्या गर्ने र विभिन्न उदाहरणको आधारमा कथानकलाई पृष्टि गर्ने गरिन्छ । यो शिक्षक केन्द्रित विधि भए पनि छोटो समयमा धेरै विषय वस्तुको ज्ञान दिलाउनका लागि प्रभावकारी मानिन्छ ।

### २.२.३.२ प्रदर्शन विधि

यस विधिमा शिक्षकले कक्षाकोठामा पाठसँग सम्बन्धित कुराहरू प्रदर्शन गर्दछन् । शिक्षकले गरेको प्रदर्शनको आधारमा विद्यार्थीले त्यसको अनुकरण गर्छन् । कुनै पनि यन्त्र वा साधनलाई कुशलता साथ सञ्चालन गरी त्यसका माध्यमबाट तथ्य र कार्य विधि सिकाइन्छ । सीप सिकाइका लागि यसलाई प्रयोग गर्न सकिन्छ ।

### २.२.३.३ प्रश्नोत्तर विधि

शिक्षकले कक्षामा प्रश्न गर्दै विद्यार्थीहरूबाट उत्तर लिने र गलत उत्तर भएमा सच्याउँदै जाने शिक्षण प्रक्रियालाई प्रश्नोत्तर विधि भनिन्छ । यसमा विद्यार्थीहरूलाई पाठ पढ्न र बुझ्न प्रेरित गरिन्छ । सम्बन्धित विषय वस्तुसँग सम्बन्धित प्रश्नोत्तर गरी शिक्षण गरिन्छ । सबै विषयका लागि उपयुक्त हुने यो विधिमा शिक्षक विद्यार्थी दुबै क्रियाशिल हुन्छन् ।

### २.२.३.४ आगमन निगमन विधि

यस विधिद्वारा शिक्षण गर्दा विभिन्न किसिमका उदाहरण र दृष्टान्तहरू संग्रह गरी त्यसलाई सामान्यीकरण गरेर नयाँ सिद्धान्त वा ज्ञानको खोजी गरिन्छ । आगमन विधिमा उदाहरण, स्पष्टीकरण, नियमीकरण र अभ्यास गराइन्छ भने निगमन विधि अनुसार पहिले सुत्र, सिद्धान्त, नियम प्रस्तुत गरिन्छ । शिक्षणको क्रममा प्रयोग गर्नु पर्दा निगमनको तुलनामा आगमन विधि बढी प्रभावकारी मानिन्छ ।

### २.२.३.५ छलफल विधि

छलफल विधि कुनै विषय, समस्या वा प्रश्नमा सामुहिक रूपमा विचारको आदानप्रदान गरिन्छ । पाठसँग सम्बन्धित कुनै समस्या दिएर छलफलको माध्यमबाट त्यसको समाधान निष्कर्ष निकाल्न लगाइन्छ । यस विधिमा विद्यार्थीहरूले आफ्नो-आफ्नो तर्क प्रस्तुत गर्छन् । शिक्षकले प्रश्नको समाधानमा आवश्यक सहयोग गर्ने, काम गर्दछन् । यस विधिमा विद्यार्थीको सक्रियता रहने भएकोले यसलाई कथा शिक्षण गर्दा प्रयोग गर्न सकिन्छ ।

### २.२.३.६ विभिन्न शब्द खेल विधि

कथा शिक्षणलाई रोचक र उत्प्रेरक बनाउन विभिन्न भाषिक खेलहरूको प्रयोग गर्न सकिन्छ । विभिन्न खेलहरू डिल शब्दजाल, कोठे पद प्रतियोगिता, अत्याक्षरी प्रतियोगिता

चिट्ठा खेल अक्षर चिनारी जस्ता खेलहरूको माध्यमबाट उच्चारण, वाक्य गठन, शब्दभण्डार क्षमता जस्ता भाषिक सीपहरूको विकास गर्न सकिन्छ । खेलको माध्यमले सिकाइ अभ्यास गरेको कुरा चिरस्थायी हुने भएकोले कथा शिक्षणका लागि यो विधि प्रयोग गर्न सकिन्छ ।

### २.२.३.७ पठनबोध विधि

यस विधिमा निर्दिष्ट कथा पढी त्यसको सांरास भन्न वा लेख्न, बुँदा टिपोट गर्न, घटना क्रम मिलाउन, विशिष्ट पङ्क्तिहरूको अर्थ बताउन र विशिष्ट पद वा पदावलीहरूको अर्थ बताउन लगाइन्छ ।

### २.२.३.८ तुलना विधि

यस विधिमा कुनै कथा पढी सम्बन्धित अन्य कथाको तुलना गरी त्यसका विभिन्न पक्षको शिक्षण गरिन्छ । यसमा विभिन्न लेखकहरूको कथा तुलना गर्ने, उही लेखकको अन्य कथा सँग तुलना गर्न सकिन्छ । तुलना गर्दा विषय वस्तु, विचार र अन्य विभिन्न तत्त्वलाई आधार बनाउन सकिन्छ । यस विधिबाट कथा शिक्षण गर्दा विद्यार्थीहरूमो विवेचना शक्ति विकास हुने, तर्क, शाक्ति बढ्ने र ज्ञानको विस्तार हुने हुँदा शिक्षणका दृष्टिले यसलाई निकै महत्त्व दिइन्छ ।

### २.२.३.९ गृहकार्य विधि

विद्यार्थीको स्तर र क्षमता लाई मध्यनजर गर्दै आफूले सिकाएको पाठमा आधारित रहेर तिनै सिकाएका कुराहरू मध्ये केही पक्ष समेट्ने गरी गहृकार्य दिएर कक्षा शिक्षण गर्ने विधि नै गृहकार्य विधि हो । यस विधिबाट शिक्षण गर्दा विद्यार्थीको कुन-कुन व्यवहार पविर्तन भयो भएन भन्ने कुरा थाहा हुनका साथै सुधारात्मक पक्षलाई पुनरावृत्ति गराई शिक्षण गर्न सकिन्छ ।

कथा शिक्षणका उल्लेखित विधिहरूका अतिरिक्त प्रतिवेदन प्रस्तुति, द्रुतपठन अभिनय विधि, मौखिक अभ्यास, वर्णनात्मक, कथाकथन जस्ता विधिहरू पनि प्रयोग गर्न सकिन्छ । विशेष : पाठ वा विषयवस्तुको प्रकृति विद्यार्थीको आवश्यकता, रुचि, कक्षाको स्तर र समयको माग हेरेर उपयुक्त र स्तरीय भाषा सिकाइका विधिहरू प्रयोग गर्नुपर्छ ।

### २.२.४ कथा शिक्षणका कार्यकलापहरू

विद्यार्थीहरूको रुचि, चाहाना, आवश्यकताअनुसार र कक्षागत तह अनुसारका शिक्षण कार्यकलाप सञ्चालन गर्नका लागि दक्ष एवम् कुशल शिक्षकको आवश्यकता पर्दछ । विषयवस्तुको प्रकृति विद्यार्थीका स्तर तह क्षमता र पूर्वज्ञानको आधारमा शिक्षण कार्यकलाप छनोट गर्न सकेमा मात्र पाठ्यक्रमले बोकेको उद्देश्य पुरा गर्न र भाषिक सीपको विकास गराउन सकिन्छ । कक्षा सातमा कथा शिक्षण गर्दा विधिलाई भन्दा कार्यकलापलाई बढी जोड दिन आवश्यक हुन्छ । विधि र कार्यकलापमुखी शिक्षण गर्दा स्वतः रूपमा विधिको प्रयोग हुन्छ । भाषिक सीप विकासका लागि कथा शिक्षण गर्दा विभिन्न प्रकारका शिक्षण कार्यकलापहरू प्रयोगमा ल्याउन सकिन्छ । ती कार्यकलापहरूको निम्नानुसार चर्चा गरिएको छ ।

#### २.२.४.१ प्रस्तावना

शिक्षणीय कथा प्रति ध्यानकर्षण गर्न योगचरण परिचय खण्ड हो । कथा शिक्षण गर्दा शुरुवात कार्यकलापको रूपमा प्रयोग सकिन्छ । यसमा लेखकीय परिचय, प्रवृति विषयवस्तु परिचयात्मक चर्चा र यसको आकर्षक पक्ष आदिको चर्चा गरिन्छ ।

#### २.२.४.२ कथाकथन

कथा आफूले भनिदिने र विद्यार्थीलाई भन्न लगाउने कार्यकलापलाई कथाकथन भनिन्छ । कथा भनिसके पछि त्यही अनुसारका कथाहरू भन्न लगाउनु पर्दछ । यसमा कुनै पनि घटना लाई कथाको रूपमा प्रस्तुत गरी मौखिक वा लिखित रूपमा संयोजन गरिन्छ । साथै विद्यार्थीहरूलाई सुनेका विविध खालका कथाहरू भन्न लगाउन सकिन्छ ।

#### २.२.४.३ कठिन शब्द निराकरण

यसमा कथामा प्रयुक्त कठिन वा विद्यार्थीले नबुझेका शब्द, शब्दवली, उखानटुक्का आदिको अर्थको बारेमा कक्षामा छलफल गर्न लगाइ निष्कर्ष निकाल्न गाइन्छ र तिनलाई वाकयमा प्रयोग गर्न समेत लगाइन्छ । यसबाट विद्यार्थीहरूलाई कथा बोध गर्नका लागि थप सहयोग पुग्छ ।

#### २.२.४.४ व्याख्या तथा विश्लेषण

यसमा पाठ्यकथामा विषयवस्तु विभिन्न तत्त्व र शीर्षक आदिका विभिन्न प्रक्रिया अपनाई विद्यार्थीहरूको सक्रिय सहभागितामा सम्बन्धित रचनाको व्याख्या तथा विश्लेषण गर्न लगाइन्छ । यसबाट विद्यार्थीमा तार्किक र विश्लेषणात्मक क्षमताको विकास हुन्छ ।

#### २.२.४.५ प्रश्नोत्तर

पाठ्यकथाका विषयवस्तु कथानक, चरित्र, भाषाशैली जस्ता विविध तत्त्वका साथै लेखकीय प्रवृत्तिको बारेमा पनि विद्यार्थीलाई विभिन्न प्रश्नहरू सोधि छलफल गर्न लगाइन्छ ।

#### २.२.४.६ सस्वर पठन र मौन पठन

पाठ्यकथाबाट विद्यार्थीहरूलाई आवश्यकताअनुसार सस्वरवाचन र मौनपठन क्रियाकलाप पनि सञ्चालन गर्न सकिन्छ । लिखित सामग्रीलाई आवाज निकालेर पढ्न लगाउने, लेख्य सामग्रीलाई बोलिमा परिणत गर्ने सीप सस्वर पठन भएकोले यसबाट पढाइ सीपको विकास हुन्छ । पठन क्रियाकलाप अन्तर्गत कथाका अनुच्छेदहरू सामुहकि र व्यक्तिगत रूपमा अभ्यास गराउन सकिन्छ । लिपिबद्धछ सामग्रीहरू आवाज ननिकाली मनमनै वाचन गर्ने प्रक्रिया नै मौन वाचन हो । बोधक्षमता विकासका लागि मौन पठन महत्त्वपूर्ण मानिन्छ ।

#### २.२.४.७ उखान टुक्काको प्रयोग

कथामा प्रयुक्त उखान टुक्काको अर्थ र प्रयोगमा अभ्यास गराउनु नै उखान टुक्काको प्रयोग शिक्षण कार्यकलाप हो । यसमा कथामा प्रयुक्त शब्द, शब्दावली उखान टुक्का आदिको अर्थको बारेमा कक्षा छलफल गराउने र उपयुक्त निष्कर्ष दिने र तिनलाई वाक्यमा प्रयोग नर्ग समेत लगाउनु पर्दछ ।

#### २.२.४.८ सारांश कथन

कुनै कथा पढेर त्यसको छोटो रूप तयार गर्ने कामलाई सारांश भनिन्छ । सम्बन्धित कथाको पाठ सुनी वा पढी त्यसमा रहेका मुख्य-मुख्य कुराको प्रस्तुति करण नै सारांश हो । विद्यार्थीको स्तर ख्याल गरी कथाको अंश विद्यार्थीलाई पढ्न लगाई सम्बन्धित प्रश्नको माध्यमबाट सार बुझ्न लगाउनु पर्दछ ।

### २.२.४.९ घटनाक्रम मिलाउने

सम्बन्धित कथाको खास-खास कुरालाई निकालेर उल्टो पाल्टो पारि ती घटनाहरू क्रम अनुसार भन्न वा लेख्न लगाउने कार्यकलाप यसमा गराइन्छ । कथाको शृङ्खला भङ्ग गरेर त्यसलाई क्रमबद्ध रूपमा जोडेर सिलसिला मिलाइ भन्न वा लेख्न लगाउनाले लेखन सीप विकासका साथै अन्य भाषिक सीप पनि अप्रत्यक्ष रूपमा प्राप्त हुन सक्ने देखिन्छ ।

### २.२.४.१० घटना वर्णन र घटना टिपोट

कथा घटनाको प्रस्तुति भएकोले शिक्षकले कथाको वर्णन गर्ने र विद्यार्थीलाई मौखिक वा लिखित रूपमा घटनाको वर्णन गर्न लगाउनुपर्दछ । घटना टिपोट क्रियाकलाप गराउँदा कुनै कथा दिई कथाको मुख्य-मुख्य घटनाको टिपोट गराउनु पर्दछ । यसमा शिक्षकले कुनै कथाबाट घटना कसरी टिप्ने भनी उदाहरण प्रस्तुत गरी त्यसैको आधारमा विभिन्न घटना प्रधान कथा दिएर घटनाहरूको टिपोट गर्न लगाउनु पर्दछ ।

### २.२.४.११ श्रुतिलेखन

शिक्षकले उच्चारण गर्ने र विद्यार्थीले सुनेर लेख्ने अभ्यास नै श्रुति लेखन हो । शब्द, शब्दावली, वाक्य समूह अनुच्छेद भित्रका हिज्जे सम्बन्धी अभ्यासका लागि यो क्रियाकलाप सञ्चालन गरिन्छ । यसमा शिक्षकले सस्वर पठन गर्दै पढ्ने विद्यार्थीले सुनेका आधारमा शब्द, पदावली, वाक्य वा सिङ्गो अनुच्छेद लेख्ने कार्य गरिन्छ । विद्यार्थीमा वर्ण विन्यास सम्बन्धी त्रुटिहरूको निराकरण गरी शुद्ध लेख्ने क्षमताको विकास गराउन यो कार्यकलाप उपयोगी मानिन्छ ।

### २.२.४.१२ बुँदा टिपोट

कथा पढेर वा सुनेर सारभूत कराहरू बुझी ती मध्ये मुख्य कुरालाई बुँदागत रूपमा टिपोट गर्न लगाउने कार्यकलापको बुँदा टिपोट हो । यस कार्यकलापमा कथा पढ्न लगाएर त्यसमा व्यक्त गरिएका मुख्य-मुख्य कुराहरू बुँदागत रूपमा टिपोट गर्न लगाउने कार्यकलाप सञ्चालन गर्न सकिन्छ । यसबाट विद्यार्थीहरूमा पढेका कुराहरूलाई छोटकरीमा सिलसिलाबद्ध र प्रासङ्गिक ढङ्गले मिलाएर लेख्न सक्ने क्षमताको विकास हुन्छ ।

### २.२.४.१३ कथा रचना

कथा पढेको वा सुनेको आधारमा कुनै वस्तु वा घटनालाई लिएर तिनका खास पात्र वा घटना परिवर्तन गरी त्यस्तै कथा बनाइ लेख्ने अभ्यास गराउन सकिन्छ । यसले विद्यार्थीहरूमा भाषिक सीप विकास साथै सिर्जनात्मक क्षमताको विकास हुन्छ ।

### २.२.४.१४ अनुलेखन

लिपिबद्ध भाषालाई सार्ने प्रक्रिया अनुलेखन हो । यसमा कुनै कथा विद्यार्थीलाई सार्न लगाउन सकिन्छ । यस बाट विद्यार्थीहरूमा राम्रा अक्षर लेख्ने साथै शुद्ध हिज्जे लेख्ने अभ्यास हुन्छ ।

### २.२.४.१५ व्याख्या वा भाव विस्तार

यसमा कथामा प्रयुक्त कुनै मुख्य विषयवस्तुलाई सुत्रात्मक रूपमा दिइ त्यसलाई व्याख्या गर्न लगाउने वा त्यसको भाव लेख्न लगाउन सकिन्छ ।

### २.२.४.१६ भाषातत्त्व र व्याकरण

कथाको माध्यमबाट विद्यार्थीहरूमा भाषातत्त्व र व्याकरणिक पक्षहरूको प्रशस्त अभ्यास गराउन सकिन्छ । पाठमा प्रयुक्त काल, भाव, पक्ष लेख्य चिह्न, वर्ण विन्यास हिज्जे जस्ता व्याकरणिक कुराहरूको बोध यस बाट गराउन सकिन्छ ।

भाषाका चारै सीपको सन्तुलित विकासका लागि कथा शिक्षण महत्त्वपूर्ण मानिन्छ । विद्यार्थीहरूमा यी सीपहरू हाँसिल गराउनका लागि आवश्यकताअनुसारका कार्यकलापहरू गराउन आवश्यक छ । कथा शिक्षणका विधि तथा कार्यकलापको शिक्षकले सही ढङ्गले उपयोग गरेर कथा शिक्षण गरेमा भाषा शिक्षणको मर्म अनुरूप हुनेछ ।

# अध्याय तीन

# अध्ययन विधि प्रक्रिया

## ३.१ अध्ययन विधि

विविध विषय क्षेत्रमा विभिन्न प्रकारका अनुसन्धान विधिहरूको प्रयोग गरिन्छ । यसलाई तथ्याङ्क सङ्कलन र तथ्याङ्क सामग्री विश्लेषणको आधार ढाँचाको समष्टि रूप भनिन्छ । शोधविधिलाई अनुसन्धान योजना पनि भनिन्छ । एउटा असल योजनाले अनुसन्धानलाई वैध, विश्वसनीय र प्रमाणिक बनाउँछ ।

शोधविधि अनुसन्धानको एक भाग हो र यो अनुसन्धान सञ्चालन गर्ने प्रक्रियासँग सम्बद्ध छ । यसले प्रश्नावली, अन्तर्वार्ता, अनुगमन प्रयोगको माध्यमबाट अनुसन्धान अगाडि बढाउँछ । प्रस्तुत, अध्ययनमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । अध्ययनको क्रममा निम्न विधि अपनाइएको छ ।

### ३.१.१ जनसङ्ख्या

प्रस्तुत अध्ययनमा जनसङ्ख्याको रूपमा पाँचथर जिल्लाका नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूलाई लिइएको छ ।

### ३.१.२ नमुना छनोट

समग्र जनसङ्ख्याबाट लिएको तथ्य बढी प्रभावकारी हुने भए तापनि समय, भौगोलिक विषमता, आर्थिक कठिनाइ आदिको कारणले विद्यालयका सबै शिक्षकहरूमा अध्ययन गर्न सम्भव नहुने भएकोले पाँचथर जिल्लाका १० वटा सामुदायिक विद्यालयका १० जना शिक्षकलाई नमुना छनोटको रूपमा लिइएको छ ।

### ३.१.३ सामग्री निर्माण

प्रस्तुत अध्ययनको लागि प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको छ ।

#### ३.१.३.१ प्राथमिक स्रोत

**(क) प्रश्नावली**

प्रस्तुत अध्ययन कक्षा शिक्षण गर्दा बनाउने पाठयोजना, कथा शिक्षणको उद्देश्य कार्यकलाप, मूल्याङ्कन, गृहकार्य, शैक्षिक सामग्री जस्ता शिक्षण कार्यकलापसँग सम्बन्धित

प्रश्नहरू निर्माण गरी उक्त प्रश्नावली फाराम कक्षा सातमा अध्यापन गराउने नेपाली भाषा शिक्षकहरूलाई भर्न लगाई प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कको आधारमा व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

**(ख) पूर्वपरीक्षण**

प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि तयार पारिएका प्रश्नहरू कति उपयुक्त छन् भन्ने जानकारीका लागि चार जना शिक्षकहरूलाई प्रश्नावली फाराम भर्न लगाई पूर्वपरीक्षणको रूपमा अध्ययन गरिएको छ । त्यस्तै शिक्षकले दिने सैद्धान्तिक र व्यावहारिक क्रियाकलाप हेर्न मिल्दा शीर्षकहरू कक्षा अवलोकन फाराममा समावेश गरिएको छ ।

**(ग) कक्षा अवलोकन फाराम**

कक्षा अवलोकन फाराममा सिकाइ वातावरण, कक्षाको सुरुवात पाठको प्रस्तुति, शैक्षिक सामग्रीको प्रयोग, विद्यार्थी सक्रियता, शिक्षक विद्यार्थी अन्तर्क्रिया, शिक्षण विधि, शैक्षिक कार्यकलाप, प्रश्नहरू, विषयवस्तु, योजना, मूल्याङ्कन, गृहकार्य जस्ता पक्षहरूको अवलोकन गर्न प्रत्येक विद्यालयको शिक्षकहरूको छुट्टाछुट्टै कक्षा अवलोकन गरिएको छ । साथै शिक्षकले दिने सैद्धान्तिक उत्तर र उनीहरूको व्यावहारिक कार्यकलापको समेत अवलोकन गरिएको छ ।

**३.१.३.२ द्वितीय स्रोत**

अध्ययनको क्रममा पुस्तकालयीय विधि पनि अपनाइएको छ । जसअन्तर्गत अध्ययनसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका, शोधप्रतिवेदन, सन्दर्भसामग्रीहरूको प्रयोग गरिएको छ । शोधनिर्देशकको सल्लाह र सहपाठीहरूको सल्लाह र सुझावलाई पनि मध्यनजर गर्दै शोधकार्य सम्पन्न गरिएको छ ।

**३.१.३.३ तथ्याङ्क सङ्कलन र विश्लेषण**

शोधकार्य एउटा महत्त्वपूर्ण र चुनौतीपूर्ण कार्य भएकोले सत्य तथ्यमा आधारित तथ्याङ्क सङ्कलन गर्नुपर्दछ । सही तथ्याङ्क सङ्कलन नगरे शोधकार्य उपयुक्त नहुन पनि सक्छ । प्रस्तुत शोाधका निम्ति शिक्षकको कक्षा कार्यकलाप अवलोकन गरी त्यसबाट प्राप्त तथ्यलाई सङ्कलन गरिएको छ ।

यस अध्ययनमा शिक्षक प्रश्नावली फाराम र प्रत्यक्ष कक्षा अवलोकन फारामबाट सङ्कलित तथ्याङ्कलाई विभिन्न उपशीर्षकमा तालिकाको प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ । शोध उपकरणको प्रयोगपश्चात् उपलब्ध तथ्याङ्कहरू शोधकर्तामा प्रत्यक्ष सहयोग पुऱ्याउने खालका सूचनालाई मात्र उपयुक्त अंशको रूपमा निर्धारण गरी विश्लेषण गरिएको छ । प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको आधारमा व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । साथै सोही आधारमा सुझाव समेत प्रस्तुत गरिएको छ ।

# अध्याय - चार

# कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन

## ४.१ कथा शिक्षण कार्यकलापहरूको अध्ययन

नेपाली भाषाको पाठ्यक्रम (२०७१) नेपाली भाषाका चारवटा सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) को सक्षमतामा आधारित छ । पाठ्यक्रमले कथा कविता जीवनी निबन्ध रूपक चिठी जस्ता विधिहरूको माध्यमबाट भाषिक सीपहरूको शिक्षण गराउन निर्दिशन गरेको छ ।

कथा अति लोकप्रिय विधा हो । यो जीवन्त र रोचक घटनासँग सम्बन्धित आफैमा पूर्ण इत्तिवृत्ति हो । यसमा विभिन्न घटना तत्त्वले कथानकको काम गरेको हुन्छ (शर्मा) मानिसको सुख, दुख, हर्ष, रोदन, जीवनका उकाली ओराली, अप्ठेरो सबै कुराहरू कथामा प्रस्तुत गरी रोचक ढङ्गले प्रस्तुत गर्न सकिने भएकोले भाषा शिक्षणमा कथा शिक्षणका छुट्टै पहिचान रहेको हुन्छ । कथा शिक्षणबाट विद्यार्थीहरूलाई मनोरञ्जन कौतुहलता प्राप्त हुनका साथै उत्सुक्ता र कल्पनाशीलताको विकास गर्न सहयोग पुग्छ । त्यस्तै विद्यार्थीहरूको मानसिक सामाजिक र नैतिक विकासमा कथाले सकारात्मक प्रभाव पारेको हुन्छ । विद्यार्थीहरूमा स्पष्ट एवम् क्रमिक रूपले घटना क्रम मिलान गर्न सकने विचार गर्न सक्ने, विभिन्न विषय क्षेत्रको शब्दभण्डार विकास गर्न सक्ने एवम्, तिनको प्रयोग गर्ने सुझको विकास गर्न कथाले सघाउँछ । कथाबोधबाट सम्वेगात्मक अनुभति र कल्पना शक्तिको विकास गर्न सक्ने क्षमताको विकास गर्न महत्त्वपूर्ण रूपमा सहयोग पुग्दछ । आधारभूत तह कक्षा सातको नेपाली किताबमा लोककथा/नीति कथा, पौराणिक/ऐतिहासिक कथा, सामाजिक कथा समावेश गरिएका हुन्छन् । विद्यार्थीहरूको पूर्व पृष्ठभूमि, रुचि, स्तर क्षमता र अनुभवअनुसारको शिक्षण गर्नु आवश्यक छ । कथा शिक्षणको मुख्य उद्देश्य कथनात्मक अभिव्यक्ति सीपको विकास गर्नु हो । कथानात्मक अभिव्यक्ति भन्नाले मौखिक तथा लिखित भन्नाले मौखिक अभिव्यक्तिलाई लिइन्छ । वस्तुतः कथा सिकाइको माध्यमबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ चारवटा सीपहरूको अभ्यास गराउनु पर्दछ । यस क्रममा कथा श्रवण, कथाकथन, कथाको अनुकृत लेखन आदि गराउन सकिन्छ । कथाको माध्यमबाट सस्वर तथा मौन पठन, पठनबोध, प्रश्नोत्तर, बुँदाटिपोट, सारांश लेखन, घटनाक्रम मिलाउने, छलफल, श्रुतिबोधात्मक प्रश्नोत्तर, मौखिक व्याख्या वा वर्णन, भाषा तात्विक अभ्यास, वर्णविन्यास

लेख्य चिह्न शब्दभण्डार र व्याकरण आदि कार्यकलाप आवश्यकताअनुसार गर्नुपर्ने हुन्छ । कथा शिक्षण गर्दा भाषाका चारवटा सीपका कार्यकलापमा जोड दिनु पर्छ । विषयवस्तुको बोध र अभिव्यक्ति गर्ने माध्यमको शिक्षणमा जोड दिनु पर्छ ।

कथा शिक्षणको उद्देश्य भाषिक सीपहरूको शिक्षण गर्नु हो । कथा शिक्षण गर्दा विद्यार्थीहरूलाई बोल्न, पढ्न र लेख्न अधिकतम् अवसर दिनु पर्छ । विद्यार्थीले सुनेको जानेको कुरा विद्यालयमा बोलेर व्यक्त गर्न पाएन भने विद्यार्थीले जानेको कुरा कण्ठित हुन्छ । पढ्ने अवसर मिलेन भने सुनेको आधारमा मात्र पढ्न बानी बसाल्न सकिँदैन । कक्षामा शिक्षक सुनाउनमा मात्र जोड दिन्छ भने विद्यार्थीहरूले पढ्ने र लेख्ने अवसर त पाउँदैन नै ऊ बोल्नबाट पनि बञ्चित हुन्छ र जवसम्म कक्षाको कार्यकलाप विद्यार्थीको मौखिक अभिव्यक्ति पठन र लेख्न बानीको विकासमा केन्द्रित हुँदैनन् तबसम्म शिक्षक कथा शिक्षण गराउँदै छ भन्ने कुरामा आस्वस्त हुन सकिदैन । त्यसैले भाषा शिक्षकहरूले कथा शिक्षण गर्दा उद्देश्य पूरा हुने खालका शिक्षण कार्यकलाप अपनाउनु पर्छ ।

शोधपत्रमा राखेको उद्देश्य पाँचथर जिल्लाका सामुदायिक विद्यालय आधारभूत तहअन्तर्गत कक्षा सातमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन गर्न प्राथमिक र द्वितीयक स्रोतको आधारमा अध्ययन गरिएको छ । प्राथमिक स्रोतमा पाँचथर जिल्लाको सामुदायिक विद्यालयको कक्षा सातमा अध्यापन गराउने १० जना भाषा शिक्षकहरूबाट प्राप्त प्रति क्रिया र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क रहेका छन् । द्वितीय  स्रोतमा कथा शिक्षण सँग सम्बन्धित लेख, पुस्तक आदिलाई लिएको छ । यिनै स्रोतको आधारमा कक्षा सातमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन यस अध्यायमा गरिएको छ ।

## ४.२ कक्षा सातमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरू

कथा शिक्षण गर्दा निम्न कार्यकलापहरू अपनाउन सकिने निष्कर्ष निकालिएको छ ।

### ४.२.१ कथाकथन

कथा कथन एउटा महत्त्वपूर्ण, एवम्, रोचक मौखिक अभिव्यक्ति कला हो (पौडेल, २०७०, पृ. ५३) कथा शिक्षणको क्रममा विद्यार्थीहरूले सुने जानेका वा पढेका विभिन्न प्रकारका कथा भन्न लगाउने । कक्षामा उभिएर स्वतन्त्र रूपमा कथा भन्न लगाउने, अरूलाई सुन्न लगाउने र सकिए पछि कथाको शृङ्खला मिले नमिलेको आदि बारे अरूलाई प्रश्नोत्तर

गराउने गल्ती शिक्षकले सच्याइदिने । त्यसैगरी कथाको मुख्य-मुख्य बुँदा बोर्डमा लेखेर वा फलाटिन पाटीमा टाँसेर त्यस आधारमा कथा भन्न लगाउने आदि कार्यकलाप कथा शिक्षणमा गराउन सकिन्छ । यसबाट सुनाइ बोलाइ दुवै सीपको विकास गर्न सहयोग पुग्छ । त्यसैले कथा शिक्षण गर्दा कथाकथन कार्यकलाप गराउनु आवश्यक हुने निष्कर्ष रहेको छ ।

### ४.२.२ शुद्धोच्चारण, शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग

कथा शिक्षण गर्दा शुद्धोच्चारण शिक्षण गर्नु आवश्यक छ । उच्चारणको सम्बन्ध मौखिक अभिव्यक्ति सँग भए पनि हरेक भाषिक सीप सँग यसको सम्बन्ध गासिएको हुनाले कथा शिक्षणको क्रममा शुद्धोच्चारण शिक्षण गराउनु आश्यक छ । सही र शुद्ध उच्चारण भए मात्र भाषाको सही अभिव्यक्ति तयार हुन्छ र सबैको निम्ति ग्राह्य र सम्प्रेष्य बन्छ । यसको अभ्यासले हिज्जे वा वर्ण विन्यास शुद्धिमा पनि निकै मद्दत मिल्छ । यसप्रकार शुद्धोउच्चारण अभ्यासबाट मौखिक र लिखित दुवै प्रकारका भाषिक सीपमा शुद्धता, स्पष्टता र प्रभावकारिता पनि हाँसिल गर्ने आधार तयार हुनाले यो कार्यकलाप गराउनु आवश्यक हुने शिक्षकहरूको पनि मत रहेको छ ।

शब्दार्थ शिक्षणबाट भाषालाई ग्रहण र अभिव्यक्तिको दृष्टिले अर्थपूर्ण, आशयपूर्ण र प्रभावकारी बनाउन र सोअनुरूप शब्द उपयोग गर्ने सीप हाँसिल गराउन शब्दभण्डार शिक्षणले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । धेरै शब्दको अर्थपूर्ण जानकारी र तिनको भण्डारको लागि शब्दार्थ एउटा आधारभूत कार्यकलाप हो । विद्यार्थीहरूलाई शब्दप्रयोगको कोशीय र सन्दर्भपरक अर्थ सम्बन्धसँग परिचित गराई आवश्यकताअनुसारका विद्यार्थीहरूमा अर्थ ग्रहण गर्न र अभिव्यक्रि गर्न सक्ने क्षमताको विकास गर्नु पनि शब्दार्थ शिक्षण आवश्यक रहेको शिक्षकहरू बताउनु हुन्छ ।

वाक्यमा प्रयोग कथा शिक्षणको क्रममा गराउनुपर्ने अनिवार्य कार्यकलाप हो । यो कार्यकलापबाट विद्यार्थीमा सोही अनुसारको नयाँ-नयाँ वाक्यहरूको निर्माण गर्न सक्ने क्षमताको विकास हुने र विद्यार्थीमा सिर्जनात्मक सीपको विकास हुने भएकोले यो कार्यकलाप पनि कथा शिक्षणको क्रममा अनिवार्य रहेको निष्कर्ष निकालिएको छ ।

### ४.२.३ सारांश कथन

भाषा शिक्षकहरूले कथा शिक्षणको अन्त्यमा सारांश कथन कार्यकलाप गराएको पाइयो । कथा शिक्षणको क्रममा नबुझेका कुराहरूलाई थप जानकारी दिन र छोटकारीमा

कथाको सार बुझ्न यो कार्यकलाप अपनाएको पाइन्छ । यो कार्यकलापमा विद्यार्थीलाई पहिले कथा पढ्न दिएर त्यसमा भनिएका कुराहरू सारांशको रूपमा भन्न लगाएको पाइयो । जसबाट विद्यार्थीमा स्मरण शक्ति वृद्धि हुने, पढेको कुराहरूलाई छोटकरीमा सिलसिलाबद्ध र प्रासङ्गिक ढङ्गले मिलाएर भन्न सक्ने क्षमताको विकास हुनाले कथा शिक्षणको क्रममा यो कार्यकलाप गराउनु पर्ने शिक्षकहरूको प्रतिक्रिया रहेको छ ।

### ४.२.४ वस्तु तथा चित्र वर्णन

कथाशिक्षणलाई अझरोचक र प्रभावकारी बनाउन यो कायकलाप गराएको देखिन्छ । कथा शिक्षणको क्रममा विषय वस्तुसँग सम्बन्धित चित्र, तस्विर फोटो आदि हेरेर मौखिक र लिखित रूपमा वर्णन गर्न लगाउनाले मौखिक अभिव्यक्ति विकासमा महत्त्वपूर्ण टेवा पुऱ्याउँछ । कुनै पनि वस्तुलाई नियालेर हेर्ने र त्यसको कलात्मक, वस्तुगत एवम् भावनात्मक पक्षहरूको व्याख्या वर्णन र विवरण दिने खुबी वा क्षमता विकासमा यो कार्यकलाप निकै प्रभावकारी मानिन्छ । यसका साथै मौलिक, सौन्दर्यपरक, तार्किक र सूक्ष्म विवरण प्रस्तुति सहितको सरल रोचक लेखन क्षमता विकास गर्न समेत यो कार्यकलाप महत्त्वपूर्ण मानिन्छ । त्यसैले विद्यालयहरूमा भाषा शिक्षकहरूले कथा शिक्षण गर्दा यो कार्यकलाप पनि प्रयोग गर्ने गरेको पाइयो ।

### ४.२.५ सस्वर र मौन पठन

सस्वर पठन पढाइ सीप विकासको प्रारम्भिक चरण हो । कथा शिक्षण गर्दा पाठमा भएका लिपिबद्ध अक्षर वा वर्णलाई उच्चारण गर्ने अभ्यास गराउँदै वाक्य, अनुच्छेद र समग्र पाठकै उच्चारण गरेर पढ्ने कार्य यो कार्यकलापमा गराइन्छ । सस्वर पठन कला लेख्य सामग्रीलाई बोलीमा परिणत गर्ने सीप हो । यसबाट लेख्य लिपि चिह्नहरूलाई आवाज निकाली उच्चारण गर्दा हुने गल्तिहरू सुधारेर परिष्कार ल्याई बोलाइका विविध सीपहरू समेत विकास गर्न सकिने भएकोले कथा शिक्षणको क्रममा यो कार्यकलाप महत्त्वपूर्ण मानिन्छ । साथै यस्ता लेख्य सामग्रीलाई बोलीमा परिणत गरेर सहजता पूर्वक कथ्य भाषाको निकटमा पुऱ्याउनु भएकोले कथा शिक्षण गर्दा सस्वरपठन कार्यकलाप गराउन सकिन्छ ।

कथा बोधका लागि मौन पठन कार्यकलाप अनिवार्य गराउनु आवश्यक छ । पठनबोधको केन्द्रीय कार्यकलाप मौनपठन हो । यसबाट विद्यार्थीलाई स्वाध्यायन गर्ने बानीको

विकास गराउन कथाको मूल भाव पहिचान गर्न विद्यार्थीहरूलाई यो कार्यकलाप गराउन आवश्यक रहेको निष्कर्ष निकालिएको छ ।

### ४.२.६ घटनाक्रम मिलाउने

कथा शिक्षण गर्दा घटनाक्रम मिलाउने कार्यकलाप गराउन सकिन्छ । कथा विभिन्न घटनाहरूको शृङ्खला भएकोले ती घटनाहरू विद्यार्थीलाई भन्न वा लेख्न लगाउने, कथाको शङ्खला भङ्ग गरेर यसलाई क्रमबद्ध रूपमा भन्न वा लेख्न लगाउने कार्यकलाप गराउन सकिन्छ । यस्तो कार्यकलापबाट विद्यार्थीहरूले भाषिक सीपहरू अप्रत्यक्ष रूपमा प्राप्त गरिरहेका हुन्छन् । साथै विद्यार्थीहरूमा सिलसिलाबद्ध रूपमा लेख्ने बानीको विकास हुन्छ । यसबाट विद्यार्थीहरूमा सिर्जनात्मक सीप समेत विकास हुने भएकोले कथा शिक्षणको क्रममा घटनाक्रम मिलाउने कार्यकलाप अनिवार्य रहेको छ ।

### ४.२.७ श्रूति लेखन

लेखाइ सीपका लागि र श्रवण कौशलका लागि अपरिहार्य मानिने यो कार्यकलाप कथा शिक्षणमा अपनाउन सकिन्छ । कुनै कथा सुनेको भरमा विद्यार्थीले लेखेको कुरालाई जाँची उनीहरूको श्रवण दक्षता र कमजोरी पत्ता लगाई रचनात्मक हौसला बढाउन यो कार्यकलाप आवश्यक छ । यसका साथै उच्चारण र वर्णविन्यासको तालमेल, शब्दगठन, विराम चिह्नको प्रयोग, द्रुतलेखन जस्ता पक्षमा सुधार र दक्षता विकासका लागि यो कार्यकलाप महत्त्वपूर्ण मानिन्छ । यसरी विशिष्ट लेखन कलाको लागि र श्रुतिबोधका लागि कथा शिक्षणको क्रममा यो कार्यकलाप गराउन सकिन्छ ।

### ४.२.८ व्याख्या वा भाव विस्तार

कथा शिक्षण गर्दा प्रयोग गर्न सकिने कार्यकलापमा व्याख्या वा भा विस्तार पनि हो । कथामा प्रयुक्त विशेष किसिमका उखान टुक्का, सुक्तिमय उदाहरण, विशिष्ट पङ्क्तिहरू लिई तिनमा भएका अर्थ र आशयको पुष्टि गर्न वा वर्णन गर्न लगाउनाले विद्यार्थीहरूमा कुनै पनि कुराको प्रयोग सिलसिला बुझेर अर्थको गहिराइसम्म पुगी त्यसलाई प्रभावकारी शैलीमा अभिव्यक्ति गर्न सक्ने सीपको विकासमा सहयोग पुग्छ । यसबाट सिर्जनात्मक लेखन शैली विकासको जग बसाल्न पनि टेवा पुग्छ । यस्तो कार्यकलाप गराउन विद्यार्थीहरूले पढिसकेका कथाबाट विशिष्ट पङ्क्ति, उखान टुक्का सुक्ति आदिलाई मौखिक र लिखित रूपमा व्याख्या गर्न लगाउने, त्यसको अर्थ र अभिप्रायका बारेमा विद्यार्थीहरूलाई नै छलफल गर्न लगाउन

सकिन्छ। यस्ता विशिष्ट पङ्क्तिहरूलाई गृहकार्यको रूपमा पनि भाव विस्तार वा व्याख्या गर्न लगाई कापी सङ्कलन गरेर जाँच्ने, आवश्यक सुझाव दिने, प्रोत्साहन गर्नाले कथा शिक्षण अझ प्रभावकारी हुने रहेको पाइयो।

### ४.२.९ कथा लेखन अभ्यास

कथा शिक्षणको क्रममा कथा लेखन अभ्यास गराउन आवश्यक छ। कथा लेखन अभ्यासबाट विद्यार्थीहरूमा कथा लेख्ने क्षमताको विकास हुने, सिर्जनात्मक क्षमता विकास हुने र कथा लेखन तर्फ अभिप्रेरित हुन्छन्। यसका लागि शिक्षकले सुनेका वा पढेका आधारमा त्यस्तै कथा विद्यार्थीहरूलाई लेख्न लगाउने, अपुरो अनुच्छेद दिएर त्यसलाई पूर्ण बनाउन लगाउने कार्यकलाप गराउन सकिन्छ।

### ४.२.१० सामूहिक छलफल

कथा शिक्षणको क्रममा विद्यार्थीहरूलाई सामूहिक रूपमा छलफल गराउनु पर्छ। यसबाट विद्यार्थीहरूमा कथामा प्रयुक्त कुनै विषयवस्तु माथि विद्यार्थीहरूले आफ्नो -आफ्नो विचार प्रस्तुत गर्ने र निष्कर्ष निकाल्ने गर्छन। यसरी आफ्नो-आफ्नो विचार आदान प्रदान गर्ने अवसर सामूहिक छलफलमा प्राप्त गर्ने भएकोले कथा शिक्षणको क्रममा विद्यार्थी सहभागिता गराउन सकिन्छ। यसबाट विद्यार्थीमा ज्ञान, सीप र अभिवृत्ति तिनै पक्षको विकास हुन्छ। यसका लागि शिक्षकले कथाबाट कुनै प्रश्न वा समस्या विद्यार्थी माझ प्रस्तुत गर्ने र समूह-समूह निर्माण गरी त्यसमाथि छलफल गर्न लगाइ निष्कर्ष निकाल्न लगाउने र समूह-समूहलाई प्रस्तुत गर्न लगाउने। यसरी छलपलको मध्यमबाट पनि कथा शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ।

### ४.२.११ उखान टुक्काको प्रयोग

उखान टुक्का भाषाका विशिष्ट प्रयोग र प्रचलनमा आधारित निधि हुन्। यसमा समाजले परापूर्वकालदेखि अनुभव गर्दै आएका अनुकरणीय भाषिक प्रयोग भएको हुन्छ। त्यसैले कथामा पनि उखानटुक्काको प्रयोग गरिएको हुन्छ। यिनले कथालाई थप सौन्दर्यपूर्ण बनाउन सहयोग गरेको हुन्छ। यसमा थोरैमा धेरै भन्न सक्ने खुबी तथा शैली परिष्कार गरेर भाषिक अभिव्यक्तिलाई स्वादिष्ट र सौन्दर्ययुक्त तुल्याउने क्षमता हुन्छ। उखान टुक्काको प्रयोगले कथा शिक्षणलाई थप रोचकता प्रदान गर्दछ। त्यसैले कथाशिक्षण गर्दा उखान टुक्काको प्रयोग गर्दै शिक्षणलाई रोचक र रुचिपूर्ण बनाउन सकिन्छ। कथा शिक्षण गर्दा

कथामा प्रयुक्त उखान टुक्कामा प्रयोग भएका मर्म र अभिप्रायलाई शिक्षकले वर्णन वा व्याख्या गरिदिनुपर्छ । विद्यार्थीहरूलाई पनि परिचित भइसकेका उखान टुक्काको बारेमा व्याख्या गर्न लगाउनु पर्छ । उखानटुक्काको प्रयोगबाट विद्यार्थीमा उच्च स्तरीय अभिव्यक्ति सीपको विकास गर्न सकिन्छ । यसका लागि शिक्षकले कथा शिक्षण गर्दा उखान टुक्काका विभिन्न सन्दर्भहरू दिएर बढी भन्दा बढी प्रयोग अभ्यास गराउन आवश्यक छ कथा शिक्षण गर्दा उखान टुक्काको प्रयोगबाट भाषा प्रयोगका विशिष्ट शैली र उच्च स्तरीय मर्म अभिव्यक्ति गर्न सक्ने क्षमता विकास गर्न सहयोग पुग्ने भएकोले कथा शिक्षण गर्दा उखान टुक्को प्रयोग आवश्यक छ ।

### ४.२.१२ **कक्षा कार्य/गृहकार्य**

कथा शिक्षण पछि कथा शिक्षणको उद्देश्य पूरा भए नभएको वा कथाको बारेमा विद्यार्थी कत्तिको जानकार छन् भन्ने कुरा बुझ्न कक्षा कार्यको प्रयोग गर्नु पर्दछ । यसबाट तत्काल कुनै पनि विषय वस्तुको बोध भए नभएको जानकारी गराउँछ । त्यसै गरी गृहकार्यले विद्यार्थीहरूलाई आफ्नो सिकाइ प्रति उत्तरदायी बनाउने र जीवन पर्यान्त सिक्ने बानीको विकास गराउँछ । विद्यार्थीको पूर्वज्ञान जाँच्न, पढाइएका पाठ सिकाइएका सीप तथा सिकाउन बनाइएका शैक्षिक, उद्देश्यहरू हाँसिल गर्न तयार पारिएका कार्यकलापहरूको अभ्यास गराउन र सिकेका ज्ञान सीप र अभिवृत्तिहरूको व्यवहारमा प्रयोग तथा ती ज्ञान र सीप प्रयोग गरी नयाँ ज्ञान सीपको निर्माण गर्न विद्यार्थीलाई गृहकार्य दिन आवश्यक छ । यस्ता कार्यहरू सीधै शिक्षण सिकाइ कार्यकलापहरूसँग सम्बन्धित हुनु पर्दछ । यसरी कथा शिक्षण गर्दा विद्यार्थीको क्षमता, स्तर विद्यार्थीको रुचि जस्ता कुरालाई ध्यान दिँदै कथा शिक्षणको अन्त्यमा गृहकार्य दिन आवश्यक छ ।

### ४.२.१३ **भाषातत्त्व र व्याकरण**

कथा विधाको माध्यमबाट विद्यार्थीहरूमा भाषातत्त्व र व्याकरण अभ्यास गराउनु पर्छ । विद्यार्थीहरूलाई व्याकरणिक सुझ र व्यवहार तथा विशुद्ध प्रयोग अभ्यासबाट व्याकरण सम्मत शुद्ध भाषाको प्रयोग गर्न व्याकरण अभ्यास गराउने प्रचलन रहेको छ । कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाको अन्त्यमा अभ्यासात्मक कार्यकलाप अन्तर्गत भाषातत्त्व र व्याकरणको अभ्यास गराउन नमुना अभ्यास राखिएको छ । यी नमुना अभ्यासका आधारमा व्याकरण अभ्यास गराउनुपर्छ । कक्षा सातमा भाषातत्त्व र व्याकरणको अभ्यास गराउँदा

सरल जटिलको क्रममा आगमनात्मक तरिकाले व्याकरणिक सुझ्र विकास गरी सामान्य नियम निर्माण र पालना गर्न सक्ने अभिप्राय राखी, कार्यमूलक ढङ्गबाट व्याकरणिक प्रयोग र अभ्यास अघि बढाउनु पर्ने देखिन्छ ।

उल्लिखित कथा शिक्षणको कार्यकलापहरूलाई आवश्यकताअनुसार सबै वा मुख्य-मुख्य कुराहरू क्रमशः अलग अलग र संयुक्त ढङ्गले गराउने कक्षाकार्य र गृहकार्यको उपयोग गर्ने र आवश्यकताअनुसार विविध शिक्षण सामग्री तथा सन्दर्भ सामग्रीको उपयोग गर्दै कथा शिक्षण गरेमा सिकाई उद्देश्य परा हुने निष्कर्ष निकालिएको छ ।

## अध्याय पाँच

## कथा शिक्षण गर्दा प्रयोग गरिएका कार्यकलाप सम्बन्धमा सैद्धान्तिक र व्यावहारिक पक्षको अध्ययन

### ५.१ विषयप्रवेश

शोधपत्रमा राखिएका उद्देश्यहरू पूरा गर्ने क्रममा पूर्वपरीक्षण र परीक्षणबाट सङ्कलन गरिएका तथ्याङ्कको व्याख्या विश्लेषण गर्ने कार्य यस अध्यायमा गरिएको छ । वर्तमान अवस्थामा आधारभूत तह अन्तर्गत कक्षा सातमा नेपाली भाषा विषयमा रहेका कथा विधा शिक्षण गर्दा अपनाइएका शिक्षण कार्यकलापहरूको सैद्धान्तिक र व्यावहारिक पक्षको अध्ययन गर्नका लागि प्रश्नावली र कक्षा अवलोकन फारम तयार पारियो । जसमा नमुना क्षेत्रका कक्षा सातका नेपाली भाषा शिक्षकहरूलाई पहिले २८ वटा प्रश्नहरूअन्तर्गत २६ वटा वस्तुगत प्रश्नहरू र २ वटा प्रश्न शिक्षकको आफ्नै धारणा बुझ्न सकिने प्रश्न समावेश गरिएको थियो । विषय शिक्षकले सैद्धान्तिक रूपमा प्रश्नावली फारम भर्ने काम गरे तापनि त्यसको व्यावहारिक पक्ष पत्ता लगाउन प्रश्नावली भरिसकेपछि शिक्षकले कथा शिक्षण गरिहेको बेला अध्येता स्वयम उपस्थिति भई कक्षा अवलोकन फारम भर्ने काम गरियो । यी दुवै फारमबाट प्राप्त नतिजालाई प्रतिशतमा देखाई यसको सैद्धान्तिक र व्यावहारिक पक्षको अध्ययन यहाँ प्रस्तुत गरिएको छ ।

#### ५.१.१ पाठ्यक्रमको अध्ययन

पाठ्यक्रमको अध्ययन सम्बन्धमा शिक्षकको सैद्धान्तिक र व्यावहारिक पक्षको सम्बन्धमा शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ ।

तालिका नं. ५.१

पाठ्यक्रमको अध्ययन

| शिक्षक प्रश्नावलीको तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| अध्ययन गर्ने | नगर्ने | कहिलेकाहीँ गर्ने | जम्मा | अध्ययन गर्ने | नगर्ने | कहिलेकाहीँ गर्ने | जम्मा |
| १० | - | - | १० | ६ | ३ | १ | १० |
| १००% | - | - | १०% | ६०% | ३०% | १०% | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा नमुना विद्यालयका १० जना (१००%) शिक्षकहरूले नै कथा शिक्षण गर्नुपूर्व पाठ्यक्रमको अध्ययन गर्ने कुरा बताएको पाइयो । विद्यालय तथा विश्व विद्यालय तहका शिक्षण सिकाइको मुख्य केन्द्र पाठ्यक्रम हो र यसको प्रयोग स्थल कक्षाकोठा भएकोले सोही अनुसारको शिक्षण विधि र कार्यकलाप सञ्चालन गर्नुपर्दछ । पाठ्यक्रमको प्रयोगकर्ता पनि शिक्षक नै भएकोले शिक्षक प्रश्नावलीमा पाठ्यक्रम अध्ययन सम्बन्धमा सन्तोषजनक रहेको पाइयो ।

कक्षा अवलोकनको क्रममा पाठ्यक्रम अध्ययनसम्बन्धी अध्ययन गर्दा नमुना छनोटका विद्यालयका १० जना शिक्षकहरू मध्ये ६ जना (६०%) शिक्षकले मात्र पाठ्यक्रमको अध्ययन गरेको पाइयो । ३ जना (३०%) शिक्षकले पाठ्यक्रमको अध्ययन नगरी शिक्षण कार्य गरेको र १ जना (१०%) शिक्षकले कहिलेकाहीँ गरेको पाइयो । सम्पूर्ण शैक्षिक कार्यकलापको नेतृत्व पाठ्यक्रमले गरेको हुन्छ । विद्यार्थीहरूलाई हाँसिल गराउनु पर्ने क्रियाकलापहरूको छनोट गरेर उनीहरूलाई सिकाउनुपर्ने उद्देश्य समेत यसमा किटान गरिएको हुन्छ । त्यसैले प्रत्येक शिक्षकहरूले कथा शिक्षण गर्नुपूर्व पाठ्यक्रमको अध्ययन गर्नु आवश्यक छ । तर केही शिक्षकहरूले पाठ्यक्रमको अध्ययन गरेर कथा शिक्षण गरे पनि केही शिक्षकहरूले पाठ्यक्रमको अध्ययन नगरी पाठ्यपुस्तकलाई मात्र आधार बनाएर आफू खुसी शिक्षण गरेको देखियो । यस आधारमा भन्न सकिन्छ पाठ्यक्रमको अध्ययन सम्बन्धमा शिक्षकको सैद्धान्तिक र व्यावहारिक पक्षमा फरक रहेको देखिन्छ ।

### ५.१.२ पाठयोजना निर्माण

पाठयोजना निर्माण सम्बन्धमा शिक्षकको सैद्धान्तिक र व्यावहारिक पक्षको अध्ययन

**तालिका नं. ५.२**

**पाठयोजना निर्माण**

| शिक्षक प्रश्नावलीको तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| पाठ योजना बताउने | नबनाउने | कहिलेकाहीँ बनाउने | जम्मा | पाठयोजना बनाउन | नबनाउने | कहिलेकाहीँ बनाउने | जम्मा |
| ९ | – | १ | १० | ३ | ६ | १ | १० |
| ९०% | – | १०% | १००% | ३०% | ६०% | १०% | १००% |

माथिको तालिकालाई हेर्दा जम्मा १० जना शिक्षकहरूमध्ये शिक्षक प्रश्नावलीमा जम्मा ९ जना (९०%) शिक्षकले पाठयोजना बनाएको र १ जना (१०%) शिक्षकले कहिलेकाहीँ मात्र बनाउने गरेको पाइयो । प्रभावकारी शिक्षण कार्यकलाप, मूल्याङ्कन प्रक्रिया र उद्देश्य प्राप्तिका लागि पाठयोजना निर्माण गर्नुपर्छ । यसप्रकार शिक्षक प्रश्नावलीलाई हेर्दा १० जना शिक्षकहरू मध्ये ९ जना (९०%) शिक्षकले पाठयोजना जस्तो महत्त्वपूर्ण कार्य दैनिक रूपमा निर्माण गरी शिक्षण गर्नुले कथा शिक्षणको उद्देश्य प्रा हुने देखिन्छ ।

कक्षा अवलोकन गर्ने क्रममा पाठयोजना निर्माणको प्रकृतिलाई हेर्दा नमुना छनोटका १० शिक्षकहरूमध्ये ३ जना (३०%) शिक्षकले मात्र कथा शिक्षण गर्दा पाठयोजना निर्माण गरी शिक्षण गरेको पाइयो १ जना (१०%) शिक्षकले कहिलेकाहीँ मात्र बनाउने गरेको र छ जना (६०%) शिक्षकहरूले पाठयोजना निर्माण नै नगरी कथा शिक्षण गरेको पाइयो ।

शिक्षण सिकाइ कार्यकलापलाई उद्देश्यपूर्ण, गतिशील, सङ्गठित र जीवन्त बनाउन अनिवार्य पाठयोजना निर्माण गर्नु प्रत्येक शिक्षकको कतर्व्य हो । कथा शिक्षणको उद्देश्य भाषिक सीपको विकास गराउने भएकोले ती सीपहरूको शिक्षण गर्न शिक्षकको दैनिक पूर्वतयारी आवश्यक पर्ने भए तापनि कक्षा अवलोकन गर्दा नमुना विद्यालयका आधिकांश शिक्षकहरूले पाठयोजना प्रति वेवास्ता गरेको पाइयो । यसरी पाठयोजना सम्बन्धमा पनि शिक्षकको सैद्धान्तिक र व्यावहारिक पक्षमा फरक पाइयो । कथा शिक्षण पूर्वको तयारी कार्यमा शिक्षकहरूले कम ध्यान दिएको देखिन्छ ।

### ५.१.३ कथा शिक्षणको शुरुवात

कथा शिक्षणको शुरुवात कसरी गर्नु हुन्छ ? भन्ने प्रश्नमा प्रश्नाली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क यसप्रकार रहेको छ ।

### तालिका नं ५.३

### कथा शिक्षणको शुरुवात

| शिक्षक प्रश्नावलीको तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| पूर्वपाठमा आधारित | कथाको आकर्षक पक्ष सुनाएर | सस्वर वाचन गरेर | जम्मा | पूर्वपाठमा आधारित | कथाको आकर्षक पक्ष बनाएर | सस्वर वाचन | जम्मा |
| ६ | २ | २ | १० | ६ | – | ४ | १० |
| ६०% | २०% | २०% | १००% | ६०% | – | ४०% | १००% |

शिक्षक प्रश्नावली तथ्याङ्कलाई हेर्दा जम्मा १० जना शिक्षकहरू मध्ये ६ जना (६०%) शिक्षकहरूले पूर्वपाठको स्मरण गराउँदै कथा शिक्षणको शुरुवात गरेको पाइयो । २ जना (२०%) शिक्षकहरूले कथा शिक्षण गर्नुपूर्व कथाको कुनै आकर्षक पक्ष बताउँदै पाठको शुरुवात गरेको पाइयो । सस्वर पठन बाट पाठको शुरुवात गर्ने २ जना (२०%) रहेको पाइयो । शिक्षणीय कथाप्रति विद्यार्थीहरूको ध्यानाकर्षण गराउने खालको कार्य कलापबाट कथा शिक्षणको शुरुवात गरेमा विद्यार्थीहरू कथा प्रति आकर्षित हुन्छन् र सिक्न इच्छुक हुन्छन् । यसका लागि पूर्वपाठको स्मरण गराउँदै पनि पाठको शुरुवात गर्न सकिन्छ भने कथाको कुनै आकर्षक पक्ष बताएर पनि विद्यार्थीहरूलाई कथा प्रति ध्यानाकर्षण गराउन सकिन्छ । यसरी शिक्षक प्रश्नावलीलाई हेर्दा यी दुवै कार्यकलापमा ८ जना (८०%) शिक्षकले प्रयोग गर्नु राम्रो मानिन्छ ।

कक्षा अवलोकनको क्रममा कथा शिक्षणको शुरुवात गर्दा ६ जना (६०%) शिक्षकले मात्र पूर्वपाठमा आधारित भएर कथा शिक्षणको शुरुवात गरेको पाइन्छ । ४ जना (४०%) शिक्षकले सस्वर वाचन गरेर कथाको शुरुवात गरेको पाइयो । सस्वर पठन शुरुमै गराएमा विद्यार्थीमा कथा प्रति कम ध्यान जाने र सिक्नको लागि तयारी नभएको देखिन्छ । यसप्रकार पाठको शुरुवात सस्वरपठनबाट शुरु गर्नु भन्दा कथाको कुनै आकर्षक पक्ष वताएर वा

पूर्णपाठको  स्मरण गराउँदै शिक्षण गरे राम्रो हुने देखिन्छ । तर कक्षा अवलोकनमा भने केही शिक्षकहरूले सस्वरवाचनलाई प्रश्रय दिएको देखिन्छ ।

### ५.१.४ कथा शिक्षणका कार्यकलापहरू

कथा शिक्षण गर्दा सबै कर्याकलापहरूको प्रयोग गर्नुहुन्छ भन्ने प्रश्नमा शिक्षकहरूको प्रतिक्रिया र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको नतिजालाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५.४

कथा शिक्षणका कार्यकलापहरू

| शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| प्रयोग गर्ने | नगर्ने | सबै कार्यकलाप बारे थाहा नहुने | जम्मा | प्रयोग गर्ने | नगर्ने | सबै कार्यकलाप बारे जानकारी नहुने | जम्मा |
| १० | - | - | १० | - | ८ | २ | १० |
| १००% | - | - | १००% | - | ८० | २०% | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा शिक्षकको प्रतिक्रियामा शतप्रतिशत शिक्षकहरूले कथा शिक्षणका सबै कार्यकलापहरू गर्ने बताएको पाइयो । कथा शिक्षणको उद्देश्य भाषिक सीपको विकास गराउने भएकोले सबै कार्यकलापहरू महत्त्वपूर्ण छन् । कथा शिक्षणका सबै कार्यकलापहरू आवश्यकताअनुसार प्रयोग गरेमा विद्यार्थीहरूले हाँसिल गर्नु पर्ने सीपहरू सन्तुलित रूपमा विकास हुने देखिन्छ ।

कक्षा अवलोकनको क्रममा व्यावहारिक पक्ष फरक रहेको देखिन्छ । कक्षा अवलोकन गर्दा कथा शिक्षणका सबै कार्यकलापको प्रयोग नगर्ने ८ जना (८०%) रहेको पाइयो । सबै कार्यकलापबारे जानकारी नहुनेमा २ ज ना (२०%) शिक्षकहरू रहेको पाइयो । सबै कार्यकलापहरूको बारेमा राम्रो ज्ञान भएको शिक्षकले पनि सबै कार्यकलाप गर्न सम्भव नहुँने

प्रतिक्रिया दिँदै यसको व्यावहारिक पक्ष कमजोर रहेको बताएको पाइयो । अर्को कथा विधा शिक्षण जसले पनि गर्न सक्छ भन्ने सोचाइको कारण योग्यता नपुगेको शिक्षकहरूले पनि कथा शिक्षण गरेकोले कथा शिक्षणका सबै कार्यकलापबारे ज्ञान नभएको पाइयो ।

### ५.१.५ शिक्षण विधि

शिक्षण विधि सम्बन्धमा शिक्षकको सैद्धान्तिक र व्यावहारिक पक्षको अध्ययन

**तालिका नं. ५.५**

**शिक्षण विधि**

| शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| छलफल प्रश्नोत्तर विधि | व्याख्यान विधि | कक्षा प्रस्तुतिकरण विधि | जम्मा | छलफल/प्रश्नोत्तर विधि | व्याख्यान विधि | कक्षा प्रस्तुतिकरण विधि | जम्मा |
| ९ | १ | - | १ | ६ | ४ | - | १० |
| ९०% | १०% | - | १००% | ६०% | ४०% | - | १००% |

प्रस्तुत शिक्षक प्रश्नावली र कक्षा अवलोकनको तथ्याङ्कको आधारमा शिक्षकको व्यावहारिक र सैद्धान्तिक पक्षको विश्लेषण गर्न सकिन्छ । शिक्षक प्रश्नावलीको तथ्याङ्कलाई हेर्दा जम्मा १० जना शिक्षकहरू मध्ये ९ जना (९०%) शिक्षकहरूले कथा शिक्षण गर्दा छलफल/प्रश्नोत्तर विधिको प्रयोग गरिएको पाइयो । १ जना (१०%) शिक्षकले व्याख्यान विधिको प्रयोग गरिएको र कक्षा प्रस्तुतिकरण विधिको प्रयोग कुनै शिक्षकले पनि गरेको भेटिएन । प्रश्नोत्तर विधि बढी प्रजातान्त्रिक किसिमको हुन्छ । यसमा अध्यापन गर्नुपर्ने विषयवस्तु सम्बन्धित प्रश्नोत्तर गरी शिक्षण गरिने हुँदा शिक्षक र विद्यार्थीहरू बीच प्रश्न र उत्तरको आदान प्रदान गरी शिक्षण गरिन्छ । यसमा शिक्षक विद्यार्थी दुवै क्रियाशील हुन्छन् । त्यसैगरी छलफल विधिमा पनि कुनै समस्या माथि सामुहिक रूपमा विचारको आदान प्रदान गरिने हुँदा भाषिक सीप विकास गराउनका लागि उपयुक्त विधि मानिन्छ । व्याख्यान विधि प्रचलित र पुरानो विधि हो । यसलाई आवश्यकताअनुसार प्रयोग गर्न सकिने भए तापनि

आधारभूत तहका लागि त्यति उपयुक्त हुँदैन । शिक्षक प्रश्नावलीलाई हेर्दा ९ जना (९०%) शिक्षकले नै छलफल/प्रश्नोत्तर विधिको प्रयोग गरिएको पाइयो ।

कक्षा अवलोकनबाट यसको व्यावहारिक पक्षको अध्ययन गर्न सकिन्छ । कक्षा अवलोकन गर्दा छलफल तथा प्रश्नोत्तर विधिको प्रयोग गर्ने १० जना शिक्षकहरूमध्ये ६ जना (६०%) शिक्षकले मात्र प्रयोग गरिएको पाइयो । ४ जना (४०%) शिक्षकले व्याख्यान विधिको प्रयोग गरिएको पाइयो । सैद्धान्तिक रूपमा ९ जना (९०%) शिक्षकले छलफल प्रश्नोत्तर विधिको प्रयोग गर्ने बताए पनि ४ जना (४०%) शिक्षकले छलफल विधिलाई प्रश्रय दिएको र ६ जाना (६०%) शिक्षकले मात्र व्यावहारिक रूपमा प्रयोग गरेको पाइयो ।

### **५.१.६ कथा शिक्षणको प्रयोजन**

कथा शिक्षणको प्रयोजन के हो ? भन्ने सम्बन्धमा शिक्षकको सैद्धान्तिक र व्यावहारिक पक्षको तुलनात्मक अध्ययन निम्नानुसार गरिएको छ :

**तालिका नं. ५.६**

**कथा शिक्षणको प्रयोजन**

| शिक्षक प्रश्नावलीको तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| भाषिक सीप विकास | साहित्यिक आस्वादन | कथालेखन क्षमता | जम्मा | भाषिक सीप विकास | साहित्यिक आस्वादन | कथालेखन क्षमता विकास | जम्मा |
| ८ | - | २ | १० | ७ | १ | २ | १० |
| ८०% | - | २०% | १००% | ७०% | १०% | २०% | १००% |

कथा शिक्षणको खास प्रयोजन नै भाषिक सीपको विकास गराउने हो । शिक्षक प्रश्नावलीको तथ्याङ्कलाई हेर्दा भाषिक सीपको विकास गराउनु हो भन्नेमा ८ जना (८०%) शिक्षकहरूको मत रहेको पाइयो । २ जना (२०%) शिक्षकहरूले कथा लेखन क्षमताको विकास गराउनु भन्ने मत प्रस्तुत गरेको पाइयो ।

कक्षा अवलोकनको क्रममा भने जम्मा १० जना शिक्षकहरूमध्ये ७ जना (७०%) शिक्षकहरूले मात्र कथा विश्लेषणको प्रयोजनअनुरूप शिक्षण गरेको पाइयो भने ३ जना ( ३०%) शिक्षकहरूले कथा शिक्षणको प्रयोजन भन्दा बाहिर रहेर शिक्षण गरेको पाइयो । यही तथ्याङ्कको आधारमा पुष्टि हुन्छ कि हाम्रो विद्यालयका भाषा शिक्षकहरूले कथा शिक्षणको प्रयोजन नै थाहा नभइ भाषिक सीपहरूको शिक्षण कसरी गर्न सक्लान् ? केही शिक्षकहरूले सैद्धान्तिक रूपमा कथा शिक्षणको प्रयोजन भाषिक सीपको विकास गराउने भनेता पनि उनीहरूलाई भाषिक सीप नै के हो भन्ने बारे पूर्ण ज्ञान नभएको पाइयो कथा शिक्षणको उद्देश्य साहित्यिक रसास्वादन र मनोरञ्जन प्रदान गर्ने हेतुले शिक्षण गरेको देखियो । यसरी हेर्दा केही शिक्षकहरूले प्रयोजन प्रति लक्षित नभई अनावश्यक वाह्य प्रसङ्गसँग कथाको मूल मर्मसँग जोडेको पाइयो । तर धेरै शिक्षकहरूले भाषिक सीप आर्जन गर्नमै केन्द्रित भएको पाइयो ।

### ५.१.७ सामग्रीको प्रयोग

कथा शिक्षण गर्दा कस्ता सामग्रीको गर्नुहुन्छ ? भन्ने प्रश्नमा शिक्षक प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क यसप्रकार छ ।

**तालिका नं. ५.७**

**सामग्रीको प्रयोग**

| शिक्षक प्रश्नावलीको तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| पाठ्यपुस्तक मात्र | पाठ्पयपुस्तक अन्य सहायक सामग्री | स्थानीय आवश्यकतामा आधारित | जम्मा | पाठ्यपुस्तक मात्र | पाठ्यपुस्तक र अन्य सहायक सामग्री | स्थानीय आवश्यकतामा आधारित | जम्मा |
| - | ८ | २ | १० | ६ | ३ | १ | १० |
| - | ८०% | २०% | १००% | ६०% | ३०% | १०% | १००% |

माथिको तालिकाबाट शिक्षकको सैद्धान्तिक व्यावहारिक पक्षको विश्लेषण गर्न सकिन्छ । शिक्षक प्रश्नावलीको तथ्याङ्कलाई हेर्दा जम्मा १० जना शिक्षकहरू मध्ये ८ जना (८०%) शिक्षकले सहायक सामग्रीको पनि प्रयोग गर्ने गरेको पाइयो । २ जना (२०%) शिक्षकले स्थानीय आवश्यकतामा आधारित सामग्रीको प्रयोग गरेको पाइयो । यस

तथ्याङ्कलाई हेर्दा शत प्रतिशत शिक्षकहरूले नै कथा शिक्षण गर्दा सामग्रीको प्रयोग गर्ने गरेको देखिन्छ । शिक्षण सिकाइलाई प्रभावकारी रुचिपूर्ण र दिगो बनाउन शैक्षिक सामग्रीको प्रयोग गर्नु आवश्यक छ । शैक्षिक सामग्रीबाट विद्यार्थीलाई बुझाउन सजिलो हुने र सिकाइ उपलब्धिमा समेत सुधार हुने देखिन्छ । तथ्याङ्कलाई हेर्दा स्थानीय आवश्यकतामा आधारित सामग्रीको पनि प्रयोग गरेको पाइयो । यसबाट बढी मोल पर्ने उच्च स्तरका शैक्षिक सामग्री उपलब्ध हुन नसकेमा स्थानीय सुपथ मूल्यका र शिक्षक विद्यार्थी दुवै परिचित सामग्रीको प्रयोगले पठनपाठन अझ प्रभावकारी हुन्छ ।

कक्षा अवलोकनको तथ्याङ्कलाई हेर्दा जम्मा १० जना शिक्षकहरूमध्ये ६ जना (६०%) शिक्षकले पाठ्यपुस्तकलाई मात्र आधार बनाई शिक्षण गरेको पाइयो । ३ जना (३०%) शिक्षकले पाठ्यपुस्तक र अन्य सहायक सामग्रीको प्रयोग गरेको र १ जना (१०%) शिक्षकले स्थानीय सामग्रीको प्रयोग गरेको पाइयो । पाठ्यपुस्तकको भरमा मात्र शिक्षण गर्दा विद्यार्थीले ढिलो बुझ्ने र चाडो विर्सने समस्या भए पनि अधिकांश शिक्षकहरूले पाठ्यपुस्तकलाई आधार बनाई शिक्षण गरेको पाइयो । सैद्धान्तिक रूपमा शत प्रतिशत शिक्षकहरूले कथा शिक्षण गर्दा, सामग्रीको प्रयोग गर्ने बनाए पनि त्यसको व्यावहारिक पक्ष भने कमजोर रहेको पाइयो ।

### ५.१.८ सामूहिक छलफल

कथा शिक्षण गर्दा सामुहिक छलफल गराउनु हुन्छ ? भन्ने प्रश्नमा शिक्षकको सैद्धान्तिक र व्यावहारिक पक्षको तुलना ।

**तालिका नं. ५.८**

**सामूहिक छलफल**

| शिक्षक प्रश्नावलीको तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| गराउने | नगराउने | कहिलेकाहीँ गराउने | जम्मा | गराउँने | नगराउने | कहिलकाही गराउने | जम्मा |
| १० | – | – | १० | ४ | ५ | १ | १० |
| १००% | – | – | १००% | ४०% | ५०% | १०% | १००% |

माथिको तालकाबाट शिक्षक प्रश्नावलीको तथ्याङ्कलाई विश्लेषण गर्दा शतप्रतिशत शिक्षकहरूले कथा शिक्षण गर्दा सामुहिक छलफल गराउने गरेको पाइयो । कथा शिक्षण गर्दा समूह-समूह विभाजन गरी कुनै समस्या माथि छलफल गर्न लगाएमा विद्यार्थीका सक्रिय सहभागिता रहन्छ । साथै विद्यार्थीहरूले आ-आफ्नो अनुभव आदान प्रदान गर्ने मौका समेत पाउने हुनाले यसबाट विद्यार्थीहरूमा ज्ञान, सीप र अभिवृत्ति तिनै पक्षको विकास हुन सक्छ । शिक्षक प्रश्नावलीलाई हेर्दा कथा शिक्षणको क्रममा शतप्रतिशत शिक्षकहरूले सामूहिक छलफल गराएको पाइयो ।

कक्षा अवलोकनको क्रममा सामूहिक रूपमा छलफल गराउने सम्बन्धमा फरक पाइयो । शतप्रतिशत शिक्षकहरूले सैद्धान्तिक रूपमा कथा शिक्षण गर्दा सामूहिक छलफल गराउने भने पनि यसको व्यावहारिक पक्ष कमजोर देखिन्छ । जम्मा १० जना शिक्षकहरूमध्ये ४ जना (४०%) शिक्षकहरूले मात्र कथा शिक्षण गर्दा सामुहिक छलफल गर्न लगाएको पाइयो भने ५ जना (५०%) शिक्षकले सामूहिक छलफल गराएको भेटिएन । १ जना (१०%) शिक्षकले कहिले काही मात्र गराएको पाइयो । अधिकांश शिक्षकहरूले कथा शिक्षण गर्दा व्यक्तिगत रूपमा प्रश्न गर्ने र जान्ने विद्यार्थीले त्यो प्रश्नको हल गरिहाल्ने र अन्य विद्यार्थीहरू निष्क्रिय रहने गरेको पाइयो ।

### ५.१.९ शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग

कथा शिक्षण गर्दा शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग सम्बन्धमा शिक्षकहरूको सैद्धान्तिक र व्यावहारिक पक्षको अध्ययन ।

**तालिका नं. ५. ९**

**शुद्धोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग**

| शिक्षक प्रश्नावलीको तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | कहिलेकाहीँ लगाउने | जम्मा | लगाउने | नलगाउने | कहिलेकाहीँ लगाउने | जम्मा |
| १० | - | - | १० | १० | - | - | १० |
| १००% | - | - | १००% | १००% | - | - | १००% |

तालिकाबाट शिक्षक प्रश्नावलीको तथ्याङ्कलाई हेर्दा कथा शिक्षणको क्रममा शत प्रतिशत शिक्षकहरूले शब्दार्थ शिक्षण, शुद्धोच्चारण र वाक्यमा प्रयोग गर्ने कार्यकलाप गरेको पाइयो । कक्षा अवलोकनको तथ्याङ्कलाई हेर्दा पनि शतप्रतिशत शिक्षकहरूले नै कथा शिक्षण गर्दा यी तिनै वटा कार्यकलाप गरेको पाइयो । उच्चारणको सम्बन्ध मौखिक अभिव्यक्ति सँग भए पनि हरेक भाषिक सीपसँग यसको सम्बन्ध गाँसिएको हुन्छ । त्यसै गरी भाषालाई ग्रहण र अभिव्यक्तिको दृष्टिले अर्थपूर्ण, आशयपूर्ण र प्रभावकारी बनाउन र सोही अनुरूप शब्दको उपयोग गर्ने सीप हाँसिल गराउन साथै शब्दभण्डार क्षमताको विकास गराउन समेत शब्दार्थ शिक्षण अनिवार्य सर्त हो । विद्यार्थीहरूलाई वाक्यमा प्रयोग गर्न लगाउनाले त्यस्तै अन्य नयाँ वाक्यहरूको निर्माण गर्न सक्ने क्षमताको विकास हुन्छ । यस प्रकार यी तिनै कार्यकलाप भाषिक सीप विकासका लागि महत्त्वपूर्ण छन् । यी कार्यकलापको सम्बन्धमा सैद्धान्तिक र व्यावहारिक पक्षमा समानता रहेकोले यी कार्यकलापहरूलाई शिक्षकहरूले महत्त्वका साथ हेरेको पाइयो ।

### ५.१.१० कथाकथन

कथा शिक्षण गर्दा कथाकथन गर्न लगाउनु हुन्छ ? भन्ने प्रश्नमा शिक्षक प्रश्नावली फारम र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क यसप्रकार रहेको छ ।

तालिका नं. ५.१०

**कथाकथन**

| शिक्षक प्रश्नावलीकाबाट प्राप्त तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | कहिलेकाहीँ लगाउने | जम्मा | लगाउने | नलगाउने | कहिलेकाहीँ लगाउने | जम्मा |
| ७ | - | ३ | १० | ५ | २ | ३ | १० |
| ७०% | - | ३०% | १००% | ५०% | २०% | ३०% | १००% |

शिक्षक प्रश्नावलीको तथ्याङ्कलाई हेर्दा १० जना शिक्षकहरूमध्ये ७ जना ७०% शिक्षकहरूले कथा शिक्षण गर्दा कथाकथन कार्यकलाप अपनाएको पाइयो । ३ जना (३०%) शिक्षकले कहिले काहीँ मात्र अपनाएको पाइयो । कक्षा अवलोकनको क्रममा कथा शिक्षण

गर्दा कथाकथन कार्यकलाप गराउनेमा ५ जना (५०%) शिक्षकहरू रहेको र ३ जना (३०%) शिक्षकले कहिलेकाहीँ मात्र गरेको र २ जना (२०%) शिक्षकले गर्दै नगराएको पाइयो । कथाकथन एउटा महत्त्वपूर्ण एवम् रोचक मौखिक अभिव्यक्ति कला हो । यसबाट विद्यार्थीहरूमा सुनाइ, बोलाइ दुवै सीप विकासमा सघाउ पुग्ने र त्रुटि निराकरणका लागि पनि प्रभावकारी कार्यकलाप मान्न सकिन्छ । यसकारण कथा शिक्षण गर्दा कथाकथन कार्यकलाप गर्नु आवश्यक छ । तर केही शिक्षकहरूले यो कार्यकलाप प्रति ध्यान नदिएको पाइयो ।

### ५.१.११ घटनाक्रम मिलाउने

घटनाक्रम मिलाउने सम्बन्धमा शिक्षकहरूको सैद्धान्तिक र व्यावहारिक पक्षको अध्ययन ।

तालिका नं. ५.११

**घटनाक्रम मिलाउने**

| शिक्षक प्रश्नावलीकाबाट प्राप्त तथ्याङ्क | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | |
|---|---|---|---|---|---|
| आवश्यक ठान्ने | आवश्यक नठान्ने | जम्मा | आवश्यक ठान्ने | आवश्यक नठान्ने | जम्मा |
| १० | - | १० | ७ | ३ | १० |
| १००% | - | १००% | ७०% | ३०% | १००% |

प्रस्तुत तथ्याङ्कलाई विश्लेषण गर्दा कथा शिक्षण गर्दा घटनाक्रम मिलाउने कार्यकलाप आवश्यक ठान्ने शिक्षकहरू शत प्रतिशत रहेको पाइयो । कक्षा अवलोकनको क्रममा तथ्याङ्क फरक रहेको पाइयो । कक्षा अवलोकन गर्दा कथा शिक्षणको क्रममा घटनाक्रम मिलाउने कार्यकलाप अपनाउनेमा १० जना शिक्षकहरूमध्ये ७ जना (७०%) शिक्षक मात्र रहेको पाइयो । ३ जना शिक्षकले आवश्यक नठानेको पाइयो । यसबाट प्रस्ट हुन्छ की घटनाक्रम मिलाउने कार्यकलाप सम्बन्धमा पनि शिक्षकको सैद्धान्तिक र व्यावहारिक पक्ष परक रहेको छ । घटनाक्रम मिलाउने कार्यकलापले विद्यार्थीमा पढाइ सीपको विकास हुनका साथै सिलसिलाबद्ध रूपमा लेख्ने बानीको विकास हुन्छ । साथै विद्यार्थीहरूमा

सिर्जनात्मक सीप समेत विकास हुने भएकोले यस्तो कार्यकलाप गराउनु आवश्यक छ । तर केही शिक्षकहरूले यस्तो कार्यकलाप आवश्यक नठान्नुमा सुझ बुझको कमी, समयको अभाव र अल्छिपनपको कारण देखियो ।

### ५.१.१२ सस्वरपठन र मौन पठन

कथा शिक्षण गर्दा सस्वर पठन र मौन पठन गराउनु हुन्छ ? भन्ने प्रश्नमा शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क यसप्रकार छ ।

तालिका नं. ५.१२

**सस्वरपठन र मौनपठन**

| शिक्षक प्रश्नावलीको प्राप्त तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| गराउने | नगराउने | कहिलेकाहीँ गराउने | जम्मा | गराउने | नगराउने | कहिलेकाहीँ गराउने | जम्मा |
| १० | - | - | १० | १० | - | - | १० |
| १००% | - | - | १००% | १००% | - | - | १००% |

माथिको तालिकालाई हेर्दा शिक्षक प्रश्नावलीको फारमबाट प्राप्त तथ्याङ्क अनुसार कथा शिक्षण गर्दा १० जना (१००%) शिक्षकहरूले नै गरेको पाइयो । कक्षा अवलोकनलाई हेर्दा पनि शतप्रति शिक्षकहरूले नै कथा शिक्षण गर्दा सस्वर र मौन पठन कार्य कलाप गराएको पाइयो । सस्वर पठन पढाइ सीप विकासको महत्त्वपूर्ण र प्रारम्भिक चरण हो । यसले लेख्य निकटमा पूऱ्याउने भएकोले यसको अभ्यासपछि कथा बोधको लागि मौन पठन कार्यकलाप गराउनु पर्दछ । सस्वर पठन र मौन पढाइ सीप विकासका लागि महत्त्वपूर्ण मानिन्छ । सस्वर पठन र मौन पठनको सम्बन्धमा शिक्षकको सैद्धानितक र व्यावहारिक पक्ष समान रहेकोले यस सम्बन्धमा सन्तोषजनक पाइयो ।

### ५.१.१३ वस्तु तथा चित्र वर्णन

कथा शिक्षण गर्दा वस्तु तथा चित्र वर्णनलाई कत्तिको ध्यान दिनुहुन्छ ? भन्ने प्रश्नमा शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क यसप्रकार रहेको छ ।

## तालिका नं. ५.१३

## वस्तु तथा चित्र वर्णन

| शिक्षक प्रश्नावलीकाबाट प्राप्त तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| धेरै दिने | अलि अलि दिने | आवश्यक नठान्ने | जम्मा | धेर दिने | अलि अलि दिने | आवश्यक नठान्ने | जम्मा |
| ८ | २ | – | १० | ३ | ६ | १ | १० |
| ८०% | २०% | – | १००% | ३०% | ६०% | १०% | १००% |

माथिको तालिबाबाट शिक्षक प्रश्नावलीको तथ्याङ्कलाई विश्लेषण गर्दा १० जना शिक्षकहरूमध्ये ८ जना (८०%) शिक्षकहरूले कथा शिक्षण गर्दा वस्तु तथा चित्र वर्णनलाई धेरै ध्यान दिने गरेको पाइयो । २ जना (२०%) शिक्षकले अलि अलि मात्र ध्यान दिने गरेको र आवश्यक नठान्नेमा कोही शिक्षकको मत नरहेको पाइयो । कक्षा अवलोकनको तथ्याङ्कलाई) हेर्दा शिक्षकको व्यावहारिक र सैद्धान्तिक पक्ष फरक रहेको पाइयो । जम्मा १० जना शिक्षकहरूमध्ये ३ जना (३०%) शिक्षकले मात्र कथा शिक्षण गर्दा वस्तु तथा चित्रवर्णनलाई ध्यान दिएको पाइयो । ६ जना (६०%) शिक्षकले अलि अलि ध्यान दिएको र १ जना (१०%) शिक्षकले आवश्यक नहुने बनाएको पाइयो ।

मौखिक अभिव्यक्ति कला विकासमा वस्तु तथा चित्र वर्णन कार्यकलापले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यस्तो कार्यकलापबाट कुनै पनि वस्तु वा रूपाकृतिलाई नियाल्ने, धारणा गर्ने चिन्ने, कल्पना, अनुमान गर्ने र तर्क गर्ने जस्ता उच्चस्तरीय क्षमता विकास र मौखिक अभिव्यक्ति विकास गर्न यस्तो कार्यकलाप गराउन आवश्यक छ । तर सैद्धान्तिक रूपमा सबै शिक्षकले यस्तो कार्यकलापलाई महत्त्वका साथ प्रयोग गरे पनि व्यावहारिक रूपमा यस्तो कार्यकलापलाई वेवास्ता गरेको पाइयो ।

### ५.१.१४ बोध प्रश्नोत्तर

बोध प्रश्नोत्तर सम्बन्धमा शिक्षकको सैद्धान्तिक र व्यावहारिक पक्षको अध्ययन

तालिका नं. ५.१४

**बोध प्रश्नोत्तर**

| शिक्षक प्रश्नावलीकाबाट प्राप्त तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| गराउन | नगराउने | कहिलेकाहीँले गराउने | जम्मा | गराउने | नगराउने | कहिलेकाहीँ गराउने | जम्मा |
| ८ | - | २ | १० | ८ | - | २ | १० |
| ८०% | - | २०% | १००% | ८०% | - | २०% | १००% |

प्रस्तुत तालिकामा कथा शिक्षण गर्दा बोध प्रश्नोत्तर गराउनु हुन्छ ? भन्ने प्रश्नमा जम्मा १० जना शिक्षणहरूमध्ये ८ जना (८०%) शिक्षकले कथा शिक्षण गर्दा बोध प्रश्नोत्तर गराएको पाइयो । नगराउनेमा कुनै पनि शिक्षकको मत भेटिएन ।

कक्षा अवलोकनको क्रममा पनि १० जना शिक्षक मध्ये ८ जना (८०%) शिक्षकले नै कथा शिक्षण गर्दा बोधप्रश्नोत्तर गराएको पाइयो । २ जना (२०%) शिक्षकले कहिलेकाहीँ मात्र यस्ता कार्यकलाप गराएको पाइयो ।

कक्षा अवलोकन र प्रश्नावली फारमबाट प्राप्त तथ्याङ्कलाई हेर्दा बोध प्रश्नोत्तर कार्यकलाप सम्बन्धमा शिक्षकको सैद्धान्तिक र व्यावहारिक पक्ष समान रहेको पाइयो । यसरी बोध प्रश्नोत्तर सम्बन्धमा विषय शिक्षकहरू सचेत रहेको देखिए पनि बोधप्रश्नोत्तर गर्दा पहिले मौनपठन गर्न लगाई प्रश्न सोध्नुको सट्टा आफूले पढाएको पाठ मौन पठन गर्न नलगाई प्रश्न सोधेको पाइयो । विद्यार्थीहरूलाई बीच बीचमा प्रश्न सोधेको र विद्यार्थीले पाठ, पढ्न नपाइ शिक्षकले बताएको आधारमा मात्र उत्तर बताउनु पर्दा विद्यार्थीहरू उत्तर भन्न नसकी अल्मलिएको पाइयो । केही शिक्षकहरूले मात्र विद्यार्थीलाई मौन रूपमा पाठ पढ्न लगाई बोधसम्बन्धी प्रश्न सोधेको पाइयो । विद्यार्थीहरूमा पढेर बुझ्ने क्षमताको विकास गराउन, विद्यार्थीको बुझाइको स्तर थाहा पाउन र सोही अनुरूपका शिक्षण गर्न र पृष्ठपोषण

गर्न यस्तो अभ्यास अत्यान्त महत्त्वपूर्ण छ । त्यसैले सबै शिक्षकहरूको यसतर्फ ध्यान जान जरुरी छ ।

### ५.१.१५ उखान टुक्काको प्रयोग

कथा शिक्षण गर्दा उखान टुक्को प्रयोग कत्तिको आवश्यक ठान्नु हुन्छ ? भन्ने प्रश्नमा शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क यसप्रकार रहेको छ :

तालिका नं. ५.१५

उखान टुक्काको प्रयोग

| शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| आवश्यक ठान्ने | आवश्यक नठान्ने | गर्नु राम्रो | जम्मा | आवश्यक ठान्ने | आवश्यक नठान्ने | गर्नु राम्रो | जम्मा |
| ६ | – | ४ | १० | ५ | १ | ४ | १० |
| ६०% | – | ४०% | १००% | ५०% | १०% | ४०% | १००% |

माथिको तालिकाबाट शिक्षक प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्दा प्रश्नावलीमा जम्मा १० जना शिक्षकहरू मध्ये ६ जना (६०%) शिक्षकले कथा शिक्षण गर्दा उखान टुक्काको प्रयोग गरेको पाइयो । कथा शिक्षण गर्दा उखान टुक्को प्रयोग आवश्यक नठान्नेमा कुनै शिक्षकको धारणा पाइएन । गर्नु राम्रो भन्नेमा ४ जना (४०%) शिक्षकहरूको मत रहेको पाइयो । कथामा प्राय उखान टुक्काको प्रयोग गरिएको हुन्छ ।

यस्ता उखान टुक्काहरू रोचक खालका हुन्छन् । कथा शिक्षण गर्दा यस्ता उखान टुक्काहरूको प्रयोग गर्दै शिक्षण गर्नाले शिक्षण रोचक हुने देखिन्छ । त्यसैले कथा शिक्षण गर्दा टुक्काको प्रयोग गर्नुपर्दछ । शिक्षक प्रश्नावलीलाई हेर्दा धेरै शिक्षकले आवश्यक ठाने पनि केही शिक्षकहरूले गर्दा राम्रो भन्ने मत प्रस्तुत गरेको पाइयो ।

कक्षा अवलोकनको क्रममा १० जना शिक्षकहरू मध्ये ५ जना (५०%) शिक्षकले मात्र कथा शिक्षण गर्दा उखान टुक्काको प्रयोग गर्ने कार्यकलाप गराएको पाइयो । ४ जना (४०%)

शिक्षकले गर्दा राम्रो भन्ने मत प्रस्तुत गरेको र १ जना (२०%) शिक्षकले आवश्यक नठानेको पाइयो ।

उखान टुक्का भाषाका विशिष्ट प्रयोग प्रचलनका आधारित निधि हुन् । यसमा थोरैमा धेरै भन्न सक्ने, सरल तरिकाले भाषिक अभिव्यक्तिलाई स्वादिष्ट र सौन्दर्ययुक्त बनाउने र समाजले परापुर्वकालदेखि अनुभव गर्दै आएका अनुकरणीय भाषिक प्रयोग यसमा प्रयोग भएको हुन्छ । यी विविध प्रसङ्गमा उखान टुक्काको शिक्षण गर्नु आवश्यक छ । साथै यसबाट उत्कृष्ट अभिव्यक्ति क्षमता विकास गर्न समेत सहयोग पुग्दछ । तर सैद्धान्तिक रूपमा सबै शिक्षकहरूले कथा शिक्षण गर्दा यसको प्रयोग गर्ने बताए पनि व्यावहारिक रूपमा केही शिक्षकहरूले मात्र यसको प्रयोग गरेको र गर्नु राम्रो भन्ने शिक्षकहरूले यो कार्यकलाप गरेको पाइएन ।

### ५.१.१६ व्याख्या वा भाव विस्तार

व्याख्या वा भाव विस्तार सम्बन्धमा शिक्षकको सैद्धान्तिक र व्यावहारिक पक्षको अध्ययन

तालिका नं. ५.१६

**व्याख्या वा भाव विस्तार**

| शिक्षक प्रश्नावलीकाबाट प्राप्त तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| आवश्यक छ | आवश्यक छैन | आवश्यक अनुसार गराउनु पर्छ | जम्मा | आवश्यक छ | आवश्यक छैन | आवश्यकताअनुसार गर्नुपर्छ | जम्मा |
| ८ | - | २ | १० | ४ | - | ६ | १० |
| ८०% | - | २०% | १००% | ४०% | - | ६०% | १००% |

मापथको तालिकाबाट शिक्षक प्रश्नावलीको तथ्याङ्कलाई विश्लेषण गर्दा जम्मा १० जनामा ८ जना (८०%) शिक्षकहरूले कथा शिक्षण गर्दा व्याख्या वा भाव विस्तार कार्यकलाप गराउन आवश्यक रहेको बनाएको पाइयो । ५ जना (२०%) शिक्षकले आवश्यकताअनुसार

गराउनुपर्ने बताएको र कथा शिक्षण गर्दा व्याख्या वा भाव विस्तार गर्ने कार्यकलाप आवश्यक नठान्ने कुनै पनि शिक्षक भेटिएन । शिक्षक प्रश्नावली प्राप्त तथ्याङ्कअनुसार शिक्षकको सैद्धान्तिक पक्ष सन्तोषजनक पाइयो ।

कक्षा अवलोकनको क्रममा तथ्याङ्क फरक रहेको पाइयो । जम्मा १० जना शिक्षकहरूमध्ये ४ जना (४०%) शिक्षकहरूले मात्र कथा शिक्षणको क्रममा व्याख्या वा भावविस्तार कार्यकलाप अपनाएको पाइयो । ६ जना (६०%) शिक्षकहरूले आवश्यकताअनुसार गराएको पाइयो । कथाको बारेमा वा विषयवस्तु पुष्टि गर्नका लागि यसको व्याख्या र भाव बताउन आवश्यक भए पनि केही शिक्षकहरूले यस प्रति ध्यान नदिएको पाइयो ।

**५.१.१७ कथा लेखन अभ्यास**

कथा शिक्षण गर्दा कथा लेखन अभ्यास गराउनु हुन्छ ? भन्ने प्रश्नमा शिक्षकको सैद्धान्तिक र व्यावहारिक पक्षको अध्ययन

तालिका नं. ५.१७

**कथा लेखन अभ्यास**

| शिक्षक प्रश्नावलीकाबाट प्राप्त तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| गराउने | नगराउने | कहिलेकाहीँ गराउने | जम्मा | गराउने | नगराउने | कहिलेकाहीँ गराउने | जम्मा |
| ८ | - | २ | १० | ७ | १ | २ | १० |
| ८०% | - | २०% | १००% | ७०% | १०% | २०% | १००% |

माथिको तालिकाबाट तथ्याङ्कको विश्लेषण गर्दा शिक्षक प्रश्नावली अनुसार जम्मा १० जना शिक्षकहरू मध्ये ८ जना (८०%) शिक्षकले कथा शिक्षण गर्दा कथा लेखन अभ्यास गराएको पाइयो । २ जना (२०%) शिक्षकहरूले कहिलेकाहीँ मात्र गराएको र नगराउनेमा कुनै पनि शिक्षक भेटिएन । यस आधारमा कथा लेखन अभ्यासको सम्बन्धमा शिक्षकको सैद्धान्तिक पक्ष राम्रो रहेको पाइयो ।

कक्षा अवलोकनबाट यसको व्यावहारिक पक्षको अध्ययन गर्दा कथा शिक्षण गर्दा कथा लेखन अभ्यास गराउनेमा ७ जना (७०%) शिक्षकहरू पाइयो । नगराउने १ जना ( १०%) र कहिलेकाहीँ गराउनेमा २ जना (२०%) शिक्षक रहेको पाइयो । कथा लेखन अभ्यासबाट विद्यार्थीहरूमा कथा लेखन क्षमताको विकास हुने, सिर्जनात्मक क्षमताको विकास हुने, कथा लेख्न अभिप्रेरित भई अन्य कथा निर्माण गर्न सक्ने क्षमताको विसका हुने भएकोले कथा लेखन अभ्यास गराउन आवश्यक छ । तर सैद्धान्तिक रूपमा शिक्षकहरूमा यस प्रति ज्ञान भए पनि व्यावहारिक रूपमा केही शिक्षकहरूले कार्यान्वयन नगरेको पाइयो ।

**५.१.१८ विशिष्ट पङ्क्ति एवम् सारांश कथन**

कथा शिक्षण गर्दा विशिष्ट पङ्क्ति एवम् सारांश कथन गर्ने सम्बन्धमा शिक्षक प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ यसप्रकार रहेको छ ।

तालिका नं. ५.१८

**विशिष्ट पङ्क्ति एवम् सारांश कथन**

| शिक्षक प्रश्नावलीको तथ्याङ्क | | | | कक्षा अवलोकनको तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| गर्न गराउने | नगराउने | कहिलेकाहीँ लगाउने | जम्मा | गर्न गराउने | नगराउने | कहिलेकाहीँ लगाउने | जम्मा |
| ८ | - | २ | १० | ८ | - | २ | १० |
| ८०% | - | २०% | १००% | ८०% | - | २०% | १००% |

प्रस्तुत तालिकाबाट शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई हेर्दा जम्मा १० जना शिक्षकहरूमध्ये ८ जना (८०%) शिक्षकले कथा शिक्षण गर्दा विशिष्ट पङ्क्ति एवम् सारांश कथन गर्न लगाएको पाइयो । २ जना (२०%) शिक्षकहरूले कहिले काहीँ मात्र गर्न लगाएको पाइयो । कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा पनि ८ जना (८०%) शिक्षकले कथा शिक्षण गर्दा विशिष्ट पङ्क्ति एवम् सारांश कथन गर्न लगाएको पाइयो । २ जना (२०%) शिक्षकले कहिले काहीँ गर्न लगाएको पाइयो । कथामा व्यक्त विषयवस्तुले भन्न खोजेको मुख्य-मुख्य कुरा भन्न, स्मरण गर्नका लागि प्रयोग गर्नुपर्ने यस्तो कार्यकलापको सम्बन्धमा शिक्षकको सैद्धान्तिक र व्यावहारिक पक्षमा समानता रहेको देखियो ।

### ५.१.१९ भाषातत्त्व र व्याकरण

कथा शिक्षण गर्दा भाषातत्त्व र व्याकरणको अभ्यास गराउन हुन्छ ? भन्ने प्रश्नमा शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क यसप्रकार रहेको छ :

तालिका नं. ५.१९

**भाषातत्त्व र व्याकरण**

| शिक्षक प्रश्नावलीकाबाट प्राप्त तथ्याङ्क | | | | कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| गराउने | नगराउने | राम्रो ज्ञान नभएको | जम्मा | गराउने | नगराउने | राम्रो ज्ञान नभएको | जम्मा |
| १० | - | - | १० | १० | - | - | १० |
| १००% | - | - | १००% | १००% | - | - | १००% |

माथिको तालिकाबाट शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्कलाई हेर्दा कथा शिक्षण गर्दा शतप्रतिशत शिक्षकहरूले नै भाषातत्त्व र व्याकरणको अभ्यास गराएको पाइयो । कक्षा सातमा व्याकरण शिक्षण गर्नुको उद्देश्य सामान्य व्याकरण सम्बन्धी सीपको विकास गराउनु हो । आधारभूत तहमा व्याकरण शिक्षण गर्दा सरल जटिलको क्रममा आगमनात्मक तरिकाले व्याकरण सुझको विकास गरी सामान्य नियम निर्माण र पालन गर्न सक्ने अभिप्राय राखी यसको प्रयोग र अभ्यासलाई अघि बढाउनुपर्छ । भाषातत्त्व र व्याकरण सम्बन्धमा शिकको व्यावहारिक र सैद्धान्तिक पक्षमा समानता रहे पनि कक्षा आवलोकन गर्दा केही शिक्षकहरूले निगमन पद्धति अपनाई जटिल तरिकाले शिक्षण गरेको पाइयो । यस्तो हुनुमा शिक्षकहरूमा भाषातत्त्व र व्याकरणिक सुझको अभाव रहेको पाइयो ।

### ५.१.२० विचार प्रस्तुत गर्ने मौका

कथा शिक्षणको क्रममा विद्यार्थीहरूलाई आफ्नो विचार प्रस्तुत गर्ने मौका दिनुहुन्छ ? भन्ने प्रश्नमा शिक्षक प्रश्नावली र कक्षा अवलोकन  फारामबाट प्राप्त तथ्याङ्क यसप्रकार रहेको छ ।

तालिका नं. ५.२०

विचार प्रस्तुत गर्ने मौका

| शिक्षक प्रश्नावलीकाबाट प्राप्त तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| दिने | नदिने | समय नभएको | जम्मा | दिने | नदिने | समय नभएको | जम्मा |
| १० | - | - | १० | ४ | ५ | १ | १० |
| १००% | - | - | १००% | ४०% | ५०% | १०% | १००% |

प्रस्तुत तालिकाबाट शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा जम्मा १० जना शिक्षकहरूमा शतप्रतिशत शिक्षकहरूले नै कथा शिक्षणको क्रममा विद्यार्थीलाई आफ्नो विचार प्रस्तुत गर्ने मौका दिने बनाएको पाइयो । कक्षा अवलोकनबाट यसको व्यावहारिक पक्ष अध्ययन गर्दा ४ जना (४०%) शिक्षकले मात्र कथा शिक्षण गर्दा विद्यार्थीलाई आफ्नो विचार प्रस्तुत गर्ने मौका दिएको पाइयो । ५ जना (५०%) शिक्षकले कथा शिक्षण गर्दा विचार प्रस्तुत गर्ने मौका नदिइ शिक्षक आफू मात्र सक्रिय भइ शिक्षण गरेको पाइयो । १ जना (१०%) शिक्षकले शिक्षणको समयलाई व्यवस्थापन गर्ने नसकेर यस्तो मौका प्रस्तुत गर्ने समय नपाएको पाइयो ।

शिक्षणको क्रममा शिक्षक विद्यार्थी दुवैको सक्रिय सहभागिता शिक्षक विद्यार्थी अन्तर्क्रियाद्वारा शिक्षण गरिएमा मात्र शिक्षण सार्थक भई सिकाइ प्रभावकारी हुने देखिन्छ । शिक्षणको क्रममा शिक्षकले विद्यार्थीहरूलाई प्रशस्त आफ्नो विचार प्रस्तुत गर्ने मौका दिनु पर्छ । यसबाट शिक्षकले विद्यार्थीको धारणा बुझि सोहीअनुसारको शिक्षण विधि तथा कार्यकलाप अपनाउनु पर्ने हुन्छ । विद्यार्थीले जति आफ्नो विचार स्वतन्त्र रूपमा प्रस्तुत गर्ने मौका पाउँछ । त्यति नै सिकाइप्रति प्रेरित हुँदै जाने भएकोले कथा शिक्षणको क्रममा विद्यार्थीलाई प्रशस्त विचार प्रस्तुत गर्ने मौका दिनु शिक्षकको कतर्व्य हो ।

**५.१.२१ सामग्रीको प्रयोग**

कथा शिक्षण गर्दा श्रव्य दृश्य सामग्रीको प्रयोग गर्नु हुन्छ ? भन्ने प्रश्नमा  शिक्षकको सैद्धान्तिक र व्यावहारिक पक्षको अध्ययन ।

तालिका नं. ५.२१

**सामग्रीको प्रयोग**

| शिक्षक प्रश्नावलीकाबाट प्राप्त तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | उपलब्ध नभएको | जम्मा | गर्ने | नगर्ने | उपलब्ध नभएको | जम्मा |
| ७ | – | ३ | १० | १ | ५ | ४ | १० |
| ७०% | – | ३०% | १००% | १००% | ५०% | ४०% | १००% |

माथिको तालिकाबाट शिक्षक प्रश्नावलीको तथ्याङ्कलाई विश्लेषण गर्दा जम्मा १० जना शिक्षकहरू मध्ये ७ जना (७०%) शिक्षकहरूले कथा शिक्षण गर्दा श्रव्यदृष्य सामग्रीको प्रयोग गरेको पाइयो । ३ जना (३०%) शिक्षकले उपलब्ध नभएको प्रतिक्रिया दिएको पाइयो । कक्षा अवलोकनको क्रममा १० जना शिक्षकहरूमध्ये १ जना (१०%) शिक्षकले मात्र कथा शिक्षणको क्रममा श्रव्यदृष्य सामग्रीको प्रयोग गरेको पाइयो । ५ जना (५०%) शिक्षकले यस्तो सामग्रीको प्रयोग नगरेको र ४ जना (४०%) शिक्षकले उपलब्ध नभएको भनी बताएको पाइयो । सँधै भरी कक्षाकोठामा शिक्षकको लेक्चर सुन्न त्यति रमाइलो हुँदैन । शिक्षणलाई रोचक बनाउन विषयवस्तुसँग सम्बन्धित श्रव्यदृष्य सामग्रीको प्रयोग गर्नु आवश्यक छ । कथा शिक्षणलाई दिगो प्रभावकारी रुचिपूर्ण तरिकाले ज्ञानको निर्माण गर्न र कक्षामा उत्सुकतापूर्वक भाग लिने परिस्थिति निर्माण गर्न पनि यस्तो सामग्रीले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । तर पनि कतिपय विद्यालयहरूमा स्रोत साधनको अभावको कारण यसलाई प्रयोग गर्न चाहेर पनि प्रयोग गर्न नसकिएको र कतिपय विद्यालयमा यस्ता सामग्री प्रयोग गर्न सक्ने अवस्था भए पनि शिक्षकहरूले यस प्रति वेवास्ता गरेको पाइयो । सैद्धान्तिक रूपमा प्राय सबै शिक्षकले श्रव्य दृष्य सामग्रीको प्रयोग गर्ने बताए पनि यसको व्यावहारिक पक्ष भने अत्यन्तै कमजोर रहेको पाइयो ।

### ५.१.२२ गृहकार्य

कथा शिक्षण गरिसकेपछि गृहकार्यको सम्बन्धमा शिक्षकको सैद्धान्तिक र व्यावहारिक पक्षको अध्ययन ।

तालिका नं. ५.२२

**गृहकार्य**

| शिक्षक प्रश्नावलीकाबाट प्राप्त तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| गृहकार्य दिने | नदिने | कहिलेकाहीँ दिने | जम्मा | गृहकार्य दिने | नदिने | कहिलेकाहीँदिने | जम्मा |
| ८ | - | २ | १० | ७ | १ | २ | १० |
| ८०% | - | २०% | १००% | ७०% | १०% | २०% | १००% |

माथिको तालिकाबाट शिक्षक प्रश्नावलीको तथ्याङ्कलाई विश्लेषण गर्दा जम्मा १० जना शिक्षकहरूमध्ये १० जना (१००%) शिक्षकले नै कथा शिक्षण पछि अनिवार्य गृहकार्य दिएको पाइयो । कक्षा अवलोकनको क्रममा १० जना शिक्षकहरू मध्ये ७ जना (७०%) शिक्षकले मात्र कथा शिक्षण पछि गृहकार्य दिएको पाइयो । १ जना (१०%) शिक्षकले गृहकार्य नै नदिने गरेको र ३ जना (३०%) शिक्षकले कहिलेकाहीँ दिने गरेको पाइयो । गृहकार्यले विद्यार्थीलाई आफ्नो सिकाइ प्रति उत्तरदायी बनाउने र जीवन पर्यान्त सिक्ने बानीको विकास गराउँछ । विद्यार्थीहरूको पूर्वज्ञान जाँच्न पढाइएका पाठ सिकाइएका सीप तथा सिकाउन बनाएका शैक्षिक उद्देश्य हाँसिल गर्न तयार पारिएको कार्यकलापहरूको अभ्यास गराउन, सिकेका ज्ञान सीप र अभिवृत्तिको व्यवहारमा प्रयोग गरी नयाँ ज्ञान सीपको निर्माण गर्न गृहकार्यले सहयोग गर्दछ । नमुना छनोटका १० वटा विद्यालयमा अध्येता स्वयम गई अवलोकन गर्दा गृहकार्य सम्बन्धमा भाषाशिक्षकहरूले वेवास्ता गरेको पाइयो । शिक्षकहरूले सैद्धान्तिक रूपमा दिने वताए पनि व्यावहारिक रूपमा यसको कार्यान्वयन नगरेको पाइयो केही शिक्षकहरूले गृहकार्य दिए पनि त्यसको जाँच नै नगरेको पाइयो ।

### ५.१.२३ विद्यार्थी विविधता

कथा शिक्षण गर्दा विद्यार्थी विविधतालाई सम्बोधन गर्ने सम्बन्धमा शिक्षकको व्यावहारिक र सैद्धान्तिक पक्षको अध्ययन निम्नानुसार गर्न सकिन्छ :

तालिका नं. ५.२३

विद्यार्थी विविधता

| शिक्षक प्रश्नावलीकाबाट प्राप्त तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| विविधता सम्बोधन गर्ने | नगर्ने | सम्भव नभएको | जम्मा | विविधता सम्बोधन गर्ने | नगर्ने | सम्भव नभएको | जम्मा |
| ९ | - | १ | १ | ४ | ५ | १ | १० |
| ९०% | - | १०% | १००% | ४०% | ५०% | १०% | १००% |

माथिको तथ्याङ्कबाट शिक्षक प्रश्नावलीको तथ्याङ्कलाई विश्लेषण गर्दा जम्मा १० जना शिक्षकहरूमध्ये ९ जना (९०%) शिक्षकले कथा शिक्षण गर्दा विद्यार्थी विविधतालाई सम्बोधन गर्दै शिक्षण गरेको पाइयो । कक्षामा धेरै विविधता भएका विद्यार्थीहरू उपस्थित हुने भएकोले यस्ता विविधतालाई सम्बोधन गर्दै शिक्षण गर्न असम्भव भएको भन्ने प्रतिक्रिया १ जना (१०%) शिक्षकको पाइयो । कक्षा अवलोकनको क्रममा यो तथ्याङ्क फरक रहेको पाइयो । जम्मा १० जना शिक्षकहरूमध्ये ४ जना (४०%) शिक्षकले मात्र विद्यार्थी विविधताको सम्बोधन गर्दै शिक्षण गरेको पाइयो । ५ जना (५०%) शिक्षकले यसको ख्याल नगरी शिक्षण गरेको पाइयो १ जना (१०%) शिक्षकले विद्यार्थी विविधतालाई सम्बोधन गर्दै शिक्षण गर्न सम्भव नहुने प्रतिक्रिया दिएको पाइयो । जबकी नेपाल जस्तो बहुभाषिक, बहुजातिय र बहुधार्मिक देशमा यस्ता विविधताका साथ सामाजिक प्रतिबिम्ब कक्षाकोठामा देखिनु स्वभाविक कुरा हो । अधिकांश कक्षाकोठामा विद्यार्थी विविधताको प्रकार हेर्न लायकको हुन्छ । यी विविधताहरूलाई विस्तार र व्यवस्थित गर्दै शिक्षण गरेको पाइन्न । केही शिक्षकहरूले विद्यार्थी विविधतालाई सम्बोधन गर्ने प्रयास गरे तापनि अधिकांश शिक्षकहरूले यस प्रति वेवास्ता गरी शिक्षण गरेको पाइयो । कुनै पनि शिक्षकले विद्यार्थी विविधता अनुसार शिक्षण सामग्रीमा विविधता ल्याएको पाइएन् । शिक्षण कार्यकलाप खास समूहको लागि एक तरिका र बाँकी अरूलाई गराएको भेटिएन । मुल्याङ्कन कार्यमा पनि साधन प्रयोग नगरेकाले सबै प्रकारका पृष्ठभूमिबाट आएका विद्यार्थीको लेखाजोखा गर्न नसकेको पाइयो । गृहकार्य

पनि सबै विद्यार्थीको लागि एकै किसिमको दिने गरेको पाइयो । यस्तो हुनुमा दक्ष शिक्षकको अभाव सामग्रीको उपलब्धता नहुनु, राष्ट्र व्यापी रूपमा एउटै पाठ्य पुस्तकको उपयोग गर्ने नीति हुनु, यस सम्बन्धी ज्ञान भएको शिक्षकले पनि यसलाई ध्यान नदिनु र शिक्षकहरू माफ विद्यार्थी विविधता र तिनको समावेशीकरणको सम्बन्धमा छलफल नहुने जस्ता कारणहरू पाइयो ।

### ५.१.२४ सहकार्यकलाप

कथा शिक्षण बाहेकका अन्य सहकार्यकलाप गराउनुहुन्छ ? भन्ने प्रश्नमा शिक्षक प्रश्नावली र कक्ष अवालोकन फारमबाट प्राप्त तथ्याङ्क यसप्रकार रहेको छ ।

**तालिका नं. ५.२४**

**सहकार्यकलाप**

| शिक्षक प्रश्नावलीकाबाट प्राप्त तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| गराउने | नगराउने | कहिलेकाहीँ गराउने | जम्मा | गराउने | नगराउने | कहिलेकाहीँ गराउने | जम्मा |
| ८ | - | २ | १० | ४ | ४ | २ | १० |
| ८०% | - | २०% | १००% | ४०% | ४०% | २०% | १००% |

माथिको तालिकाबाट शिक्षक प्रश्नावलीको तथ्याङ्कलाई विश्लेषण गर्दा जम्मा १० जना शिक्षकहरूमध्ये ८ जना (८०%) शिक्षकहरूले कथा शिक्षणका प्रमुख कार्यकलाप बाहेक अन्य  सहकार्यकलापहरू गराएको पाइयो । २ जना (२०%) शिक्षकले कहिलेकाहीँ मात्र गराएको पाइयो । कक्षा अवलोकनको क्रममा सहकार्यकलाप सम्बन्धमा अलि फरक रहेको पाइयो । जसमा जम्मा १० जना शिक्षकहरूमध्ये ४ जना (४०%) शिक्षकहरूले कथा शिक्षण बाहेकका सहकार्यकलाप गराएको पाइयो । ४ जना (४०%) शिक्षकहरूले सहकार्यकलाप नगराउने गरेको र २ जना (२०%) शिक्षकले कहिलेकाहीँ मात्र यस्ता सहकार्यकलापहरू गराउने गरेको पाइयो । भाषिक सीप विकास विविध पक्षहरूमा सहयोगी भूमिका खेल्ने यस्ता सहकार्यकलापले भाषिक सीप सिकाइलाई सम्बर्धन र परिमार्जन गर्नमा उल्लेख्य हुन्छन् । कथा शिक्षणलाई रुचिपूर्ण र उद्देश्यमुलक बनाउन विभिन्न किसिमका सहकार्यकलापहरू

सञ्चालन गर्नु आवश्यक छ । तर भाषा शिक्षकहरूले यस्ता सहकार्यकलापलाई ध्यान नदिएको पाइयो । सैद्धान्तिक रूपमा सबै शिक्षकहरूले यस्ता कार्यकलापहरू सञ्चालन गर्ने बताए पनि व्यावहारिक रूपमा अधिकांश शिक्षकहरूले यसलाई वेवास्ता गरेको पाइयो ।

### ५.१.२५ निरन्तर विद्यार्थी मूल्याङ्कन

कथा शिक्षणको क्रममा निरन्तर विद्यार्थी मूल्याङ्कन आवश्यक छ ? भन्ने प्रश्नमा शिक्षक प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क यसप्रकार छ ।

तालिका नं. ५.२५

निरन्तर विद्यार्थी मूल्याङ्कन

| शिक्षक प्रश्नावलीको प्राप्त तथ्याङ्क | | | | कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क | | | |
|---|---|---|---|---|---|---|---|
| आवश्यक नठान्ने | आवश्यक नठान्ने | जानकारी नहुने | जम्मा | आवश्यक ठान्ने | आवश्यक नठान्ने | जानकारी नहुने | जम्मा |
| १० | – | – | १० | ५ | ५ | | १० |
| १००% | – | – | १००% | ५०% | ५०% | | १००% |

माथिको तालिकाबाट शिक्षक प्रश्नावलीको तथ्याङ्कलाई विश्लेषण गर्दा कथा शिक्षणका क्रममा शतप्रतिशत शिक्षकहरूले निरन्तर मूल्याङ्कन आवश्यक हुने वताएको पाइयो । कक्षा अवलोकनको क्रममा भने १० जना शिक्षकहरूमध्ये ५ जना (५०%) शिक्षकले मात्र कथा शिक्षण गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोग गरेको पाइयो । ५ जना (५०%) शिक्षकले यसलाई वास्ता नगरेका पाइयो । विद्यार्थी मूल्याङ्कनले विद्यार्थीहरूमा के -कस्ता कमजोरी छन् र सिकाइमा कहाँ-कहाँ कठिनाइ भयो र ती कमजोरी हटाउने उपाय समेत देखाउने गर्छ । शतप्रतिशत शिक्षकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कनलाई महत्त्व दिने बताए पनि अधिकांश शिक्षकहरूले कक्षा सहभागिता, कक्षाकार्य, गहृकार्य, परियोजना कार्य कार्य सञ्चयिका जस्ता पक्षलाई ध्यान दिएको भेटिएन । निरन्तर विद्यार्थी मुल्याङ्कनको प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नुमा शिक्षक तालिम प्राप्त नहुनु, भए पनि कक्षाकोठामा कार्यान्वयन नगर्नु, अत्याधिक विद्यार्थी भएमा पनि मूल्याङ्कन प्रणाली प्रभावकारी नभएको, समय श्रम दुवै आवश्यक पर्ने भएकाले शिक्षकले झन्झट मान्नु आदि/कारणहरू रहेको पाइयो ।

# अध्याय छ

# कथा शिक्षण गर्दा प्रयोग गरिएका कार्यकलापका सम्बन्धमा कमजोरी पक्षको अध्ययन

## ६.१ कथा शिक्षण गर्दा प्रयोग गरिएका कार्यकलापहरूको कमजोरीहरू

अन्य विधाको तुलनामा कथामा प्रयुक्त भाषा सरल रसात्मक कुतूहलतापूर्ण घटनाक्रम कथामा हुने भएकोले विद्यालय तहदेखि विश्वविद्यलाय तहका पाठ्यपुस्तकमा कथा विधाले स्थान पाएको छ । पाठ्यपुस्तकमा समावेश गरिएका कथा विधाको माध्यमबाट विद्यार्थीहरूमा भाषिक सीपहरूको शिक्षण गर्न सकिन्छ । कथा शिक्षणको मुख्य उद्देश्य विद्यार्थीहरूमा कथानात्मक अभिव्यक्ति क्षमताको विकास गर्नु हो । कथानात्मक अभिव्यक्ति भन्नाले मौखिक तथा लिखित कथनलाई लिइन्छ । वस्तुत : कथा शिक्षणको माध्यमबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषाका चारै सीपको विकास गर्न आवश्यकताअनुसारका कार्यकलापहरू अपनाउनु पर्ने हुन्छ ।

यस अध्यायमा कक्षा सातमा कथा शिक्षण गर्दा भाषा शिक्षकहरूको के-कस्ता कमजोरीहरू रहेका छन् भन्ने कुराको अध्ययन यस अध्यायमा गरिएको छ । भाषा शिक्षकहरूमा रहेका कमजोरीहरू पहिचान गर्नका लागि कक्षा अवलोकन र स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्कलाई आधार बनाइएको छ । यही तथ्याङ्कको आधारमा भाषा शिक्षहरूले प्रयोग गरिएका कार्यकलापहरूको कमजोरीहरूको अध्ययन, विश्लेषण गरिएको छ ।

### ६.१.१ पाठ्यक्रम अध्ययन

शिक्षण सिकाइको मुख्य केन्द्र पाठ्यक्रम हो । यसको प्रयोग स्थल कक्षाकोठा भएकोले सोही अनुसारको शिक्षण विधि र कार्यकलाप सञ्चालन गर्नु पर्छ । पाठ्यक्रमको प्रयोगकर्ता पनि शिक्षक नै भए पनि कथा शिक्षण गर्नु पूर्व पाठ्यक्रम जस्तो महत्त्वपूर्ण सामग्रीको अध्ययन अधिकांश शिक्षकहरूले नगरेको पाइयो । सम्पूर्ण शैक्षिक कार्यकलापको नेतृत्व पाठ्यक्रमले गरेको हुन्छ । विद्यार्थीहरूलाई हाँसिल गराउनु पर्ने सम्पूर्ण कार्यकलापहरूको छनोट गरेर उनीहरूलाई सिकाउनु पर्ने उद्देश्य समेत यसमा किटान गरिएको हुन्छ । त्यसैले प्रत्येक उद्देश्य समेत यसमा किटान गरिएको हुन्छ । त्यसैले प्रत्येक शिक्षकले कथा शिक्षण

गर्नुपूर्व पाठ्यक्रमको अध्ययन गर्नुपर्छ । तर अधिकांश शिक्षकहरूले पाठ्यक्रम अध्ययनलाई वेवास्ता गर्नु शिक्षकहरूको कमजोर पक्ष हो ।

### ६.१.२ पाठयोजना निर्माण

शिक्षण सिकाइ कार्यकलापलाई उद्देश्यपूर्ण, गतिशील सङ्गठित र जीवन्त बनाउन पाठयोजना निर्माण गर्नुपर्दछ । तर अधिकांश शिक्षकहरूले लिखित रूपमा पाठ योजना निर्माण नगरी नै कथा शिक्षण गरेको पाइयो । केही शिक्षकहरूले लिखित रूपमा कहिल्यै पाठयोजना नबनाउने मानसिक रूपमा तयारी भएर कथा शिक्षण गरेको बताए । यस आधारमा भाषा शिक्षकहरूले बिना तयारी नै कथा शिक्षण गरेको पाइयो ।

### ६.१.३ कथा शिक्षणको शुरुवात

कथा शिक्षणको शुरुवात पाठ्य कथा प्रति ध्यानाकर्षण गराउने खालको कार्यकलापबाट गर्नु पर्छ । यसका लागि विद्यार्थीहरूलाई पूर्वापाठको स्मरण गराउँदै वा कथाको कुनै आकर्षक पक्ष बताउँदै पाठ्यकथा प्रति आकर्षित गराउन सकिन्छ । तर केही शिक्षकहरूले पाठ्य कथा सस्वर वाचन गरेर शिक्षण गरेको पाइयो । सस्वर वाचन गर्दा विद्यार्थीहरू पढाइप्रति अल्छि गर्ने, हल्ला गर्ने, निदाउने जस्ता समस्या देखियो ।

### ६.१.४ कार्यकलाप

कथा शिक्षणका सबै कार्यकलाप प्रयोग गर्ने सम्बन्धमा अधिकांश शिक्षकहरूले कथा शिक्षणका सबै कार्यकलाप नगरेको पाइयो । कथा शिक्षणको सबै कार्यकलाप प्रयोग नगर्नुको कारण कथा शिक्षणका धेरै कार्यकलापहरू रहेकोले यी सबै कार्यकलाप गर्न सम्भव नभएको केही शिक्षकहरूको प्रतिक्रिया पाइयो ।

### ६.१.५ शिक्षण विधि

कथा शिक्षण गर्दा केही शिक्षकहरूले विद्यार्थी केन्द्रित विधि प्रयोग गरी छलफल /प्रश्नोत्तरको माध्यमबाट विद्यार्थी सहभागिता गराए पनि अधिकांश भाषा शिक्षकहरूले परम्परादेखि चल्दै आएको व्याख्यान विधिलाई प्रश्रय दिइ शिक्षण गरेको पाइयो । यस्तो विधिको प्रयोग गर्नाले विद्यार्थीहरू गौण हुने हुँदा उनीहरूले आफूले सिक्नु पर्ने कुरा शिक्षकको व्याख्यानबाट जति सिक्छन् त्यति मै सीमित हुन्छन् । त्यसैले आवश्यकताअनुसार

मात्र व्याख्यान विधिको प्रयोग गर्न सकिने भए तापनि आधारभूत तहका लागि यो विधि त्यति उपयुक्त हुँदैन ।

### ६.१.६ कथा शिक्षणको प्रयोजन

कथा शिक्षणको मुख्य प्रयोजन विद्यार्थीहरूमा भाषिक सीपहरूको शिक्षण गराउनु हो । तर कतिपय शिक्षकहरूले कथा शिक्षणको प्रयोजण के हो भन्ने कुरा नै नबुझि शिक्षण गरेका देखिन्छ । कुनै शिक्षकहरूलाई भाषिक सीपहरूको बारेमा खासै ज्ञान नभएकोले कथा शिक्षणको प्रयोजनअनुरूप शिक्षण नगरी रसास्वादन र मनोरञ्जन प्रदान गर्ने हेतुले कथा शिक्षण गरेको देखियो । यसबाट के बुझिन्छ भने कुनै शिक्षकहरूले कथा शिक्षणको प्रयोजन प्रति लक्षित नभइ अनावश्यक बाह्य प्रसङ्गसँग कथाको मूल मर्मलाई जोडेको पाइयो । यस्तो हुनुमा कथा शिक्षण जसले पनि गर्न सक्छ भने सोच हुनु योग्यता नपुगेको र तालिम अप्राप्त शिक्षकहरूले पनि कथा शिक्षण गर्नाले भएको हो ।

### ६.१.७ सामग्रीको प्रयोग

कथा शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग गर्ने प्रवृत्ति न्यून रहेको पाइयो । पाठ्यपुस्तक र दैनिक प्रयोगको सामग्रीलाई मात्र आधार बनाइ कथा शिक्षण गरेको पाइयो । कतिपय विद्यालयहरूमा शैक्षिक सामग्री उपलब्ध भए पनि प्रयोग गर्न झन्झट मानेको पाइयो भने श्रव्यदृष्य सामग्रीको सम्बन्धमा विद्यालयमा यस्ता सामग्रीहरू उपलब्ध नभएकोले प्रयोग नगरिएको शिक्षकहरूको प्रतिक्रिया रहेको छ । विद्यालयमा शैक्षिक सामग्री उपलब्ध नभए पनि स्थानीय तहमा उपलब्ध हुन सक्ने स्वनिर्मित वा सङ्कलित सामग्रीको प्रयोग गरेर कथा शिक्षणलाई रोचक, प्रभावकारी बनाउन सकिन्छ । तर यस्तो कार्य कुनै पनि भाषा शिक्षकहरूले नगरेको पाइयो ।

### ६.१.८ सामूहिक छलफल

कथा शिक्षणको क्रममा केही शिक्षकहरूले पाठ्यकथाको प्रश्न र समस्या माथि सामूहिक रूपमा छलफल गराए पनि केही शिक्षकहरूले यसलाई खासै ध्यान निदएको पाइयो । कुनै समस्या वा प्रश्न व्यक्तिगत रूपमा प्रस्तुत गर्ने र व्यक्तिगत रूपमा नै उत्तरको अपेक्षा गर्ने गरेको पाइयो । यसबाट कक्षामा जुन विद्यार्थी अलि जान्ने छ उसैले उत्तर भन्ने र जान्ने विद्यार्थीहरू मात्र अगाडी बढ्दै जाने, नजान्ने विद्यार्थीहरू पछि न रहेको पाइयो ।

### ६.१.९ कथा कथन

कथा कथन कथा शिक्षणको प्रमुख एवम् रोचक मौखिक अभिव्यक्ति हो । यसका लागि शिक्षकले कथा भनिदिने विद्यार्थीहरूलाइं सुन्न लगाउने र विद्यार्थीहरूलाई पनि सुने जानेका कथाहरू भन्न लगाउने कार्यकलाप गराउनु पर्दछ तर यस्तो कार्यकलाप नगरेको देखियो । अधिकांश शिक्षकहरूले पाठ्य कथा मात्र पढाएको पाइयो । अन्य कथाहरू भन्ने र भन्न लगाएको खासै पाइएन ।

### ६.१.१० घटनाक्रम मिलाउने

घटनाक्रम मिलाउने सम्बन्धमा शिक्षकहरूले पाठ्यकथामा दिएको नमुना अभ्यासलाई मात्र विद्यार्थीहरूलाई अभ्यास गराएको पाइयो कुनै शिक्षकले नमुना अभ्यासको आधारमा अन्य त्यस्ता घटनाको नमुना निर्माण गरी विद्यार्थीलाई अभ्यास गराएको पाइएन् ।

### ६.१.११ सस्वर पठन र मौन पठन

कथा शिक्षण गर्दा सबै शिक्षकहरूले सस्वर पठन र मौन पठन कार्यकलाप गरेको पाइयो । तर शिक्षकहरूले सस्वर पठन गर्न लगाउने विद्यार्थीले सस्वर पठन गरे नगरेको, कुन विद्यार्थीले कसरी गरिरहेको छ उसलाई कुन कुरामा समस्या भएको छ । शिक्षकले ख्यालै नगरेका पाइयो । केही शिक्षकहरूले क्रमबद्ध रूपमा यो कार्यकलाप नगराएको पाइयो । जबकी विद्यार्थीहरू पाठ्य कथामा व्यक्त विषयवस्तुसँग परिचित भइसकेपछि मात्र विद्यार्थीलाई मौनपाठ गराउनु पर्नेमा यी कुराहरूलाई ध्यान नदिइ एकैचोटी मौन पठन गर्न लगाएको पाइयो ।

### ६.१.१२ वस्तु तथा चित्र वर्णन

कथा शिक्षण गर्दा कुनै पनि भाषा शिक्षकहरूले विषयवस्तुसँग सम्बन्धित प्राकृतिक वस्तु, स्वनिर्मित वा विभिन्न स्रोतबाट सङ्कसिलत वस्तु, प्रतिमूर्ति, रूपकृति, चित्र, तस्विर, दृष्टिचित्र, भाव चित्र आदि प्रदर्शन गरी विद्यार्थीहरूलाई त्यसको वर्णन गर्न लगाएको पाइएन । यस्ता वस्तु वा चित्र बारे प्रश्न वा जिज्ञासा राख्न लगाउने जस्ता मौखिक अभिव्यक्तिका कार्यकलाप पनि गराइएको पाएन् ।

### ६.१.१३ बोध प्रश्नोत्तर

कथा शिक्षण गर्दा पाठ्य कथाबाट अधिकांश शिक्षकहरूले प्रश्नोत्तर गराएको पाइयो । तर यस्तो बोधत्मक प्रश्नोत्तर आफूले पढाएको पाठलाई मौन पठन गर्न नलगाई प्रश्न सोध्ने गरेको पाइयो । विद्यार्थीहरूलाई बीचबीचमा बोध सम्बन्धी प्रश्न सोधेको विद्यार्थीले पाठ पढ्न नपाई शिक्षकले बताएको आधारमा मात्र बोध सम्बन्धी प्रश्नको उत्तर बताउँदा विद्यार्थीहरू उत्तर भन्न नसकी अल्मलिएको पाइयो ।

### ६.१.१४ उखान टुक्का

उखान टुक्काको सम्बन्धमा कथा शिक्षण गर्दा पाठमा प्रयुक्त उखानटुक्का बाहेक प्रसङ्ग अनुसारका अन्य उखान टुक्काको प्रयोग गर्दै र विद्यार्थीलाई पनि भन्न लगाउँदै रोचक तरिकाले कथा शिक्षण गरेको पाइएन ।

### ६.१.१५ कथा लेखन अभ्यास

कथा लेखन अभ्यास सम्बन्धमा विद्यार्थीहरूलाई कथा लेख्न लगाए पनि विद्यार्थीले कथा लेखिसेकपछि शिक्षकले त्यसको कुनै प्रतिक्रिया नदिने, साथै विद्यार्थीहरूलाई कथा लेखन प्रति प्रोत्साहन गर्न नसक्नु केही शिक्षकहरूको कमजोरी रहेको पाइयो ।

### ६.१.१६ विशिष्ट पङ्क्ति एवम् सारांश कथन

विशिष्ट पङ्क्ति एवम् सारांश कथन सम्बन्धमा कथा शिक्षणको क्रममा कथा शिक्षण पछि शिक्षकहरूले पाठ्य कथाको मूल आशय सारांशको रूपमा प्रस्तुत गरे पनि विद्यार्थीलाई सारांश भन्ने अवसर नदिएको पाइयो । विशिष्ट पङ्क्तिको व्याख्या शिक्षक आफैले गर्ने विद्यार्थीहरूले सुन्ने मात्र गरेको पाइयो ।

### ६.१.१७ व्याकरण अभ्यास

आधारभूत तह कक्षा सातमा व्याकरणलाई कार्यमूलक ढङ्गले पठनपाठन गर्ने तरिकामा केही शिक्षकहरूमा अझै प्रगति हुन नसकेको देखिन्छ । केही शिक्षकहरूले औपचारिक र सैद्धान्तिक ढङ्गले पुरानै पद्धतिबाट व्याकरण शिक्षण गरेको पाइयो । यसो हुनुमा शिक्षकहरूमा पुरानो व्याकरणिक सोच र न्यून व्याकरणिक ज्ञान भएका शिक्षकहरूले व्याकरण सिकाउनु रहेको पाइयो । साथै कक्षागत दृष्टिले व्याकरण शिक्षण गर्नुको प्रयोजन र शिक्षण कार्यकलापको बारमा शिक्षकको अनविज्ञता, प्रशिक्षणको अभाव आदि कारण देखिन्छ ।

### ६.१.१८ विचार प्रस्तुत गर्ने मौका

कक्षा शिक्षणको क्रममा विद्यार्थीहरूले आफ्नो विचार प्रस्तुत गर्ने अवसर कमैले मात्र पाएको देखियो । अधिकांश शिक्षकहरूले आफू मात्र सक्रिय भई शिक्षण गरेको र विद्यार्थीहरू दर्शकको रूपमा शिक्षकको व्याख्यान सुनिरहेको पाइयो । जबकी कथा शिक्षण गर्दा विद्यार्थीहरूलाई प्रशस्त आफ्नो विचार प्रस्तुत गर्ने अवसर दिनु पर्छ । जसको आधारमा शिक्षकले विद्यार्थीहरूको धारणा बुझि सोही अनुसारको शिक्षण विधि तथा कार्यकलाप सञ्चालन गर्नु पर्छ । तर विद्यार्थीहरूलाई खासै आफ्नो विचार प्रस्तुत गर्ने अवसर दिई सिकाइ प्रति प्रेरित गरेको देखिएन ।

### ६.१.१९ गृहकार्य /कक्षाकार्य

कक्षा अवलोकनको क्रममा कथा शिक्षण गर्दा अधिकांश शिक्षकहरूले गृहकार्य र कक्षा कार्य गराएको पाइएन । केही शिक्षकहरूले गृहकार्य दिए पनि त्यसको जाँच नगर्ने गरेको पाइयो । यस्तो हुनुमा शिक्षकहरूमा अल्छिपन र आफ्नो कार्यप्रति जिम्मेवार नभएको देखिन्छ ।

### ६.१.२० विद्यार्थी विविधता

कथा शिक्षण गर्दा कक्षामा भएको विद्यार्थी विविधता अनुसार शिक्षण विधि तथा कार्यकलापमा विविधता ल्याउन नसकिएको देखियो । कुनै पनि शिक्षकले, विविधतालाई सम्बोधन गर्दै शिक्षण गर्नका लागि शिक्षण सामग्रीमा विविधता देखिएन । शिक्षण कार्यकलाप खास समूहका लागि र बाँकी अरूलाई गराएको पाइएन । मूल्याङ्कन कार्यमा पनि साधन प्रयोग नगरिएकोले सबै प्रकारका पृष्ठभूमिबाट आएका विद्यार्थीको लेखाजोखा गर्न गर्न नसकेको, गृहकार्य पनि एकै किसिमको दिने गरेको पाइयो । साथै विविध क्षमता, आवश्यकता, रुचि भाषा र अनुभव जस्ता विविधतालाई कक्षामा विस्तार र व्यवस्थित गर्दै शिक्षण गर्ने कुनै पनि शिक्षकहरू भेटिएन । यस्तो हुनुमा शिक्षकमा बहुभाषाको ज्ञान नहुनु, सामग्रीको उपलब्धता नहुनु, विविध शिक्षण कार्यकलापको बारेमा शिक्षक जानकार नभएको र विद्यालयहरूमा शिक्षकहरू माझ विद्यार्थी विविधता र तिनको समावेशीकरणको सम्बन्धमा छलफल नहुने जस्ता कारणहरू देखिन्छ ।

### ६.१.२१ निरन्तर विद्यार्थी मूल्याङ्कन

अधिकांश विद्यालयहरूको मूल्याङ्कनमा पेपर पेन्सिल टेस्टलाई नै प्राथमिकता दिई प्रयोग गरेको देखिन्छ । विद्यार्थीहरूमा भएको ज्ञान, सूचना तथ्य सीप आदिको प्रयोग गरी समस्या समाधान गर्ने तर्फ शिक्षकहरूको ध्यान गएको पाइएन । कथा शिक्षणको क्रममा विद्यार्थीको क्षमता, रुचि, आवश्यकता, उमेर, परिपक्वता अनुसार तुरुन्तै, बारम्बार र शिक्षण सिकाइकै क्रममा दिएको पाइएन । कथा शिक्षणको क्रममा विद्यार्थी सहभागिता, कक्षाकार्य, गहृकार्य, परियोजना कार्य जस्ता पक्षहरूलाई आधार बनाई प्रभावकारी रूपमा कार्यान्वयन गरेको देखिएन । विद्यालयहरूमा निरन्तर मूल्याङ्कनले महत्त्व नपाएको देखिन्छ । यस्तो हुनुमा दक्ष शिक्षकको अभाव, तालिम अप्राप्त शिक्षकले शिक्षण गर्नु, बीचमा शिक्षक परिवर्तन भएमा, समय र श्रम धेरै लाग्ने भएकोले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी रूपमा कार्यान्वयन नभएको देखिन्छ ।

### ६.१.२२ अन्य

कथा शिक्षणको क्रममा अधिकांश शिक्षकहरू सैद्धान्तिक रूपमा विज्ञ हुँदा हुँदै पनि व्यावहारिक कार्यक्षमताको हिसाबले अल्पज्ञ रहेको देखिन्छ । कथा शिक्षण गर्दा पाठ्य कथा पढायो, त्यसमा भएको अभ्यास आफैले हल गरेर विद्यार्थीलाई सिकायो समयमै पिरियड सकेर बाहिर निस्किएको पाइन्छ । ४५ मिनेटको पिरियडमा  पाठ मात्र पढाएको देखिन्छ । पाठमा भएका कुरालाई मौलिक शैलीमा कसरी मौखिक र लिखित रूपमा प्रस्तुत गर्ने, विद्यार्थीमा ज्ञान छैन । पाठमा भएका मुख्य मुख्य बुँदा घोकाएको देखिन्छ । कथा विधालाई सजिलो मानेर जसले पनि पढाउन सक्छ भन्ने मानसिकताको कारण कथा शिक्षणका कार्यकलाप प्रभावकारी हुन नसकेको देखिन्छ साथै अन्य विभिन्न प्राविधिक कमजोरीहरू पनि रहेका छन् ।

नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथा शिक्षणको आफ्नै प्रयोजन रहेको छ । जुन प्रयोजनअनुरूप शिक्षण नगरेमा कथा शिक्षणको उद्देश्य पुरा हुन सक्दैन । यसैले ती उद्देश्यहरू पुरा गर्नका लागि शिक्षणका विधि तथा कार्यकलापले महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले कथा शिक्षणका उपयुक्त विधि तथा कार्यकलापहरूको प्रयोग गर्न आवश्यक छ । तर अधिकांश शिक्षकहरूमा माथि प्रस्तुत गरे अनुसार कथा शिक्षणका विधि तथा कार्यकलापहरूमा विविधता ल्याउन नसक्नु, तालिमको प्रयोग कक्षाकोठामा नगर्नु, पाठ मात्र

पढाउन्, पाठमा भएका अभ्यास आफैले हल गरिदिनु, पाठमा भएका नमुना अभ्यासका आधारमा अन्य नमुना निर्माण गरी विद्यार्थीलाई अभ्यास नगराउनु, शिक्षणको क्रममा सबै मूल्याङ्कनको साधन प्रयोग नगर्नु निरन्तर विद्यार्थी मूल्याङ्कनलाई महत्त्व नदिनु, पाठ्यक्रमको गहन अध्ययन नगर्नु, पाठयोजना निर्माण नगर्नु र कक्षा शिक्षणलाई कम समय दिनु जस्ता कमजोरीहरू शिक्षकहरूमा रहेको देखिन्छ । साथै कथा शिक्षणको क्रममा विद्यार्थीले आफ्नो विचार प्रस्तुत गर्ने मौका नपाएको, शिक्षकले व्याख्यान विधिलाई प्रश्रय दिई शिक्षण गर्नु, विद्यार्थी विविधतालाई सम्बोधन गर्न नसक्नु, गृहकार्यलाई वेवास्ता गर्नु कक्षा कार्यमा विद्यार्थीलाई सहभागी नगराउनु पाठ्यपुस्तकलाई मात्र आधार मानी अन्य सामग्री प्रयोग नगर्नु जस्ता कुराहरू पनि शिक्षकको कमजोर पक्ष रहेको देखिन्छ ।

# अध्याय सात

# कक्षा सातको भाषा पाठ्यपुस्तकमा समावेश गरिएको कथा विधाले भाषिक सीप आर्जनमा गरेको सहयोग अध्ययन

## ७.१ परिचय

नेपाली भाषा सरकारी कामकाजको भाषा हुनका साथै विद्यालय तहको शिक्षाको प्रमुख माध्यमको रूपमा रहदै आएको छ । त्यसैले विद्यालयतहको शैक्षिक कार्यकलापमा नेपाली भाषाको महत्त्वपूर्ण स्थान रहेको छ । विद्यालय तहको प्रारम्भिक कक्षा देखि अनिवार्य रूपमा पठन पाठन हुने यस विषयलाई प्रभावकारी एवम् व्यावहारिक ढङ्गले सिकाइ गर्न आवश्यक छ । नेपाली विषयलाई अध्यापन गराउनुको मुख्य उद्देश्य भाषिक सीपहरूको विकास गराउनु हो । यसका लागि भाषा पाठ्यपुस्तकमा विभिन्न विधाहरू समावेश गरिएको छ । यी विधाहरूको माध्यमबाट विद्यार्थीहरूलाई भाषिक सीप र सिर्जनात्मक क्षमताको विकास गराउने उद्देश्य रहेको छ । प्रत्येक कक्षाको भाषा पाठ्यपुस्तकलाई हेर्ने हो भने तह अनुसारका विभिन्न विधाहरू समावेश गरिएको पाइन्छ । यी विधाहरूमध्ये कथा विधाले पनि विद्यालयतहको भाषा पाठ्यपुस्तकमा महत्त्वपूर्ण स्थान ओगटेको छ । प्रत्येक कक्षाको भाषा पाठ्यपुस्तकमा कथा विधा समावेश गरिएको छ ।

कक्षा सातको भाषा पाठ्यपुस्तकलाई हेर्ने हो भने पनि विभिन्न प्रकारका लोक कथा/नीतिकथा, पौराणिक/ऐतिहासिक कथा, सामाजिक कथा समावेश गरिएको छ । यी कथाहरूको माध्यमबाट विद्यार्थीहरूलाई भाषिक सीपहरूको शिक्षण गरिदै आएको छ । विशेष गरेर कथा विधाबाट विद्यार्थीकहरूमा कथनात्मक अभिव्यक्ति सीपको विकास गर्ने उद्देश्यले कक्षा सातको भाषा पाठ्यपुस्तकमा यो विधा समावेश गयिरएको हो । कथानात्मक अभिव्यक्ति भन्नाले मौखिक तथा लिखित कथनलाई लिइन्छ । वस्तुत : कथा सिकाइको माध्यमबाट सुनाइ, बोलाइ, पढाइ लेखाइ जस्ता चौरै सीपको अभ्यास गराउन सकिन्छ ।

## ७.२ उद्देश्यको व्याख्या विश्लेषण

शिक्षक प्रतिक्रिया, कक्षा अवलोकन, पाठ्यक्रम अध्ययन र उद्देश्यसँग सम्बन्धित पाठ्यपुस्तक, लेख रचना आदिबाट प्राप्त तथ्यको आधारमा कक्षा सातको भाषा पाठ्य

पुस्तकमा राखिएका कथा विधाले भाषिक सीप आर्जनमा कसरी सहयोग गरेको छ भन्ने उद्देश्यको व्याख्या विश्लेषण यस अध्यायमा गरिएको छ ।

कथा एउटा रोचक विधा भएकोले कथा विधाको माध्यमबाट विद्यार्थीहरूलाई मनोरञ्जन, कुतूहलता, उत्सुकता जगाउँदै भाषिक सीपहरूको शिक्षण गर्न सकिने कुरा सबै शिक्षकहरूको मत रहेको पाइयो । कथा विधा अन्य विधाको तुलनामा रोचक प्रकृतिको भएकोले विद्यार्थी सिक्न इच्छुक हुने र सिकाइ पनि प्रभावकारी र दिगो हुन देखिन्छ । साहित्यिक आस्वादन र भाषा प्रयोगमा अभ्यस्त गराउन, सीप शिक्षणमा कथा उपयोगी भएको शिक्षकहरूको प्रतिक्रिया रहेको छ । कथा विधा अन्य विधाभन्दा छोटो र रोचक हुन्छ । यसबाट विद्यार्थीहरूलाई कथा श्रवण गराउँदै शिक्षण गर्दा विद्यार्थीहरूले पढाइ प्रति ध्यान दिने, स्वतर्फूत रूपमा कथा सुन्ने पढ्ने लेख्ने वाचन गर्ने जस्ता कार्यकलापमा सक्रिय हुने शिक्षकहरूको भनाइ रहेको छ । यसबाट विद्यार्थीहरूको भाषिक आर्जनमा प्रत्यक्ष सहयोग पुगेको पाइयो । कथा विधाको माध्यबाट विद्यार्थीहरूलाई कथा निर्माण गर्न, सिर्जनात्मक क्षमताको विकास गर्न, स्तरीय भाषिक सीप विकास गराउन, घटनाक्रमलाई स्पष्ट एवम् क्रमिक रूपमा मिलाएर भन्न लेख्न सक्ने बनाउन अभिव्यक्ति क्षमताको विकास गराउनका साथै भाषिक व्यवहारमा कुशल बनाउन सकिने देखिन्छ । कक्षा सातको भाषा पाठ्यपुस्तकमा समावेश कथा विधाबाट शब्द भण्डारको विकास गर्न, कथाबोधबाट संवेगात्मक विकास, अनुभुति र कल्पनाशीलताको विकास हुन्छ । जसले सुनाइ र बुझाइ क्षमताको विकास गर्दछ । जुन भाषा विकासको महत्त्वपूर्ण पक्ष हो ।

कक्षा सातको भाषा पाठ्यपुस्तकमा समावेश गरिएको लोक कथा नीति कथा र पौराणिक कथाले विद्यार्थीहरूमा चरित्र निर्माण, नैतिक विकास र मानसिक विकासका समेत सहयोग पुगेको देखिन्छ । ऐतिहासिक तथा सामाजिक तथा बोधबाट इतिहास र सामाजिक विकासमा सकारात्मक प्रभाव पार्दछ । भाषिक सीप शिक्षणका दृष्टिले कथा एक महत्त्वपूर्ण र लोकप्रिय विधा मानिएको पाइन्छ । सबै उमेर तहका विद्यार्थीहरूका लागि उपयोगी हुने कथा विधाको शिक्षण प्रभावकारी रूपमा गर्न सकिने शिक्षकहरूको अनुभव रहेको छ । अन्य विधाको तुलनामा कथा सबैले बुझ्न सकिने, सरल, सहज भाषाको प्रयोग गरिएको हुनाले भाषिक बोधगम्यता हुने र यसबाट भाषिक सीप विकासमा ठूलो सहयोग पुग्ने देखिन्छ । यसरी शैक्षणिक दृष्टिले पनि कक्षा सातको भाषा पाठ्य पुस्तकमा समावेश कथाहरू जीवन्त र रोचक घटनाहरूसँग सम्बन्धित रहेकोले विद्यार्थीहरूका लागि उपयुक्त विधा रहेको उल्लेख

गरेको पाइयो । कक्षा सातको भाषा पाठ्य पुस्तकमा समावेश कथामा प्रयक्त भाषा सरल रहेको वर्णनात्मक शैली भाषामा कथ्यको प्रभाव, उखान टुक्काको प्रयोग, सरल वाक्य गठन तथा शब्द प्रयोग भएकोले विद्यार्थीहरूलाई भाषिक सीपहरू सिकाउनका लागि अभ्यास गराउन समेत सहज हुने शिक्षकहरूको भनाइ रहेको छ ।

कथा प्राय सबै मानिहरूको जनजिब्रोमा रहेको र कुनै न कुनै कथा सबैले सुनेको, जानेको हुने भएकोले अभिभावकहरूले आफ्नो छोराछोरीहरूलाई जानेको कथाहरू सुनाउने र उनीहरूलाई पनि भन्न लगाउन प्रोत्साहन गरेकोले विद्यालयमा मात्र नभई घर परिवारमा पनि विद्यार्थीहरूमा बोल्ने र सुन्ने सीपको विकास भएको शिक्षकहरूले भनाइ रहेको छ ।

कक्षा सातको भाषा पाठ्यपुस्तकमा समावेश कथा विधाबाट भाषातत्त्व वा व्याकरण अभ्यास गराउन सकिन्छ । प्रत्येक कथाको अन्त्यमा व्याकरण सीप वा व्याकरण नियमलाई अभ्यास गराउन विभिन्न अभ्यासहरू बनाइएका छन् ती अभ्यासहरू जस्तै अन्य नमूना अभ्यासहरू निर्माण गरी विद्यार्थीहरूमा व्याकरणिक सीप विकास गराउन सकिने देखिन्छ । कथामा विषयगत सघनता पनि कम पाइने भएकोले व्याकरण तत्त्वको पहिचान गर्न अभ्यासको लागि सजिलो सामग्री हुन सकने देखिन्छ । कक्षा सातको भाषापाठ्य पुस्तकमा समावेश कथा विधाबाट भाषिक सीप विकास गराउनका लागि आवश्यक अभ्यास क्रियाकलापहरू राखिएका छन् । यसबाट भाषा विकासमा थप सहयोग मिल्ने देखिन्छ । यी विभिन्न प्रयोजन र प्रयोगको आधारमा कथा विधा भाषिक सीप आर्जनका लागि कति उपयोगी छ भन्ने कुरा पुष्टि हुन्छ ।

निष्कर्षमा कथा एउटा रोचक र छोटो विधा भएकोले विद्यार्थीहरूलाई रमाइलो वातावरणमा मनोरञ्जन, कुतूहलता, उत्सुकता जगाउँदै भाषिक सीपहरूको शिक्षण गर्न सकिने साथै कथा श्रवण गराउँदै शिक्षण गर्दा विद्यार्थीहरू पढाइप्रति ध्यान दिने स्वतफूर्त रूपमा कथा सुन्ने, पढ्ने लेख्ने वाचन गर्ने जस्ता कार्यकलापमा सक्रिय हुने भएकोले विद्यार्थीहरूले सहज रूपमा भाषिक  सीपहरू आर्जन गर्न सक्षम हुन्छन् । त्यसैले कक्षा सातको भाषा पाठ्य पुस्तकमा समावेश कथा विधा भाषिक सीपहरूको शिक्षण गर्न उपयोगी विधा मानिन्छ ।

# अध्याय - आठ

# सारांश, निष्कर्ष, सुझाव र उपयोगिता

## ८.१ सारांश

प्रस्तुत शोधकार्यको शीर्षक 'कक्षा सातमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन' रहेको छ । प्रस्तुत शोधकार्यलाई आठ अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमा शोध परिचय राखिएको छ । जसअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको सीमाङ्कन र अध्ययनको रूपरेखा रहेका छन् । अध्याय दुई अन्तर्गत पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय रहेको छ । प्रस्तुत अध्यायमा पुस्तक समीक्षा, शोधपत्रको समीक्षा, कथा शिक्षणको सैद्धान्तिक परिचय कथा शिक्षणको कथा शिक्षणको प्रयोजन र कथा शिक्षणको सैद्धान्तिक परिचय कक्षा शिक्षणको कथा शिक्षणको प्रयोजन र कथा शिक्षणको विधि तथा कार्यकलापहरूको चर्चा गरिएको छ । शोधको विधि तथा प्रक्रियालाई अध्याय तीनमा राखिएको छ । प्रस्तुत शोधकार्यको अध्याय चारमा कथा शिक्षणका कार्यकलापहरूलाई शीर्षक बनाई व्याख्या विश्लेषण गरिएको छ । अध्याय पाँचमा कथा शिक्षण गर्दा शिक्षकको सैद्धान्तिक र व्यहारिक पक्षको अध्ययन गरिएको छ । अध्याय छ मा कथा शिक्षण गर्दा प्रयोग गरिएका कार्यकलापहरूको कमजोरी पक्षको अध्ययन गरिएको छ । भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथा विधामा भाषिक सीप आर्जनको अध्ययन अध्याय सातमा राखिएको छ । यसरी अध्याय चार देखि अध्याय सात सम्म शिक्षक प्रश्नावली, कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको आधारमा उद्देश्यहरूको व्याख्या विश्लेषण गरिएको छ । शोधकार्यको सारांश, निष्कर्ष र उपयोगितालाई अध्याय आठमा राखिएको छ । अध्ययनको क्रममा प्राप्त निष्कर्ष र उपयोगितालाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

## ८.२ निष्कर्ष

कक्षा सातमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन गर्ने क्रममा पूर्वी नेपालमा रहेको पाँचथर जिल्लाको १० वटा सामुदायिक विद्यालयहरूलाई नमुना छनोट गरिएको छ । ती विद्यालयका कक्षा सातमा नेपाली विषय अध्यापन गराउने १० जना शिक्षकहरूलाई नमुनाको रूपमा छनोट गरी ती शिक्षकहरूले भरेको प्रश्नावली र अध्येता

स्वयम्ले गरेको कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्कको आधारमा व्याख्या विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

१) कक्षा सातको भाषा पाठ्यपुस्तकमा विभिन्न प्रकारका लोककथा, नीति कथा, पौराणिक/ ऐतिहासिक कथा र सामाजिक कथा समावेश गरिएको छ ।

२) कथा एउटा रोचक र छोटो विधा भएकोले विद्यार्थीहरूलाई कथा श्रवण गराउँदै, मनोरञ्जन, कुतूहलता, उत्तसुक्ता जगाउँदै रोचक, कथ्य भाषाको प्रयोग, सहज प्रस्तुति भएकोले कथा बोध गरी सिक्न इच्छुक हुने र सिकाइ पनि प्रभावकारी र दिगो हुने पाइयो ।

३) कथा शिक्षणको क्रममा कथा विधालाई केन्द्रमा राखेर भाषिक सीप विकासका विभिन्न अभ्यासात्मक कार्यकलापहरू गराउन सकिने देखियो । यसबाट विद्यार्थीहरूमा भाषाका चार वटै सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) को विकास हुने पाइयो ।

४) कथा शिक्षणको क्रममा सुनाइ सीपका लागि कथाको मूल पाठ वाचन गर्न लगाउने, अरूलाई सुन्न लगाई त्यसबाट प्रश्नोत्तरका लागि प्रोत्साहन गर्दा पनि सुनाइ सीपको विकास हुने पाइयो । साथै रोचक कथा, चुट्किला, जीवनमा घटित रमाइलो प्रसङ्गहरू सुन्न/सुनाउने कार्यकलाप गरेमा सुनाइ सीपमा अझ सहयोग पुग्ने पाइयो ।

५) बोलाइ सीप विकासका लागि पुस्तकमा भएको पाठ्य कथा, पाठका शब्दार्थ र अन्य अभ्यासहरू उपयोगी हुने पाइयो । शब्द बोल, उत्तर भन चिह्नको बयान गर, मूल पाठको वाचन, ठाउँको वर्णन, वस्तुको परिचय उपयोगिता र महत्त्वबारे बोल्न प्रेरित गर्दा बोलाइ अभ्यास अर्थपूर्ण हुने पाइयो ।

६) पढाइ सीप विकासका लागि सस्वर पठन, मौन पठन गराउने शुद्ध र स्पष्ट उच्चारण गर्न प्रयास गराउने, पटक-पटक वाचन गर्न लगाउने र शिक्षकले रमाइलो शैलीमा पढेर सुनाउने र विद्यार्थीहरूलाई पनि सँग-सँगै दोहोऱ्याउन लगाउनाले पढाइ सीप फलदायी हुने पाइयो ।

७) लेखाइ सीप विकासका लागि व्यवहारोपयोगी अभ्यास बढी गराउन राम्रो हुने देखिन्छ । जसका लागि देखेसुनेका र महसुस गरेका कुरा लेख्न लगाउने, लेखेको कुरा छलफल गरी लगातार अभ्यास गराउनाले लेखाइ सीप विकास हुने त्यसैगरी पाठ्य कथाबाट श्रुति लेखन बुँदा टिपोट, अनुलेखन, भावविस्तार , प्रश्नोत्तर लेखन जस्ता कार्यकलाप पनि गर्न सकिने पाइयो ।

८) कथा शिक्षणको क्रममा कथाकथन, शुद्धोच्चारण, शब्दार्थ शिक्षण, वाक्यमा प्रयोग, सारांश कथन, वस्तु तथा चित्र वर्णन, सस्वर एवम् मौन पठन, घटनाक्रम मिलाउने, श्रुतिलेखन, व्याख्या वा भावविस्तार कथा लेखन अभ्यास, सामूहिक छलफल, उखान टुक्काको प्रयोग, कक्षा कार्य, गृहकार्य, भाषातत्त्व र व्याकरण अभ्यास जस्ता कार्यकलाप प्रमुख रहेको पाइयो । प्रमुख कार्यकलाप बाहेक अन्य सहकार्यकलाप पनि गराउन सकिने देखियो ।

९) कथा शिक्षणको खास प्रयोजन भाषिक सीपहरूको शिक्षण गर्नु हो । अधिकांश शिक्षकहरूको प्रतिक्रिया भाषिक सीप सिकाउने नै रहे पनि प्रभावकारी रूपमा भाषिक सीपसँग सम्बन्धित कार्यकलाप तथा अभ्यास नगराएको पाइयो । केही शिक्षकहरूले कथा लेखन क्षमता विकास गराउने र साहित्यिक आस्वादन गराउने उद्देश्य रहेको पनि प्रतिक्रिया पाइयो ।

१०) कथा शिक्षण गर्नु पूर्व केही शिक्षकहरूले पाठ्यक्रम अध्ययन गरे पनि अधिकांश शिक्षकहरूले पाठ्यक्रम जस्तो महत्त्वपूर्ण सामग्रीलई वेवास्ता गरेको पाइयो ।

११) कथा शिक्षण गर्नुपूर्व लिखित रूपमा कुनै पनि शिक्षकले पाठयोजना बनाएको पाइएन ।

१२) भाषा शिक्षकहरूले दिने सैद्धान्तिक उत्तर र व्यावहारिक कार्यकलाप बीचमा अन्तर रहेको पाइयो । शिक्षकको व्यावहारिक पक्ष अवलोकन गर्दा सैद्धान्तिक भन्दा व्यावहारिक पक्ष कमजोर देखिन्छ ।

१३) कथा शिक्षणको शुरुवात केही शिक्षकहरूले आदर्श वाचन गरी सोझै विषयवस्तुमा प्रवेश गरेको पाइयो । जसबाट विद्यार्थी पढाइ तिर ध्यान नजाने, निदाउने गरेको पाइयो ।

१४)	कथा शिक्षणको क्रममा आदर्शवाचन, शुद्धोच्चारण, शब्दार्थ शिक्षण वाक्यमा प्रयोग, पठन, प्रश्नोत्तर कार्यकलाप प्राय सबै शिक्षकहरूले गराएको पाइयो भने कथाकथन, घटनाक्रम मिलाउने व्याख्या वा भाव विस्तार, वस्तु तथा चित्रवर्णन उखान टुक्काको प्रयोग गर्ने कार्यकलाप कमजोर रहेको पाइयो ।

१५)	कथा शिक्षणको क्रममा शैक्षिक सामग्रीको प्रयोग गर्ने प्रवृत्ति अति न्यून रहेको पाइयो । शैक्षिक सामग्री निर्माण र प्रयोग गर्न शिक्षकले झन्झट मानेको र कतिपय विद्यालयहरूमा श्रव्य दृष्य सामग्री उपलब्ध भए पनि यस प्रति वेवास्ता गरेको पाइयो ।

१६)	कथा शिक्षणको क्रममा कथा लेखन अभ्यास केही शिक्षहरूले गराए पनि अधिकांश शिक्षकले नगराएको पाइयो ।

१७)	भाषातत्त्व र व्याकरण सरल जटिलको क्रममा आगमनात्मक तरिकाले व्याकरण सुझको विकास गरी सामान्य नियम निर्माण र पालन गर्न सक्ने अभिप्रायले यसको प्रयोग र अभ्यास गरेको पाइएन । व्याकरणलाई कार्यमूलक तरिकाले शिक्षण गर्ने प्रवृत्ति न्यून रहेको देखिन्छ ।

१८)	गृहकार्य सम्बन्धमा केही शिक्षकहरूले कथा शिक्षणको अन्त्यमा दिने र त्यसको जाँच गर्ने गरेको पाइयो । तर अधिकांश शिक्षकहरूले यस प्रति वेवास्ता गरेको पाइयो गृहकार्य दिए पनि त्यसको जाँच नगर्ने प्रवृत्ति रहेको पाइयो ।

१९)	कथा शिक्षणको क्रममा सामूहिक रूपमा छलफल गराएको खासै भटिएन । शिक्षकहरूले व्याख्या गरिदिने व्यक्तिगत रूपमा प्रश्न गर्ने शिक्षकले व्याख्या गरेको भरमा उत्तर भन्न विद्यार्थी अल्मलिएको पाइयो भने केही जान्ने विद्यार्थी मात्र सक्रिय रहेका देखियो ।

२०)	विद्यार्थी विविधता अनुसार शिक्षण कार्यकलाप शैक्षिक सामग्री र मूल्याङ्कनमा विविधता ल्याएको पाइएन । सबै खाले विद्यार्थीहरूलाई एकै प्रकारको गृहकार्य दिएको पाइयो । कक्षा कार्य प्रभावकारी रूपमा गराएको पाइएन ।

२१)	कथा शिक्षणका प्रमुख कार्यकलाप बाहेक अन्य सहकार्य कलाप खासै गरेको पाइएन ।

२२) निरन्तर विद्यार्थी मूल्याङ्कनलाई महत्त्व नदिएको पाइयो । कथा शिक्षण गर्दा विद्यार्थी सहभागिता, कक्षाकार्य, गृहकार्य परियोजना कार्य, कार्यसञ्चयिका जस्ता पक्षलाई ध्यान दिएको पाइएन ।

२३) भाषा शिक्षकहरू सैद्धान्तिक रूपमा विज्ञ भए पनि व्यावहारिक रूपमा अल्पज्ञ रहेको पाइयो । दक्ष तालिम प्राप्त शिक्षकले पनि ती सीप कक्षामा प्रयोग नगर्ने केही शिक्षकहरूको प्रवृत्ति रहेको पाइयो ।

२४) कथा विधालाई सजिलो विधा मानिएको र यसलाई जसले पनि शिक्षण गर्न सक्छ भन्ने सोचाइ अधिकांश शिक्षक तथा अभिभावकको रहेकोले तालिम अप्राप्त र योग्यता नपुगेको शिक्षकले पनि कथा शिक्षण गरेको पाइयो । यसबाट कथा शिक्षण कार्यकलाप प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको र भाषिक सीप विकासमा विद्यार्थीहरू कमजोर रहेको पाइयो ।

कथा शिक्षणको क्रममा देखिएका यी कमजोरहिरूलाई हटाइ, शिक्षकको सैद्धान्तिक, पक्षलाई व्यावहारिक रूपमा प्रयोग गरेर आवश्यकताअनुसारका शिक्षण विधि र कार्यकलापहरू प्रयोग गर्न सके अन्य विधाको तुलनामा कथा विधा भाषिक सीप विकासका लागि अभ्यास गराउन उपयोगी विधा मानिन्छ ।

## ८.३ सुझावहरू

कक्षा सातमा कथा विधा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन पश्चात प्राप्त निष्कर्षको आधारमा निम्न लिखित सुझावहरू प्रस्तुत गरिएको छ ।

१) कथा शिक्षण गर्नुपूर्व पाठ्यक्रमको गहन अध्ययन गर्नुपर्ने

२) कक्षाकोठामा कथा शिक्षण जानु पूर्व लिखित रूपमा पाठयोजना निर्माण गर्नुपर्ने

३) कथा शिक्षणको शुरुवात गर्दा पूर्वपाठको स्मरण गराउँदै वा कथाको कुनै आकर्षण पक्ष बताउँदै अथवा विषय सँग सम्बन्धित रोचक उखान, टुक्का/चुड्किला बताउँदै गर्न सकिन्छ ।

४) कथा शिक्षण गर्दा आवश्यकताअनुसारका सबै कार्यकलाप प्रयोग गर्नुपर्ने । जसले भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) चार वटै सीपको विकास हन सकोस ।

५)  कथा शिक्षणको प्रयोजन भाषिक सीपको विकास गराउनु भएकोले कथा शिक्षणको प्रयोजन भन्दा बाहिर रहेर कथा शिक्षण गर्न नहुने ।

६)  कथा शिक्षण गर्दा शिक्षक सँधै प्रसन्न मुद्रामा उपस्थिति हुनु पर्ने, विद्यार्थीहरूलाई मित्रवत व्यवहार गर्न सके विद्यार्थीहरू खुल्ला र सहज वातावरणमा अध्ययन गर्न सक्छन् ।

७)  शिक्षणलाई प्रभावकारी रोचक र दिगो बनाउन प्रशस्त शैक्षिक सामग्रीको प्रयोग गर्नु पर्ने,

८)  समयको परिवर्तन सँगै शिक्षण विधि तथा प्राविधिमा भएको परिवर्तनहरूको बारेमा शिक्षक सधैं अध्यावधिक भइराख्नु पर्ने देखिन्छ ।

९)  विद्यालयमा उपलब्ध भएका श्रव्य दृष्य सामग्रीको प्रयोग गर्न सक्ने सीप शिक्षकमा हुन आवश्यक छ ।

१०)  लेखाइ सीपको अभ्यास सँगसँगै अन्य बोलाइ, सुनाइ, पढाइ सीपलाई पनि उत्तिकै ध्यान दिइ शिक्षण कार्यकलाप सञ्चालन गर्नुपर्ने ।

११)  विद्यार्थीहरूलाई बढी सक्रिय बनाउन विद्यार्थी केन्द्रित विधि तथा कार्यकलापहरू सञ्चालन गर्नुपर्ने

१२)  निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने,

१३)  विद्यार्थीहरूमा सिर्जनात्मक क्षमता विकास हुने खालका अभ्यासात्मक कार्यकलाप गराउनु पर्ने ।

१४)  सुनाइ सीप विकासका लागि रोचक कथा, चुट्किला, जीवनमा घटित रमाइला प्रसङ्गहरू सुन्नु/ सुनाउनु बढी उपयोगी हुन्छ ।

१५)  कथा विधालाई केन्द्र बनाई भाषातत्त्व तथा व्याकरण अभ्यास गराउनु पर्ने । पाठ्यकथाको अन्त्यमा दिएका नमुना अभ्यासको आधारमा अन्य नमुना निर्माण गरी प्रशस्त अभ्यास गराउन आवश्यक छ । साथै व्याकरणलाई कार्यमूलक तरिकाले अभ्यास गराउनु पर्ने ।

१६)  कथा शिक्षणको अन्त्य अनिवार्य गृहकार्य दिनुपर्ने र विद्यार्थीहरूले गरे नगरेको जाँच गरी पृष्ठपोषण दिनु पर्ने

१७)	सम्बन्धित समस्या वा प्रश्न दिएर विद्यार्थीहरूलाई सामुहिक रूपमा छलफल गर्न लगाउनुपर्ने

२१)	विद्यार्थी विविधताका आधारमा विधि तथा कार्यकलाप, शैक्षिक सामग्री, मूल्याङ्कन प्रक्रियामा विविधता ल्याउनु पर्ने, गृहकार्य पनि विद्यार्थीको स्तर, रुचि क्षमता र आवश्यकताको आधारमा दिन सकिन्छ ।

२२)	कथा शिक्षणका प्रमुख कार्यकलाप बाहेकका सहकार्यकलापहरू सबै शिक्षकहरूले गर्नु आवश्यक छ ।

२३)	कथा शिक्षणको क्रममा, समय व्यवस्थापन, कक्षा व्यवस्थापनलाई पनि ख्याल गर्नु आवश्यक छ ।

समग्रमा कथा शिक्षण गर्दा शिक्षकहरूको सैद्धान्तिक ज्ञानलाई व्यहारिक रूपमा प्रयोग गरी आवश्यकताअनुसारका कथा शिक्षणका सबै कार्यकलाप सञ्चालन गर्न सके शिक्षण प्रभावकारी हुने र कथा शिक्षणको उद्देश्य पूरा हुने देखिन्छ ।

## ८.४ उपयोगिता

“कक्षा सातमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन” शीर्षकमा तयार गरिएको शोधपत्र पाँचथर जिल्लाका दश वटा सामुदायिक विद्यालयलाई नमुनाको रूपमा छनोट गरी अध्ययन गरिएको छ । यी दशवटा सामुदायिक विद्यालयलाई आधार बनाए पनि समग्रमा कक्षा सातमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापको आधारमा प्रस्तुत अध्ययनको उपयोगिता निम्नानुसार रहेका छन् ।

१)	प्रस्तुत अध्ययनले नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूले अपनाउँदै आएका कार्यकलापहरूमा आवश्यक सुधार ल्याउन र शिक्षण कार्यलाई प्रभावकारी बनाउन सहयोग पुग्ने छ ।

२)	शिक्षकहरूमा पाठ्यक्रम अध्ययन गर्ने, पाठयोजना निर्माण गर्न प्रेरित गर्ने छ ।

३)	कक्षा सातमा वर्तमानमा कथा शिक्षण कसरी भइरहेको छ थाहा पाउन सकिने छ ।

४)	यस अध्ययनले कथा शिक्षण गर्दा उपयुक्त पाठ्यवस्तु छनोट गरी कार्यकलापहरू गर्न/गराउन सहयोग गर्ने छ ।

५)	कथा शिक्षणको क्रममा शैक्षिक सामग्रीको प्रयोग गर्न प्रोत्साहन गर्नेछ ।

६)	व्याकरण तथा भाषातत्त्व शिक्षणका लागि अभ्यासात्मक कार्यकलाप, सञ्चालन गर्न थप सहयोग मिल्नेछ ।

७)	मूल्याङ्कन कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहयोग मिल्ने छ ।

८)	कथा शिक्षणको प्रयोजनअनुरूप शिक्षण कार्यकलाप सञ्चालन गर्न सहयोग गर्ने छ ।

१०)	भाषा शिक्षणका लागि प्रयोग गरिने अन्य साहित्यिक विधाहरूको शिक्षण गर्दा अपनाइने कार्यकलापको अध्ययन विश्लेषण गर्न सहयोग पुऱ्याउने छ ।

११)	यस अध्ययन ग्रामिण भेगका विद्यालयहरूमा गरिएकोले ग्रामिण भेगका समग्र विद्यालयको प्रतिनिधित्व गर्ने छ । आवश्यक परेको खण्डमा अध्ययन सबै क्षेत्रका लागि उपयोगी हुनेछ ।

१२)	यस्तै प्रकारका अन्य अनुसन्धान र विज्ञका लागि समेत प्रस्तुत अध्ययन अत्यन्त उपयोगी हुनेछ ।

१३)	सैद्धान्तिक रूपमा एकथरी कुरा गर्ने तर व्यावहारिक रूपमा लागू नगर्ने शिक्षकहरूलाई आफ्नो शिक्षण सिकाई कार्यकलापका लागि इमान्दार बन्न सहयोग पुग्ने छ ।

## ८.५ भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू

भावी अनुसन्धान कार्यका लागि निम्न लिखित शीर्षकहरू छनोट गरी लिन सकिन्छ :

१)	कक्षा ८ मा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन

२)	कथा शिक्षणका कार्यकलापहरूको सैद्धान्तिक अध्ययन

३)	माध्यमिक तहमा कथा शिक्षण गर्दा अपनाइने विधि तथा कार्यकलापहरूको अध्ययन

४)	आधारभूत तह र माध्यमिक तहमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको तुलनातमक अध्ययन

५)	कक्षा सातमा निबन्ध शिक्षण गर्दा अपनाइने कार्यकलाहरूको अध्ययन

६)	कथा शिक्षणका कार्यकलापहरूको प्रयोगावस्थाको क्षेत्रफल अध्ययन

७)	आधारभूत तहमा व्याकरण शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन

## सन्दर्भ सामग्री सूची


अधिकारी, राजुप्रसाद (२०६८), 'कक्षा १० मा कथा विधा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

अधिकारी, हेमाङ्गराज (२०६७), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०६६), *प्रारम्भिक नेपाली शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

आधारभूत भाषा पाठ्यक्रम (२०७१), पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

इटानी, रुक्मिला (२०६५), 'कक्षा १० मा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गिरी, कृष्णचन्द्र (२०६८), 'प्युठान जिल्लाका कक्षा नौमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६६), *नेपाली भाषा शिक्षण परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६३), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : एम.के. पब्लिसर्स ।

थापा, नकलबहादुर (२०७४), 'माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको तुलनात्मक अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

न्यौपाने, छायादत्त (२०७०), *भाषा सिकाइ, सीप र सिर्जना,* काठमाडौँ : स्वदेश प्रकाशन प्रा.लि. ।

पोखरेल, प्रमोद (२०६९), 'दोलखा जिल्लाका कक्षा नौमा कथा शिक्षण गर्दा अपनाइएका कार्यकलापहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, नेत्रप्रसाद (२०६८), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : पैरवी प्रकाशन प्रा.लि. ।

पौडेल, माधवप्रसाद (२०७४), *भाषिक विधा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

पौडेल, माधवप्रसाद र शर्मा, केदारप्रसाद (२०७३), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, राजु (२०६७), 'बाग्लुङ जिल्लाका कक्षा दशमा कथा विधा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

मुडभरी, लक्ष्मीकुमारी (२०६८), 'कक्षा छ को कथा शिक्षण गर्दा अपनाइएका कार्यकलापहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सुवेदी, लालानाथ र भट्टराई, बद्रीविशाल (२०७१), *नेपाली कक्षा ७,* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

परिशिष्ट 'क'

अध्ययनका लागि छनोट गरिएका विद्यालय र शिक्षकहरूको नामावली

| क.सं. | विद्यालयको नाम | शिक्षकको नाम | योग्यता |
|---|---|---|---|
| १. | श्री सिद्धेश्वरी मा.वि., हिलिहाङ-७, पाँचथर | गोपाल मिश्र | एम.एड. |
| २. | श्री पाजेन्द्रकाली आ.वि., हिलिहाङ-७, पाँचथर | विष्णुमाया सुवेदी | एम.एड. |
| ३. | श्री ओराङफुङ मा.वि., हिलिहाङ-५, पाँचथर | होमनाथ तिम्सिना | वि.एड. |
| ४. | सुखबोध मा.वि., फिदिम, पाँचथर | इन्द्रमणि तिम्सिना | एम.ए./वि.एड. |
| ५. | श्री फिदिम मा.वि., फिदिम १, पाँचथर | वन्दना आचार्य | एम.एड. |
| ६. | गढी मा.वि., फिदिम -४, पाँचथर | राजकुमार योक्पाङ्देन | बि.एड. |
| ७. | श्री निलगिरी मा.वि., हिलिहाङ-५, पाँचथर | गोपिचन्द्र ओली | वि.ए., आइ.एड. |
| ८. | श्री सिरिजङ्गा मा.वि., हिलिहाङ-३, गोपेटार | हेमलाल खनाल | एम.एड. |
| ९. | श्री जयभवानी आ.वि., हिलिहाङ-७, सल्लेरी | तेजप्रसाद रिजाल | आइ.एड. |
| १०. | श्री जोरपोखरी मा.वि, हिलिहाङ-६, भारपा | मीरा काफ्ले | एम.एड. |

# व्यक्तिवृत्त



नाम : रोदन सुहाङ

ठेगाना : सुभाङ-८, पाँचथर, नेपाल

बुवाको नाम : तेजबहादुर सुहाङ

आमाको नाम : फूलमाया सुहाङ

नागरिक : नेपाली

लिङ्ग : महिला

तह : स्नातकोत्तर तह (एम.एड.)

सम्पर्क नं. : ९८४२७५२१३३

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | श्री पशुपति संस्कृत मा.वि., झापा | २०६५ | द्वितीय |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | श्री श्रीजङ्गा उ.मा.वि., पाँचथर | २०६८ | द्वितीय |
| स्नातक तह (बी.एड.) | पाँचथर बहुमुखी क्याम्पस | २०७१ | द्वितीय |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर | २०७५ | |